
असोज – १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

| वर्ष २६, अङ्क ११ | २०७४, असोज १–१५ | पूर्णाङ्क ६०५ |
|---|---|---|



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२५०७४२, ४२६२३९७, ४२६२३९८, ४२६२८०१, ४२५८१२२ Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२६२८७८, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, Web: **www.supremecourt.gov.np**

## सम्पादन तथा प्रकाशन समिति

| | |
|---|---|
| माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की, सर्वोच्च अदालत | - अध्यक्ष |
| मुख्य रजिस्ट्रार श्री नहकुल सुवेदी | - सदस्य |
| नायब महान्यायाधिवक्ता श्री किरण पौडेल, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय | - सदस्य |
| कायम मुकायम रजिस्ट्रार श्री महेन्द्रनाथ उपाध्याय | - सदस्य |
| अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन | - सदस्य |
| अधिवक्ता श्री शैलेन्द्रकुमार दाहाल, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन | - सदस्य |
| प्रा.डा.ताराप्रसाद सापकोटा, डिन, त्रिभूवन विश्वविद्यालय, कानून संकाय | - सदस्य |
| सहरजिस्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत | - सदस्य सचिव |

**सम्पादक :** श्री रामप्रसाद बस्याल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री निलकण्ठ बराल
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री विनोदकुमार यादव
ना.सु. श्री पुष्पराज शर्मा
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.क. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री विजय खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** सहप्रा. श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| संयुक्त इजलास | १६ |
| इजलास नं. १ | २ |
| इजलास नं. २ | ३ |
| इजलास नं. ३ | १६ |
| इजलास नं. ४ | ३ |
| इजलास नं. ५ | ३ |
| इजलास नं. ६ | १४ |
| इजलास नं. ७ | ४ |
| इजलास नं. ८ | ५ |
| इजलास नं. ९ | ४ |
| जम्मा | ७० |

| | |
|---|---|
| इजलास नं. १० | ११ |
| इजलास नं. ११ | १ |
| इजलास नं. १२ | ४ |
| इजलास नं. १३ | १ |
| इजलास नं. १४ | ३ |
| इजलास नं. १५ | २ |
| इजलास नं. १६ | ३ |
| इजलास नं. १८ | १ |
| एकल इजलास | १ |
| जम्मा | २८ |

**कूल जम्मा ७० + २८ = ९८**

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

### वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

पाइने ठाउँ

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, नेबाए भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७४, असोज – १, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०–०१–३३३–५५**

वा

**इमेल ठेगाना**

**cjs@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ।

**मूल्य रू.१५।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

## विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ - १०** |
| १. | कर्तव्य ज्यान | नेपाल सरकार वि. लोबबहादुर थाम्सुहाङसमेत | |
| २. | उत्प्रेषण / परमादेश | सिर्जना स्वाँर (सिंह) वि. विजनेश युनिभर्सल डेभलपमेन्ट बैंक लिमिटेडसमेत | |
| ३. | सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गरी भ्रष्टाचार गरेको | रामनाथ मिश्र वि. नेपाल सरकार | |
| ४. | उत्प्रेषण / परमादेश | सुशीला दाहाल मास्के वि. उद्धवबहादुर खत्रीसमेत | |
| ५. | हालैको बकसपत्र लिखत दर्ता बदर नामसारी | श्रीमती पृजा थारू वि. कौशिला थारूसमेत | |
| ६. | उत्प्रेषण / परमादेश | उदयबहादुर दाहालसमेत वि. निगाले सिमेन्ट प्रा.लि.समेत | |
| ७. | उत्प्रेषण / परमादेश | वसन्तबहादुर श्रेष्ठ वि. जिल्ला प्रहरी कार्यालय, मोरङसमेत | |
| ८. | उत्प्रेषण / परमादेश | दुर्गा तामाङ वि. झापा जिल्ला अदालतसमेत | |
| ९. | उत्प्रेषण / परमादेश | रोसन सुवेदी वि. महानगरीय प्रहरी परिसर जावलाखेल ललितपुरसमेत | |
| १०. | उत्प्रेषण / परमादेश | उत्सव कोइराला वि. नेपाल विद्युत् प्राधिकरण, प्रधान कार्यालयसमेत | |
| ११. | उत्प्रेषण | टेकरानी लकसम वि. पूर्वाञ्चल डिभीजन सडक कार्यालय नं. १, इलामसमेत | |
| १२. | निषेधाज्ञा | भिखारी चौधरी वि. घरेलु तथा साना उद्योग कार्यालय, सर्लाही | |
| **इजलास नं. १** | | | **१० - ११** |
| १३. | अंश | खिममाया जोजीजु वि. यज्ञप्रसाद जोजीजुसमेत | |
| १४. | खिचोला छोडाई भखारी हटाई घर खाली चलन | रामनाथ राउत अहिर वि. रामछत्री राउत अहिर | |
| **इजलास नं. २** | | | **११ - १४** |
| १५. | बन्दी प्रत्यक्षीकरण | महेश्वरबहादुर खत्री वि. भक्तपुर जिल्ला अदालत तहसिल शाखासमेत | |
| १६. | निषेधाज्ञा | राज नन्दन मण्डल वि. रविन्द्र वनग्वार | |
| १७. | कर्तव्य ज्यान | सुमन भुजेल वि. नेपाल सरकार | |
| **इजलास नं. ३** | | | **१४ - २५** |
| १८. | कर्तव्य ज्यान | हिरादेवी सिंह वि. नेपाल सरकार | |
| १९. | कर्तव्य ज्यान | छटेलाल राउत कुर्मी वि. नेपाल सरकार | |

| | | |
|---|---|---|
| २०. | हातहतियार खरखजाना | सहदेव मण्डल वि. नेपाल सरकार |
| २१. | अंश चलन | श्याम महर्जन वि. राम महर्जन |
| २२. | जबरजस्ती करणी | नेपाल सरकार वि. रामबहादुर नेपाली |
| २३. | कर्तव्य ज्यान | प्रकाश फुयाल वि. नेपाल सरकार |
| २४. | कर्तव्य ज्यान | प्रदेश चौधरी वि. नेपाल सरकार |
| २५. | कर्तव्य ज्यान | माइला भन्ने सन्तोष तामाङसमेत वि. नेपाल सरकार |
| २६. | कर्तव्य ज्यान र ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. पुजन के.सी.समेत |
| २७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. कौशिल्या खवाससमेत |
| २८. | कर्तव्य ज्यान | अरविन्दकुमार झा वि. नेपाल सरकार |
| २९. | फैसला लिलाम बदर हक कायम | सुरेश राय यादव वि. कोशिला देवी |
| ३०. | ज्यान मार्ने उद्योग र जबरजस्ती चोरी | नेपाल सरकार वि. सुशिल चापागाई |
| ३१. | नागरिकता प्रमाण पत्र | मियाँ कवारी वि. नेपाल सरकार |

| | | |
|---|---|---|
| ३२. | उत्प्रेषण / परमादेश | एलिशा वि.सि. समेत वि. दाङ देउखुरी जिल्ला अदालत, दाङसमेत |
| **इजलास नं. ४** | | **२५ - २७** |
| ३३. | निषेधाज्ञा | सुनीता कार्की वि. जिल्ला प्रशासन कार्यालय, बबरमहलसमेत |
| ३४. | उत्प्रेषण / परमादेश | टंक विश्वकर्मा वि. झापा जिल्ला अदालत झापासमेत |
| ३५. | कर्तव्य ज्यान | पेम्बा छिरी शेर्पा वि. नेपाल सरकार |
| **इजलास नं. ५** | | **२७ - २८** |
| ३६. | उत्प्रेषण | साबित्रीदेवी अधिकारी वि. पुनरावेदन अदालत, बागलुङसमेत |
| ३७. | फैसला बदर | तपेस्वर थारू वि. डोमा दास थारूसमेत |
| **इजलास नं. ६** | | **२८ - ३५** |
| ३८. | निषेधाज्ञा / परमादेश | रूद्रप्रसाद पोखरेलसमेत वि. पुजनकुमारी दाहाल (पौडेल) |
| ३९. | निषेधाज्ञा | दशन मण्डल खंगसमेत वि. सतीशकुमार खंग |
| ४०. | क्षतिपूर्ति दिलाई पाउँ | तुलसी शर्मा पौडेल वि. रामचन्द्र रेग्मीसमेत |
| ४१. | निषेधाज्ञा / परमादेश | किशोर दास यादव वि. राम नारायण यादव |
| ४२. | निषेधाज्ञा | श्रीमती रंजिताकुमारी यादव (साह) वि. जिल्ला प्रहरी कार्यालय, महोत्तरीसमेत |

| | | |
|---|---|---|
| ४३. | परमादेश | रामजी साह वि. जिल्ला प्रहरी कार्यालय, महोत्तरीसमेत |
| ४४. | निषेधाज्ञा | नन्दुप्रसाद साह कानु वि. जिल्ला प्रहरी कार्यालय, वीरगन्जसमेत |
| ४५. | परमादेश | दुर्गाबहादुर दाहाल वि. मालपोत कार्यालय, संखुवासभा, चैनपुर |
| ४६. | निषेधाज्ञा / परमादेश | कविराज ढकाल वि. रूद्रपुर गाउँ विकास समिति, रूपन्देहीसमेत |
| ४७. | निषेधाज्ञा | महाराजदीन कुर्मी वि. जिल्ला प्रशासन कार्यालय, बाँकेसमेत |
| ४८. | निषेधाज्ञा | परमेश्वर मुखियासमेत वि. रतनीदेवी मुखिया |
| ४९. | सवारी ज्यान | नेपाल सरकार वि. सन्दिप धिमाल |
| | **इजलास नं. ७** | **३५ - ३८** |
| ५०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. पुरूषोत्तम वि.क. |
| ५१. | कर्तव्य ज्यान | प्रेमबहादुर गुरूङ वि. नेपाल सरकार |
| ५२. | आगलागी | नेपाल सरकार वि. टीकाराम वि.क. |
| ५३. | आगोलागी | नेपाल सरकार वि. शंकर पुनसमेत |
| | **इजलास नं. ८** | **३८ - ४२** |
| ५४. | उत्प्रेषण / परमादेश | तोयानाथ भट्टराई वि. विमलकुमार केडिया |
| ५५. | कर्तव्य ज्यान | नेपाल सरकार वि. सुनिल वि.क.समेत |
| ५६. | कर्तव्य ज्यान | सन्तोष श्रेष्ठ वि. नेपाल सरकार |
| ५७. | उत्प्रेषण / परमादेश | हरेराम साह (सूडी) समेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथसमेत |
| | **इजलास नं. ९** | **४२ - ४४** |
| ५८. | उत्प्रेषण / परमादेश | केसवराज रानासमेत वि. जिल्ला प्रशासन कार्यालय, रूपन्देहीसमेत |
| ५९. | जबरजस्ती करणी, ज्यान मार्ने उद्योग | आयरन पासीसमेत वि. नेपाल सरकार |
| ६०. | कर्तव्य ज्यान | नेपाल सरकार वि. यादव गुरूङ |
| ६१. | खुन डाँका | संजय चौधरीसमेत वि. नेपाल सरकार |
| | **इजलास नं. १०** | **४४ - ५१** |
| ६२. | अंश चलन | दीपकराजा गोर्खाली श्रेष्ठ वि. अमीना गोर्खालीसमेत |
| ६३. | मानाचामल | दीपकराजा गोर्खाली श्रेष्ठ वि. अमीना गोर्खाली श्रेष्ठसमेत |
| ६४. | हालैको बकसपत्र लिखत बदरसमेत | दीपकराजा गोर्खाली श्रेष्ठ वि. अमीना गोर्खाली श्रेष्ठसमेत |

| | | | |
|---|---|---|---|
| ६५. | उत्प्रेषण / परमादेश | कुमार प्रधानाङ्ग वि. दीपकराजा गोर्खाली श्रेष्ठसमेत | |
| ६६. | दुषित दृष्टिबन्धक लिखत बदर | अमीना गोर्खालीसमेत वि. श्यामादेवी गोर्खाली श्रेष्ठसमेत | |
| ६७. | कर्तव्य ज्यान | नेपाल सरकार वि. प्रेमबहादुर चौधरी | |
| ६८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. ओजेन्द्रबहादुर खापुङ्ग | |
| **इजलास नं. ११** | | | **५१ - ५२** |
| ६९. | उत्प्रेषण | देवमाया देशार वि. ताराबहादुर कार्कीसमेत | |
| **इजलास नं. १२** | | | **५२ - ५३** |
| ७०. | लेनदेन | अच्छेलाल प्रसाद यादव वि. रामभजन राय यादव | |
| ७१. | कर्तव्य ज्यान | नेपाल सरकार वि. कृष्णबहादुर चेपाङ | |
| ७२. | जग्गा खिचोला मेटाई घर खाली गराई चलन चलाई पाऊँ | हरिनारायण शर्मा बरही वि. नन्दी यादवसमेत | |
| **इजलास नं. १३** | | | **५३ - ५४** |
| ७३. | दूषित दर्ता बदर हक कायम | लोकेन्द्रबहादुर चन्दसमेत वि. लक्ष्मी देवी नाथ | |
| **इजलास नं. १४** | | | **५४ - ५५** |
| ७४. | जालसाजी | अंगुरबाबा पन्तसमेत वि. कान्छी भन्ने सानु तण्डुकारसमेत | |
| **इजलास नं. १५** | | | **५५ - ५६** |
| ७५. | उत्प्रेषण | लिलाबहादुर कार्की वि. जिल्ला प्रशासन कार्यालय, दोलखासमेत | |
| ७६. | कर्तव्य ज्यान | बसन्त श्रेष्ठ वि. नेपाल सरकार | |
| **इजलास नं. १६** | | | **५७ - ५८** |
| ७७. | उत्प्रेषण | शिला मैनाली वि. त्रिभुवन विश्वविद्यालय, किर्तिपुरसमेत | |
| ७८. | कर्तव्य ज्यान र जबरजस्ती करणी | नेपाल सरकार वि. सन्तोष भन्ने टंक आचार्य | |
| **इजलास नं. १८** | | | **५८ - ५९** |
| ७९. | मानव बेचबिखन तथा ओसारपसार | अमृतादेवी बुढा वि. नेपाल सरकार | |
| **एकल इजलास** | | | **५९ - ६०** |
| ८०. | उत्प्रेषण / परमादेश | महबुब शेष वि. मोहम्मद अहमद शेषसमेत | |

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०७०-CR-१५७१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. लोकबहादुर थाम्सुहाङसमेत*

मिसिल संलग्न तथ्यगत अवस्थाको पृष्ठभूमिमा हेर्दा मृतकको मृत्यु यी प्रतिवादीहरूको कर्तव्यबाट भएको भन्न सकिने अवस्था छैन। वस्तुतः मृतकको शरीरमा कुनै घाउ चोट रहेको नपाइनु, मृतक आफ्नै कोठाको झ्यालढोका भित्रबाट चुकुल लगाएको अवस्थामा पङ्खाको हुकमा झुण्डिएको अवस्थामा फेला पर्नु र शवपरीक्षण गर्ने चिकित्सकले शवपरीक्षण प्रतिवेदनमा मृत्युको कारण Hanging भन्ने उल्लेख गरी निज चिकित्सकले अदालतमा बकपत्र गर्दा मृतकको मृत्युअघि नै पासो लगाई मृत्युपछि शरीर तन्किएर खुट्टाले भुइँ छोएको हुनसक्ने भन्ने व्यहोरा उल्लेख गरेको देखिएकोले प्रस्तुत वारदातलाई कर्तव्य ज्यानको वारदात भन्न मिल्ने देखिँदैन । त्यसका अतिरिक्त मृतक र प्रतिवादीमध्येका लोकबहादुरबीच मामा भान्जाको नाता भई मृतक अध्ययनरत विद्यालयको यी प्रतिवादी निर्देशक एवम् अन्य प्रतिवादीहरू सोही विद्यालयकी शिक्षिका रहेको देखिएकोमा मृतकलाई यी प्रतिवादीहरूले मार्नुपर्ने तथ्ययुक्त कुनै कारण रहेको भन्ने देखिएको छैन। प्रतिवादीहरूले मृतकलाई मार्नुपर्नेसम्मको त्यस्ता कुन वस्तुनिष्ट कारण रहेको वादीले देखाउन सकेको नपाइने।

प्रतिवादीले मौकामा र अदालतको बयानमा समेत घटनाको सबिस्तार उल्लेख गरी मृतक बन्दकोठामा झुण्डिएको अवस्थामा फेला परेको र आफूहरू मृतकलाई मार्नुपर्ने कुनै कारण नरहेको भनी उल्लेख गरेको पाइन्छ। सोही विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले मौकामा गरेको कागजमा मृतकले आफैँ आत्महत्या गरेका हुन् भनी उल्लेख गरी अदालतमा समेत सोही व्यहोराको बकपत्र गरी प्रतिवादीहरूको इन्कारी बयानलाई समर्थन गरेको देखिएको छ। प्रतिवादीहरूले मृतकलाई मारी झुण्डाएको भन्ने मिसिल संलग्न कुनै पनि कागजातबाट समर्थन नभएको यस अवस्थामा बिना कुनै वस्तुनिष्ठ आधार प्रतिवादीहरूलाई कर्तव्य ज्यानको वारदातको कसुरदार ठहर्‍याई सजाय गर्न मिल्ने नदेखिएकाले वादी नेपाल सरकारको पुनरावेदन जिकिर र मुद्दा दोहोर्‍याई हेर्न प्रदान गरीएको आदेशसँग सहमत हुन नसकिने।

उल्लिखित अवस्थामा प्रतिवादीको मृत्यु कर्तव्यबाट भएको भन्ने कुरा वस्तुनिष्ठ प्रमाणबाट पुष्टि भएको नदेखिएकाले प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने ठहर्‍याएको सुरू इलाम जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत इलामको मिति २०६८।८।११ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: विश्वनाथ भट्टराई

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७२ साल साल भदौ १४ गते रोज २ शुभम्।

२

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री बैद्यनाथ उपाध्याय,** ०७१-WO-१०४१, उत्प्रेषण / परमादेश, *सिर्जना स्वाँर (सिंह) वि. विजनेश युनिभर्सल डेभलपमेन्ट बैंक लिमिटेडसमेत*

आफूसँग कारोबार गरेको व्यक्तिलाई आवश्यक सहयोग र सुविधा दिई जुन प्रयोजनको लागि ऋण सुविधा दिएको हो त्यसको उद्देश्य हासिल गर्न एवम् त्यसबाट लाभ लिन सक्ने अवस्थामा पुर्‍याउन बैंकले सहयोग गर्नुपर्ने हुन्छ । ऋणी असफल बनेको अवसर पर्खी ऋणको भाखाभित्र ऋणीको धितो सरकार गरी लिनु स्वच्छ बैकिङ्ग अभ्यासअन्तर्गत पर्ने देखिँदैन । आफूले खाएको ऋण नतिर्ने वा

ऋणको दुरूपयोग गर्ने ऋणीको बेग्लै कुरा हो । ऋणी र बैंकबीचको सम्बन्ध प्रतिष्पर्धी नभई मित्रवत् र सहयोगी हुनुपर्छ । दुवैको संयुक्त प्रयासबाट आर्थिक कारोबारमा वृद्धि गरी उत्पादनशील गतिविधि वृद्धि गरीनुपर्छ । सानोतिनो असफलताको मौका छोपेर ऋणीलाई बेघरबार गर्ने दृष्टिकोण लिने हो भने बैंकलाई कानूनी अधिकारसहित राज्यले विशेष स्थान दिइएको कार्यको दुरूपयोग हुन जान्छ । त्यसैले यस्तो स्थिति आउन नदिन बैंकले वैध र उचित तरिकाले जिम्मेवारी पूर्वक आफ्नो दायित्व निर्वाह गर्नुपर्छ । सामान्य साहु आसामीको जस्तो सम्बन्ध बैंक र ऋणीबीचको हुन हुँदैन । यस अर्थमा कर्जा चुक्ताको म्याद बाँकी छँदै, कर्जा र साँवाको किस्ता बुझाउँदै गर्दाको अवस्थामा धितो नै लिलाम गर्नेसम्मको बैकको कार्य ज्यादतीपूर्ण देखिन्छ । यसबाट निवेदिकाको संविधान प्रदत्त साम्पत्तिक हकमाथि ठाडो हस्तक्षेप भएको देखिने ।

माथि उल्लिखित आधार कारणबाट विपक्षी विजनेश युनिभर्सल डेभलपमेन्ट बैंकबाट निवेदिकाले लिएको ऋणको सावाँ ब्याज बुझाउँदै गरेको, तिर्नुपर्ने बाँकी ऋण तिर्न बुझाउन मन्जुर रही सो अवधि बाँकी रहँदारहँदै निवेदिकाले धितो सुरक्षणमा राखेको घर जग्गा लिलामसम्बन्धमा गरेको मिति २०७२।१।६ को लिलाम मुचुल्का र सोहीअनुसार निवेदिकाको घरजग्गा लिलाम सकार गर्ने मिति २०७२।१।२८ को सञ्चालक समितिको निर्णय एवम् सो निर्णयबमोजिम मालपोत कार्यालय, कास्कीबाट भएको दाखेल खारेजसमेतका सम्पूर्ण काम कारबाही कानूनविपरीत देखिएकोले उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब निवेदिकाको नामको घरजग्गा यथावत् निवेदिकाको धितोको रूपमा कायम राख्नु भनी विपक्षीको नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत: सुरेशराज खनाल

इति संवत् २०७२ साल पुस १ गते रोज १ शुभम् ।

३

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६९-CR-०१६४, ०६८-CR-११५५, ०६८-CR-११४५, ०६८-CR-११५६, ०६८-CR-१२६४, ०६८-CR-१२८७ र ०६८-CR-१२८५, कार्यालयमा रहेका सरकारी कागजात सच्याई सार्वजनिक सम्पत्तिको हानि नोक्सानी गरी भ्रष्टाचार गरेको, *रामनाथ मिश्र वि. नेपाल सरकार, ब्रजभान यादवसमेत वि. नेपाल सरकार, बलमकुमार बस्नेत वि. नेपाल सरकार, ललित नारायण चौधरी वि. नेपाल सरकार, बिन्दु शाह वि. नेपाल सरकार, तारा लामा वि. नेपाल सरकार र नेपाल सरकार वि. बलमकुमार बस्नेतसमेत*

प्रतिवादी रामनाथ मिश्रले फिल्डबुकको प्रतिलिपि संलग्न गरी चावहिल वडा नं.३ अन्तर्गतको कि.नं.१७० समेतको जग्गा दर्ता गर्न मालपोत कार्यालयमा निवेदन दिएको कुरालाई स्वीकारै गरी बयान गरेको देखिनुका साथै २०४२ सालमा बनेको माइक्रोफिल्ममा देखिएको वास्तविक फिल्डबुकमा उल्लेख नै नभएको किसानको व्यहोराको महलमा समेत आफ्ना नाउँमा जग्गा दर्ता गर्न प्रमाण पुर्‍याउने उद्देश्यबाट व्यहोरा थपी थप्न लगाएको भन्ने देखिँदा निज प्रतिवादी रामनाथ मिश्रलाई विशेष अदालत काठमाडौंले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ बमोजिमको कसुर गरेको ठहर्‍याई निजलाई कैद महिना ३ (तिन) र जरिवाना रू.१०,०००।– (दश हजार) हुने ठहर्‍याएको फैसलालाई अन्यथा परिवर्तन गर्नुपर्ने नदेखिने ।

विवादित कित्ता जग्गाहरूको फिल्डबुकको २०४२ सालमा लिइएको माइक्रोफिल्ममा नसच्चिएको अवस्थामा रहेकोमा मिति ०६४।१२।२४, मिति ०६५।३।२७, मिति ०६५।५।६ र मिति ०६६।९।२१ मा गरिएको प्रमाणित फिल्डबुकको किसान जग्गाधनी र विरह महलमा समेत व्यहोरा थपिएको अवस्थामा

यी प्रतिवादीहरू बलमकुमार बस्नेत, ब्रजभान यादव, ललितनारायण चौधरी, बिन्दु शाह र तारा लामाले उतार र प्रमाणित गरी दिएको र कार्यालय प्रमुखबाट प्रमाणितसमेत गराएको देखिन नआई सरकारी जग्गा दर्ता गराउन खोज्ने प्रतिवादी रामनाथ मिश्रसमेतको मिलेमतोमा पछि व्यहोरा थपिएको फिल्डबुक उतार गर्ने रूजु गर्ने तथा प्रमाणित गर्नेसमेतको कार्य गरी जग्गा दर्ता गर्न प्रमाण तयार गर्ने गराउने प्रतिवादी रामनाथ मिश्रसमेतलाई सहयोग पुर्‍याएको देखिएको भनी प्रतिवादी बलमकुमार बस्नेत–१, प्रतिवादी ब्रजभान यादव–१, प्रतिवादी ललितनारायण चौधरी–१, प्रतिवादी विन्दु शाह–१, प्रतिवादी तारा लामा–१ समेतलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम मुख्य कसुरदारलाई भएको सजायको आधा जनही सजाय अर्थात् कैद १ महिना १५ दिन र जरिवाना रू.५,०००।– (पाँच हजार) हुने ठहर्‍याएको विशेष अदालत, काठमाडौंको मिति २०६८/११/१४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७२ साल माघ १९ गते रोज ३ शुभम्।

- यसै लगाउको ०६६-WO-०२०५, उत्प्रेषण / परमादेश, *बज्रभाज यादव वि. लोकसेवा आयोगको कार्यालय, अनामनगरसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

४

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-WO-११४७, उत्प्रेषण / *परमादेश, सुशीला दाहाल मास्के वि. उद्धवबहादुर खत्रीसमेत*

भूमिसुधार कार्यालयले आफ्नो लिखित जवाफमा अदालतको फैसलाअनुसार मोही कायम गरेको भन्ने उल्लेख गरेको देखिन्छ। सो सम्बन्धमा हेर्दा वादी उद्धवबहादुर खत्री प्रतिवादी कृष्णबहादुर खत्री भएको अंश मुद्दाको फैसलाको ठहर खण्डमा मोही हक बन्डा नहुने भनी सोबाहेकका सम्पत्तिबाट वादीले अंश पाउने ठहरी फैसला भएको देखिन्छ। भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६क मा “प्रचलित नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि मोहियानी हक खरिद गर्न वा दान दातव्यको रूपमा वा अरू किसिमले हक छोडाई लिन पाइने छैन” भन्ने स्पष्ट व्यवस्था रहेको देखिन्छ। यसरी प्रचलित कानूनी व्यवस्थाको अधीनमा रही फैसलाको ठहर खण्डमा मोहियानी हक बन्डा नलाग्ने भनी उल्लेख भइसकेपछि तपसिल खण्डमा बन्डा हुने सम्पत्ति भनी यी निवेदिकाको जग्गा उल्लेख भएको देखिँदा फैसलाको ठहर खण्डविपरीत तपसिल खण्ड उल्लेख भएको देखियो। ठहर खण्डमा बोलिएको इन्साफ के कसरी कार्यान्वयन गर्ने भन्ने कार्यान्वयनको पक्ष मात्र तपसिल खण्डमा उल्लेख गरीने गरीन्छ। यसरी तपसिल खण्डको स्वतन्त्र अस्तित्व हुने नभई ठहर खण्डको इन्साफलाई कार्यान्वयन योग्य मात्र बनाउने हो। त्यसैले तपसिल खण्ड सधैँ ठहर खण्ड को परिपुरक मात्र हुनसक्छ। ठहर खण्डसँग विरोधाभाष हुने गरी केही कुरा लेखिन गएमा पनि त्यसले ठहर खण्डको इन्साफलाई पराजित गर्न नसक्ने। प्रस्तुत विवादमा ठहर खण्डमा मोहियानी लागेको जग्गा बन्डा नहुने भनी स्पष्टसँग उल्लेख भइसकेपछि सोको प्रतिकूल तपसिल खण्डमा निवेदिकाको कि.नं.२१६ को जग्गा उल्लेख हुँदैमा विद्यमान कानूनी व्यवस्थाविपरीत बन्डा लाग्ने ठहरी फैसला भएको भनी सम्झन मिल्दैन। त्यसमा पनी निवेदिकाको जग्गाका साबिक मोहिले छोडपत्र गरी मिति २०५३।११।२७ मा लगत कट्टा भइसकेको देखिएकोमा मिति २०५५।९।३० मा मात्र काठमाडौं जिल्ला अदालतबाट फैसला भएको देखिन्छ। यसरी अदालतको फैसला अगाबै मोही लगत कट्टा भइसकेकोमा आफ्नो पूर्वनिर्णयविपरीत विपक्षीलाई मोही कायम गरी दिएको भूमिसुधार कार्यालयको निर्णय कानूनी त्रुटिपूर्ण रहेको देखिने।

माथि विवेचित आधार कारणबाट कि.नं.२१६ को जग्गामा रहेको मोही लगत कट्टा भइसकेको, भूमिसम्बन्धी ऐन, २०२१ ले मोहियानी हक बन्डा नहुने स्पष्ट कानूनी व्यवस्था गरेको एवम् काठमाडौं जिल्ला अदालतको मिति २०५५।९।३० को फैसलामा समेत विपक्षी उद्धवबहादुरको नाममा कि.नं.२१६ को आधा मोहियानी हक कायम हुने भनी ठहर नभएको अवस्थामा सम्बन्धित जग्गाधनीलाई सुनुवाइको मौकासमेत प्रदान नगरी प्रचलित कानून र अदालतको फैसलाविपरीत कि.नं.२१६ मा विपक्षी उद्धवबहादुर खत्रीको मोहियानी हक कायम गर्ने गरी भूमि सुधार कार्यालय, काठमाडौंबाट भएको मिति २०६४।६।११ को निर्णय कानूनी त्रुटिपूर्ण हुँदा उत्प्रेषणको आदेशद्वारा बदर हुने।

इजलास अधिकृतः सुरेशराज खनाल
कम्प्युटर: अभिषेककुमार राय
इति संवत् २०७२ साल माघ ७ गते रोज ५ शुभम्।

५

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-WO-०६६०, हालैको बकसपत्र लिखत दर्ता बदर नामसारी, *श्रीमती पृजा थारू वि. कौशिला थारूसमेत*

प्रस्तुत मुद्दामा वादीले दाबी गरेको विवादित सम्पत्ति पैतृक नभई प्रतिवादीले आफ्नो पालामा खरिद गरेको भन्ने तथ्यलाई वादीले अन्यथा प्रमाणित गर्न सकेको पाइँदैन । उक्त जग्गा वादी प्रतिवादीहरू सगोलमा रहेकै अवस्थामा आफ्नो छोरी कौशिला थारूलाई बकसपत्र गरिदिएको एवम् तत् अवस्थाका सगोलमा रहेका अंशियार यी वादीका पति सत्यनारायण थारू उक्त बकसपत्र लिखतमा साक्षीसमेत बसेको देखिन्छ । बकसपत्रको लिखत हुँदाको अवस्थामा यी वादीका एकासगोलका पति सत्यनारायण थारू साक्षी बसेको देखिएको एवम् सधवा बुहारीको समेत मन्जुरी लिनुपर्ने कानूनी व्यवस्थाको अभावमा यी वादीको पनि मन्जुरी लिएको हनुपर्ने भन्न मिलेन । यसरी विवादित सम्पत्ति बकसपत्रद्वारा हस्तान्तरण गर्दा प्रतिवादी रूद्रनारायण थारूका सगोलमा रहेका छोरा यी वादीका पतिसमेत साक्षी बसेको देखिएको र सधवा बुहारीको पनि मन्जुरी हुनुपर्ने भन्ने कानूनी व्यवस्थाको अभावमा आफ्नो मन्जुरी नलिई दिएको बकसपत्र लिखत बदर हुनुपर्ने भन्ने वादी दाबी पुग्न नसक्ने ठहर्‍याएको पुनरावेदन अदालतको इन्साफ अन्यथा भन्न नमिल्ने।

माथि विवेचित आधार प्रमाण एवम् कानूनअनुसार प्रतिवादी रूद्रनारायण थारूले एकासगोलका अंशियार रहेका यी वादीका पतिलाई साक्षी राखी मिति २०६७।५।१७ मा हालैको बकसपत्र लिखत पारित गरी देखिएको एवम् सगोलमा रहेकी सधवा बुहारीको मन्जुरीको लिखत हुनुपर्ने वा निज साक्षी बस्नुपर्ने भन्ने बाध्यात्मक कानूनी व्यवस्थाको अभावमा प्रतिवादी रूद्र नारायण थारूले गरिदिएको बकसपत्र लिखतको ३ भागको १ भागको आधा लिखत बदर हुने ठहर्‍याएको रूपन्देही जिल्ला अदालतको मिति २०६८।१।२८ को फैसला उल्टी गरी फिराद दाबी पुग्न नसक्ने ठहर्‍याएको पुनरावेदन अदालत, बुटवलको मिति २०६८।१२।२० को इन्साफ मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः सुरेशराज खनाल
कम्प्युटर: अभिषेककुमार राय
इति संवत् २०७२ साल असोज १८ गते रोज २ शुभम्।

६

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-WO-०७६३, उत्प्रेषण / परमादेश, *उदयबहादुर दाहालसमेत वि. निगाले सिमेन्ट प्रा. लि.समेत*

संविधानद्वारा प्रत्याभूत भएको हक अधिकारको संरक्षणका लागि सम्बन्धित सरोकारवालाहरूले उपचारको खोजी गर्न सक्ने नै देखियो। प्रस्तुत निवेदनको सम्बन्धमा रिट निवेदकहरू

निगाले सिमेन्ट उद्योग सञ्चालन भएको क्षेत्रका स्थानीय बासिन्दा भन्नेमा विवाद रहेन । आफ्नो लोकालिटीमा स्थापित भएका उद्योगबाट निष्कने प्रदूषणबाट प्रत्यक्ष र परोक्ष प्रभाव र असर स्थानीय बासिन्दाले नै भोग्नु पर्छ । तसर्थ निवेदकहरूले उक्त उद्योगबाट भएको र हुने वातावरणीय प्रदूषणको विषयलाई लिएर उजुरी गर्ने एवम् उपचारको खोजी गर्न पाउने नै देखिने ।

वस्तुतः कुनै पनि उद्योगको स्थापनाबाट वातावरण र आमजनताको स्वास्थ्यमा र आवासीय क्षेत्रमा केही न केही अनुकूल एवम् प्रतिकूल प्रभाव पर्ने नै देखिन्छ । प्रतिकूल प्रभावलाई न्यूनीकरण गरी जनस्वास्थ्यलगायत वातावरण स्वच्छ राख्ने दायित्वबाट कानूनसम्मतरूपमा स्थापना भएको भन्ने आधारमा मात्रै कुनै पनि उद्योगले छुट पाउन सक्दैन । कुनै पनि उद्योगहरूको स्थापना र सञ्चालन गर्दा यथासम्भव वातावरणीय तथा मानव स्वास्थ्यमा पर्ने प्रभावलाई न्यूनीकरण गरी उद्योग सञ्चालनको स्वीकृति दिनुपर्ने हुन्छ । वातावरण संरक्षण ऐन, २०५३ र वातावरण संरक्षण नियमावली, २०५४ मा वातावरणीय प्रभाव मूल्याङ्कन गर्नुपर्ने भनी राखिएको कानूनी व्यवस्थाको उद्देश्य पनि कुनै उद्योग स्थापना गर्दा वातावरण एवम् आमजनताको स्वास्थ्य सम्बन्धमा प्रतिकूल प्रभाव पार्ने अवस्था छ छैन भन्ने हेर्ने र प्रतिकूल प्रभाव पर्ने अवस्थामा त्यस्तो स्थानमा संवेदनशील उद्योगहरू स्थापना गर्न निषेध गर्ने नै रहेको देखिने ।

औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा २५ मा "...अनुमति वा दर्ता प्रमाण पत्रमा उल्लिखित सर्तहरू पालना नगरेमा वा यस ऐनको अरू कुनै कुरा उल्लङ्घन गरेमा नेपाल सरकारले देहायबमोजिमको सजाय गर्नेछः (क) पाँच लाख रूपैयाँसम्म जरिवाना गर्ने, (ख) उद्योगको दर्ता वा अनुमति खारेज गर्ने, (ग) उद्योग बन्द गराउने" भन्ने व्यवस्था रहेको छ । यसप्रकार उद्योगले अनियमित कार्य गरेमा वा सर्तहरूको पालन नगरेमा बन्द गराउन सक्नेसम्मको अधिकार पाएको सरकारले स्थापित उद्योगको अनुगमन मूल्याङ्कन गरी नागरिकको स्वच्छ वातावरणमा बाँच्न पाउने मौलिक हकको संरक्षण गर्ने जिम्मेवारी बहन नगरेको भन्ने रिट निवेदकहरूको दाबी रहेकोमा उद्योग स्थापनाको अनुमति दिई उद्योग सञ्चालन भइसकेपछि तोकिएको सर्तहरूको पालना भएको छ छैन भनी नियमितरूपमा अनुगमन मूल्याङ्कन गर्नुपर्ने नै हुन जाने । कानूनबमोजिम स्थापित उद्योगहरूले उद्योग स्थापना गर्दाका अवस्थामा तोकिएको सर्त एवम् कानून प्रतिकूल कुनै कार्य गरी जनस्वास्थ्य र वातावरणमा प्रतिकूल असर पर्न गएको अवस्थामा औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा २५ बमोजिमको प्रक्रिया पूरा गरेर मात्र त्यस्तो उद्योगको दर्ता खारेज गर्न सकिने हुन्छ । कानूनबमोजिम प्रक्रिया पूरा गरी दर्ता भएका कारखानालाई हलुकोका आधारमा विस्थापित गर्दा पर्न आउने लागत र क्षति एवम् त्यसबाट पर्न जाने विकास र वातावरणउपरको असरलाई पनि नजर अन्दाज गर्न नसकिने ।

उल्लिखित तथ्य, कानूनी व्यवस्था र प्रमाणका आधारमा कानूनबमोजिमको प्रक्रिया पूरा गरी स्थापना भएको कुनै उद्योगले उद्योग दर्ताको प्रमाण पत्र लिँदाको अवस्थामा स्वीकार गरेका सर्त एवम् कानूनविपरीतका कार्य गरेको अवस्थामा औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा २५ अनुसारको प्रक्रियाअनुसार त्यस्तो उद्योगको दर्ता खारेज गर्न सकिने हुँदा उत्प्रेषणको आदेश जारी गरी चालू कारखाना बन्द गरी क्षतिपूर्ति रकम दिलाई पाउँ भन्नेसमेत निवेदन मागबमोजिमको रिट जारी गर्न मिलेन । रिट निवेदन खारेज हुने ।

वस्तुतः विज्ञहरूद्वारा पेस भएको माथि विवेचित प्रतिवेदनमा उल्लेख भएका प्रस्तावित सुधारहरू कार्यान्वयन गरी गराई प्रदूषण नियन्त्रण गर्ने र मानव स्वास्थ्यमा हानि हुनबाट बचाउने कर्तव्य

राज्यको हो । सम्बन्धित उद्योगले सो प्रतिवेदनको कार्यान्वयन गरी स्थानीय सरोकारवालाहरूको स्वास्थ्य एवम् वातावरण संरक्षण गर्नुपर्ने हुन्छ । सो प्रतिवेदन कार्यान्वयनका लागि जिल्ला प्रशासन कार्यालयमा पत्राचार भइसकेको भन्ने लिखित जवाफबाट देखिएको हुँदा जिल्ला प्रशासन कार्यालयले सो प्रतिवेदनमा उल्लिखित प्रस्तावित सुधारका कार्यहरू सम्बन्धित उद्योगलाई गर्न लगाई प्रमुख जिल्ला अधिकारीले नियमितरूपमा सो सिमेन्ट उद्योगको अनुगमन निरीक्षण गर्नुपर्छ । वातावरण संरक्षण ऐनका सर्तहरूको उल्लङ्घन कुनै अवस्थामा पनि हुन नहुने कुराहरूको निरन्तर र व्यवहारिक प्रत्याभूति हुन जरूरी छ । सो सम्बन्धमा सिकायत हुन नसक्ने कुराको प्रत्याभूति दिनुपर्ने हुनाले सोको अनुगमन उद्योग मन्त्रालय र वातावरण मन्त्रालयसमेतबाट हुनुपर्ने हुँदा विज्ञद्वारा प्रस्तावित सुधारका कार्यहरू भए नभएको सम्बन्धमा नियमितरूपमा अनुगमन गर्नु गराउनु भनी उद्योग मन्त्रालय, वातावरण मन्त्रालय र स्थानीय जिल्ला प्रशासन कार्यालय, धनकुटाका नाममा निर्देशन जारी हुने ।

इजलास अधिकृतः इन्दिरा शर्मा

इति संवत् २०७२ साल चैत २ गते रोज ३ शुभम् ।

७

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-WO-०७९८, उत्प्रेषण / परमादेश, *वसन्तबहादुर श्रेष्ठ वि. जिल्ला प्रहरी कार्यालय, मोरङसमेत*

अदालतले रिट क्षेत्राधिकारबाट हक बेहकको प्रश्नमा बोल्न मिल्ने देखिँदैन । तत्काल कुनै अधिकारको उल्लङ्घन हुनसक्ने आशङ्का वा कुनै मनासिब र पर्याप्त आधार छ र यदि अदालतबाट हस्तक्षेप नभएमा पक्षलाई अपूरणीय क्षति हुन सक्दछ भन्ने अदालतलाई लागेमा मात्र रिट आदेश जारी हुन सक्दछ । निवेदक स्वयम्ले प्रस्तुत जग्गाकै विषयमा गरिएका कागजका विषयमा अदालतमा मुद्दा दायर गरेको भन्ने कुरा उल्लेख गरेको अवस्थामा अदालतमा विचाराधीन रहेको मुद्दालाई प्रभाव पार्ने गरी माथिल्लो तहको अदालतबाट आदेश जारी गर्न मिल्ने नदेखिँदा मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने ।

माथि विश्लेषण गरीएका आधार कारण र प्रमाणसमेतबाट मातहतका अदालतमा विचाराधीन मुद्दा निपटारा हुन नपाउँदै प्रस्तुत रिट यस अदालतमा पर्न आएको र जग्गाको विषय भए साधारण क्षेत्राधिकारबाटै टुङ्गो लाग्ने अवस्था हुँदाहुँदै असाधारण क्षेत्राधिकारको सहारा लिई रिट क्षेत्रमा प्रवेश गरेको देखिएकोले प्रस्तुत रिटमा मागबमोजिमको आदेश जारी गरी रहनुपरेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७२ साल माघ २१ गते रोज ५ शुभम् ।

८

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-WO-००३१, उत्प्रेषण / परमादेश, *दुर्गा तामाङ वि. झापा जिल्ला अदालतसमेत*

जमानीको कागज गराउँदा अदालतबाट लागेको दण्डसजाय प्रतिवादीले नतिरे नबुझाए माग भएको धरौट बराबरको रकम तिर्न बुझाउन मन्जुर छु भनी कागज गराइने हुँदा जमानत दिएको अङ्कबाहेक जमानतकर्ताको कुनै थप व्यक्तिगत दायित्व रहने हुँदैन । जमानी दिँदा जति धरौट रकमबापत जेथाजमानी दिएको हो, सो धरौटी रकमभन्दा बढी जमानीवालाले कबुल गरेको पनि हुँदैन । जमानत दिएको रकमभन्दा बढीमा जमानीवालालाई पक्राउ गर्न पनि न्याय सङ्गत नहुने ।

जुनसुकै अवस्थामा पनि जमानीवालाले नगदमा धरौटी रकम बुझाउन नपाउनु पर्ने कुनै तर्कसङ्गत कारण देखिँदैन । यस अदालतबाट जारी भएको धरौट र जमानीसम्बन्धी (कार्यविधि)

निर्देशिका २०६६ ले यस सम्बन्धमा स्पष्ट व्यवस्था गरेको छ । मुद्दा किनारा हुनुपूर्व नगद धरौटी लिन सकिने तर निर्णयपश्चात् त्यही स्थिति नरहने अर्थात् नगदमा परिणत गरी पूर्व जेथा फुकुवा गर्न नसकिने भन्न मिल्दैन । धरौट वा जमानतको लागि लिइने रकम सरलताका हिसाबले पनि अदालतको लागि नगद नै बढी ग्राह्य र सुलभ हुने देखिन्छ । फैसला पूर्णरूपमा कार्यान्वयन नभएको कारण देखाई अर्काको अचल सम्पत्ति जमानत लिई रोक्का राखी राख्नु अदालतको लागि पनि कुनै औचित्य छैन । फैसला हुनु अगावै पुर्पक्षकै चरणमा प्रतिवादीले बुझाउनु पर्ने जमानत अङ्क बराबर तेस्रो पक्षले जेथाजमानत दिएको अवस्थामा फैसलापश्चात प्रतिवादीलाई लागेको दण्ड जरिवाना असुलउपर गराउने सम्मको जिम्मेवारी पनि जमानतकर्तामा रहन्छ भन्नु न्यायसङ्गत नहुने ।

मूलतः प्रतिवादीलाई कसुरबापत सजाय भएमा सो तिर्ने बुझाउने कर्तव्य उसको हुनेमा कुनै द्विविधा देखिँदैन । अदालतको फैसलाबमोजिम प्रतिवादीलाई लागेको दण्ड जरिवाना निजको सम्पत्तिबाट असुल हुनसकेन भने जमानत दिएको रकमको हदसम्म जमानतकर्ताको सम्पत्तिबाट कानूनबमोजिम असुल गर्न मिल्ने हुन्छ । अन्यथा प्रतिवादीलाई लागेको दण्ड जरिवाना धरौटी जमानतमा मन्जुर गरेको सर्तभन्दा बाहिर गई जमानतकर्ताबाट असुल गर्न खोजीयो भने अर्काले गरेको कसुरबापत सजाय भोग्न बाध्य गराएको जस्तो अवस्था सिर्जना हुन्छ । यसबाट वास्तविक कसुरदार उम्कने र निर्दोषबाट सजाय असुल्ने स्थिति आउने हुन्छ जुन न्यायोचित हुन सक्दैन । मुद्दा पुर्पक्षको क्रममा मागिएको धरौट रकम बराबर अचलसम्पत्ति जेथाजमानत दिएकोमा मन्जुर गरेको रकमभन्दा बढी रकम अदालतले असुलउपर गर्न नसक्ने परिस्थितिमा धरौट बराबर बुझाउन ल्याएको नगद रकम बुझिलिई जेथा फुकुवा गरीदिनु न्यायोचित मात्रै होइन, कानूनी अनिवार्यता नै देखिन आउने ।

माथि विवेचित आधारकारणबाट मुद्दा पुर्पक्षको सिलसिलामा झापा जिल्ला अदालतबाट माग भएको धरौटीबापत निवेदिकाले जेथा जमानी दिएकोमा माग भएको धरौटबापत नगदै बुझाई जमानत दिएको जेथा फुकुवा माग गरेकोमा सोबमोजिम फुकुवा गरी दिनुपर्नेमा निवेदिकाको निवेदन अस्वीकार गरी दरपीठ गरेको झापा जिल्ला अदालतका तहसिलदारको मिति २०७०।३।२८ को आदेशलाई सदर गरेको झापा जिल्ला अदालतको मिति २०७०।५।१४ को आदेश र पुनरावेदन अदालत, इलामको मिति २०७०।९।२५ को आदेश कानूनविपरीत देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरिदिएको छ । अब निवेदिकाले निवेदनसाथ दाखिल गर्न ल्याएको धरौटरकम रू. ७१,०००।- बुझी निजको नामको जग्गा फुकुवा गरी दिनु भनी झापा जिल्ला अदालतका नाममा परमादेशसमेत जारी हुने ।

इजलास अधिकृतः सुरेशराज खनाल

कम्प्युटर: अभिषेक कुमार राय

इति संवत् २०७२ साल असोज ७ गते रोज ५ शुभम् ।

९

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-WO-०३९४, उत्प्रेषण / परमादेश, *रोसन सुवेदी वि. महानगरीय प्रहरी परिसर जावलाखेल ललितपुरसमेत*

विपक्षीको लिखित जवाफबाट यही लेनदेनको विषयमा पुनः काठमाडौं जिल्ला अदालतमा मुद्दा चली हाल कारबाहीयुक्त अवस्थामा रहेको भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ । सो कुरालाई यी निवेदकले समेत अन्यथा भन्न सकेको देखिँदैन । तत्काल कुनै अधिकारको उल्लङ्घन हुनसक्ने आशङ्का वा कुनैं मनासिब र पर्याप्त आधार छ र यदी अदालतबाट हस्तक्षेप नभएमा पक्षलाई अपूरणीय क्षति हुन सक्दछ भन्ने अदालतलाई लागेमा मात्र रिट आदेश जारी हुन सक्दछ । विपक्षीले प्रस्तुत लेनदेनको विषयमा अदालतमा मुद्दा दायर गरेको भन्ने कुरा उल्लेख गरेको

अवस्थामा अदालतमा विचाराधीन रहेको मुद्दालाई प्रभाव पार्ने गरी माथिल्लो तहको अदालतबाट आदेश जारी गर्न मिल्ने नदेखिने।

निवेदक र प्रत्यर्थीहरूबीचको विवाद उक्त मुद्दाबाट टुङ्गो लाग्न सक्ने नै देखिएको र विचाराधीन मुद्दाको विषयमा रिट क्षेत्रबाट हेर्न मिल्नेसमेत नदेखिएकाले अधिकार खोज्नेले कुन मार्ग प्रयाप्त र प्रभावकारी हुन्छ सोको ध्यान दिनु जरूरी छ। रिट निवेदकले आफूले चेकमा हस्ताक्षर गरेको कुरालाई अन्यथा भन्न सकेका छैनन्। विपक्षी प्रहरी कार्यालयको लिखित जवाफबाट शान्ति सुरक्षाको विषयमा निवेदन परी सो सम्बन्धमा झिकाई बुझिएको सम्म हो भन्ने व्यहोरा उल्लेख भएको देखिँदा विपक्षीहरूबाट निवेदकलाई धरपकड गर्ने थुन्ने कागज गराउनेलगायतका कार्य गर्न सक्ने आशङ्काको स्थिति विद्यमान नदेखिएकोले मागबमोजिम आदेश जारी गरिरहनु पर्ने अवस्था नदेखिने।

माथि विश्लेषण गरीएका आधार कारण र प्रमाणहरूसमेतबाट विपक्षीको लिखित जवाफबाट यही लेनदेनको विषयमा पुनः काठमाडौं जिल्ला अदालतमा मुद्दा चली हाल कारबाहीयुक्त अवस्थामा रहेको भन्ने व्यहोरा उल्लेख भएको देखिँदा मागबमोजिमको आदेश जारी गर्न मिल्ने देखिएन प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः रामप्रसाद बस्याल
कम्प्युटर: विकेश गुरागाई
इति संवत् २०७२ साल माघ २१ गते रोज ५ शुभम्।

**१०**

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-WO-०८५८, उत्प्रेषण / परमादेश, *उत्सव कोइराला वि. नेपाल विद्युत् प्राधिकरण, प्रधान कार्यालयसमेत*

प्राविधिक सेवा कम्प्युटर इन्जिनियरिङ समूह तह ७ को न्यूनतम शैक्षिक योग्यता "कम्प्युटर इन्जिनियरिङ विषयमा स्नातक" हनुपर्ने भन्ने विनियममा व्यवस्था रहेपछि सोभन्दा माथिल्लो अर्थात् अतिरिक्त शैक्षिक योग्यता कम्प्युटर इन्जिनियरिङ विषयमै स्नातकोत्तर हुनुपर्ने भन्नेमा विवाद हुन सक्दैन। यसका साथै कम्प्युटर इन्जिनियरिङ समूह तह ८ को खुला प्रतियोगिताका लागि न्यूनतम शैक्षिक योग्यता कम्प्युटर इन्जिनियरिङ विषयमा स्नातकोत्तर हुनुपर्ने भनी नेपाल विद्युत् प्राधिकरण कर्मचारी सेवा विनियमावली, २०६२ को अनुसूची ७ मा तोकिएको देखिँदा सोही पदमा तह ७ बाट कार्यक्षमताद्वारा बढुवा हुन कम्प्युटर इन्जिनियरिङमा स्नातकोत्तरनै अतिरिक्त शैक्षिक योग्यता हुनुपर्ने कुराको थप पुष्टि हुन जाने।

विषयवस्तु माथिको जोर र त्यसको सीमाका हिसाबले पनि विज्ञान र इन्जिनियरिङबीच फरक रहेको हुन्छ। विज्ञान र इन्जिनियरिङलाई एउटै हो भनी भन्ने हो भने ती दुईबीचको अन्तरलाई नजरअन्दाज गर्नु हुन जान्छ। यस्तो प्रवृत्तिले विषयगत विशेषज्ञतालाई समाप्त पार्दछ। साथै निवेदकले लिएको प्रमाण पत्र सम्बन्धमा स्पष्ट हुन पुनरावलोकन समितिले विशेषज्ञ आमन्त्रण गरी कम्प्युटर विज्ञान र कम्प्युटर इन्जिनियरिङ विषय एउटै हो या फरक भनी राय लिएकोमा विनियमावलीमा उल्लिखित "सम्बन्धित विषयलाई" प्रस्ट्याउँदा कम्प्युटर विज्ञान नभई कम्प्युटर इन्जिनियरिङ नै हुनुपर्ने भनी रायप्राप्त भएको भन्ने लिखित जवाफबाट देखिन आएको छ। उक्त तथ्यबाट समेत निवेदकले हासिल गरेको "कम्प्युटर विज्ञानमा स्नातकोत्तर" तहको उपाधि प्राधिकरण कर्मचारी सेवा विनियमावलीको विनियम ५० (ग) (१) (ख) बमोजिम कम्प्युटर इन्जिनियरिङ समूह तह ७ को न्यूनतम शैक्षिक योग्यताभन्दा माथिल्लो अर्थात् सम्बन्धित विषयको अतिरिक्त शैक्षिक योग्यता हो भन्ने देखिएन। बढुवा सिफारिस समितिले प्रकाशन गरेको नामावलीमा चित्त नबुझाई परेको उजुरीका सम्बन्धमा पुनरावलोकन समितिले आवश्यक्ताअनुसार विनियम

१३३(३) बमोजिम विशेषज्ञ आमन्त्रण गरी राय लिन सक्ने देखिँदा सम्बन्धित विषयका विशेषज्ञको रायसमेतका आधार लिई निवेदकले पेस गरेको शैक्षिक उपाधि सम्बन्धित विषयको अतिरिक्त शैक्षिक योग्यता नभएको भनी अङ्क दिन नमिल्ने गरेको पुनरावलोकन समितिको निर्णयलाई कानूनविपरीत भन्न नमिल्ने।

निवेदकले हासिल गरेको कम्प्युटर विज्ञानमा स्नातकोत्तर (Master of Science in Computer Science) तहको शैक्षिक उपाधी कर्मचारी सेवा विनियमावलीले तोकेको कम्प्युटर इन्जिनियरिङ समूह तह ७ का लागि निर्धारित न्यूनतम शैक्षिक योग्यताभन्दा माथिको सम्बन्धित विषयको अतिरिक्त शैक्षिक योग्यता नभएको भनी त्यसबापत बढुवा प्रयोजनका लागि अङ्क दिन नमिल्ने गरी पुनरावलोकन समितिबाट भएको मिति २०६७।१०।१४ को निर्णय र सो निर्णयानुसार मिति २०६७।१०।१९ मा गोरखापत्रमा प्रकाशित सूचनामा कुनै पनि कानूनी एवम् संवैधानिक त्रुटि भएको नदेखिँदा निवेदकको मागबमोजिमको आदेश जारी गर्न नमिल्ने।

इजलास अधिकृत: सुरेशराज खनाल

इति संवत् २०७२ साल मंसिर ७ गते रोज २ शुभम्।

यसै लगाउको मुद्दामा पनि यसैअनुसारको फैसला भएको छ।

- ०७१-WO-१०७३, उत्प्रेषण / परमादेश, *उत्सव कोइराला वि. नेपाल विद्युत् प्राधिकरण, केन्द्रीय कार्यालय, रत्नपार्कसमेत*
- ०७१-WO-०२०६, प्रतिषेध, *उत्सव कोइरालासमेत वि. नेपाल विद्युत् प्राधिकरण, केन्द्रीय कार्यालय, रत्नपार्कसमेत*
- ०७०-WO-०५४०, उत्प्रेषण / परमादेश, *उत्सव कोइरालासमेत वि. नेपाल विद्युत् प्राधिकरण, केन्द्रीय कार्यालय, रत्नपार्कसमेत*

११

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-CI-०५२८, उत्प्रेषण, *टेकरानी लकसम वि. पूर्वाञ्चल डिभीजन सडक कार्यालय नं. १, इलामसमेत*

सर्वसाधारणको हित र सुविधाका लागि सार्वजनिक सडकको निर्माण एवम् विस्तार गर्न कुनै पनि व्यक्तिको निजी स्वामित्वको जग्गा प्राप्त गर्न नेपाल सरकारले सक्ने देखिन्छ। निवेदकको निजी हक स्वामित्वको जग्गा राजमार्गमा पर्न गएको अवस्थामा यावत् तथ्य प्रमाण खुलाई मुआब्जा वा क्षतिपूर्तिको लागि दाबी गरी निवेदकले उपचार प्राप्त सक्ने अवस्था विद्यमान रहेकै देखिन्छ। यसरी निवेदकको नामको कि.नं. २९१ को जग्गा नेपाल राजपत्रमा प्रकाशित मिति २०३४।३।२० को सूचनाले तोकेअनुसारको सडक सीमाभित्र परेको भन्ने कुरा सुनिश्चित गरी निवेदकको नामको लगत कट्टा गरी सोहीअनुसार मेची राजमार्गको नाममा दर्ता कायम गर्ने मालपोत कार्यालय, पाँचथरको मिति २०६८।९।२५ को निर्णयबाट निवेदकको संविधान एवम् कानून प्रदत्त हक अधिकार हनन् हुन गएको भन्ने नदेखिँदा निवेदन मागबमोजिम उक्त निर्णय बदर हुने भन्न नमिल्ने।

माथि विवेचित आधार कारणबाट निवेदन मागबमोजिमको आदेश जारी हुने अवस्थामा विद्यमान नभएको भनी निवेदन खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत, इलामको मिति २०७०।८।१२ को आदेश मनासिब हुँदा सदर हुने।

इजलास अधिकृत: सुरेशराज खनाल

इति संवत् २०७२ साल भदौ ८ गते रोज ३ शुभम्।

१२

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७०-CI-००३२, निषेधाज्ञा, *भिखारी चौधरी वि. घरेलु तथा साना उद्योग कार्यालय, सर्लाही*

प्रस्तुत निवेदनमा निवेदकले रामप्रसाद चौधरीलाई धान कुट्ने मेसिन गाड्नको लागि दिएको अनुमतिको नक्कल जिल्ला घरेलु कार्यालयले उपलब्ध नगराएको भनी जिकिर लिएकोमा रामप्रसाद

चौधरीको जग्गामा निजकै मन्जुरीले अर्कै व्यक्ति लालबहादुर चौधरीले मिल स्थापनाको लागि अनुमति पाएको भन्ने घरेलु तथा साना उद्योग कार्यालयको लिखित जवाफबाट देखिन आएको छ । निवेदकले जुन व्यक्तिलाई मिल सञ्चालन गर्न अनुमति दिएको भनी दाबी गरेको छ सो व्यक्तिले अनुमति पाएको भन्ने तथ्य स्थापित हुनसकेको देखिएन। कानूनबमोजिमको कर्तव्य तोकिएको सार्वजनिक निकाय वा अधिकारीले आफ्नो कर्तव्य पूरा नगरेको परिमाण स्वरूप व्यक्तिका हक अधिकार हनन् भएमा कानूनद्वारा तोकिएको कर्तव्य बहन गर्नु भनी सार्वजनिक निकाय वा पदाधिकारीका नाममा परमादेशको आदेश जारी हुने हुन्छ । प्रस्तुत मुद्दामा निवेदकले दाबी गरेअनुसार रामप्रसाद चौधरीलाई मिल सञ्चालन गर्न दिने विषयमा घरेलु कार्यालयबाट कुनै निर्णय भएको देखिँदैन। निवेदकले उठान गरेको विषयमा निर्णय भएको कुरा नै स्थापित हुनसकेको नदेखिँदा त्यसको नक्कलपाउने अवस्था पनि रहेन। तथ्यगत रूपमा आधारहीन देखिएका यस प्रकारका निवेदन मागबमोजिम परमादेशको आदेश जारी हुने भन्न मिलेन। तसर्थ निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन भनी निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, जनकपुरको मिति २०६९।८।२६ को आदेश मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: सुरेशराज खनाल

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७२ साल भदौ ८ गते रोज ३ शुभम्।

**इजलास नं. १**

१

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०६८-CI-०५७३, अंश, *खिममाया जोजीजु वि. यज्ञप्रसाद जोजीजुसमेत*

प्रत्यर्थी प्रतिवादी गीता जोजीजुले दाजु र फूपुहरूलाई रिझाएबापत कि.नं.२५०४ को ०-९-२-१ जग्गा २०५२ सालमा हालैको बकसबाट प्राप्त गरेको देखिन्छ । मुलुकी ऐनमा भएको एघारौं संशोधनबाट पैतृक सम्पत्तिमा अविवाहित छोरीहरूको समेत अंश लाग्ने गरी संशोधित व्यवस्था आएको देखिन्छ । सोपूर्व छोरीहरूलाई अंशियारको हैसियत प्राप्त भएको नपाइने । अंशियारको हैसियत प्राप्त हुनुपूर्व २०५२ सालमा हालैदेखिको बकसपत्रबापत प्राप्त सम्पत्तिसमेत सबै अंशियारलाई बन्डा हुने भनी भन्न देखिएन। अंश भनेको अंशियार भएका आधारमा प्राप्त हुने अधिकार हो । कानूनले अंशियार स्वीकार नगरेको अवस्थामा अंशियार कायम हुनभन्दा पूर्व भएको व्यवहारमा हक प्राप्त हुने भन्ने हुँदैन। यसका साथै अंशियारको हैसियत प्राप्त गर्नुपूर्व प्राप्त गरेको सम्पत्तिमा पछि भएको कानूनी व्यवस्थाका माध्यमबाट हक सिर्जना हुनसक्ने भन्न नमिल्ने । पुनरावेदक वादीलाई निरअंशी बनाउने तवरबाट सम्पूर्ण सम्पत्ति नै बकसपत्रबाट हस्तान्तरण गरेको भन्ने देखिँदैन । पुनरावेदक वादीले आफ्नो लोग्नेको अंश भागबाट मात्र अंश पाउने हुन्छ। निजले समानस्तरका अंशियारसरह बराबर अश पाउने भन्ने होइन। मुल २ जना अंशियारहरूको नाउँमा गीतादेवीले बकसबाट प्राप्त गरेको सम्पत्तिसरहको भाग बाँकी नै रहेको देखिन्छ । यसरी पुनरावेदक वादीले लोग्ने यज्ञप्रसादको भागबाट अंश पाउने भएकोले अंशियार कायम हुनपूर्व गीता जोजीजुले हालैको बकसपत्रबाट प्राप्त गरेको सम्पत्तिसमेतबाट अंश पाउनु पर्ने भन्ने वादी दाबी न्यायसङ्गत नदेखिने।

अतः उल्लिखित आधार र कारणबाट सुरू जिल्ला अदालतबाट गीता जोजीलुले हालैको बकसपत्रबाट प्राप्त गरेको कि.नं. २५०४ र २५४ बाहेक तायदातीमा उल्लिखित प्रत्यर्थी प्रतिवादी यज्ञप्रसाद र भुनु जोजीजुको नाउँमा रहेको सम्पत्तिबाट विवाह नभएका छोराछोरीहरूको विवाह खर्च पर सारी बाँकी सम्पत्तिमध्ये यज्ञप्रसादको भागमा पर्ने सम्पत्तिबाट

वादीले ६ भागको १ भाग अंश पाउने गरी सुरू जिल्ला अदालतबाट भएको फैसला सदर ठहर गरेको पुनरावेदन अदालत, पोखराको मिति २०६६।९।२९ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः दिलीपराज पन्त

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७२ साल फागुन१७ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री गोपाल पराजुली,** ०६८-CI-०८६९, खिचोला छोडाई भखारी हटाई घर खाली चलन, *रामनाथ राउत अहिर वि. रामछत्री राउत अहिर*

प्रस्तुत मुद्दाको सन्दर्भमा विवादित घर जग्गा २०४१ सालदेखि नै प्रतिवादीले भोग चलन गर्दै आएको तथ्य वादी स्वयम्ले स्वीकार गरी लामो समयपछि २०६४ सालमा फिराद गरेको विषय मुलुकी ऐन, जग्गा मिच्नेको १८ नं. को हदम्यादअन्तर्गत परेको भन्न मिल्ने देखिएन । जग्गा मिच्नेको १८ नं. को हदम्याद मुद्दा गर्नुपर्ने कारण अर्थात् खिचोला भएको मितिबाटै लागू हुने हुन्छ। मर्का परेको विषयमा ऐनले निर्धारण गरेको समयभित्र उपचार माग नगरी आफूलाई अनुकूल परेको समयमा नालेस गर्दै जानु कानूनसङ्गत नभएकोले पुनरावेदन जिकिर मनासिब देखिन नआउने।

वस्तुतः जुन समयमा आफ्नो हक अधिकारमा असर परेको हो सो हक अधिकार प्रचलनका लागि कानूनले निर्धारण गरेको समयभित्र सक्षम निकायमा दाबी प्रस्तुत गर्नुपर्छ । कानूनले हदम्याद नलाग्ने व्यवस्था गरेकोमा बाहेक कुनै पनि मुद्दामा हदम्यादसम्बन्धी प्रश्न प्रारम्भिकरूपमा सिर्जना हुनजान्छ। हद म्यादको निराकरण भएपछि मात्र मुद्दाको तथ्य एवम् Merit मा विचार गर्नु पर्दछ । हदम्यादै नभएको विषयमा मुद्दको सन्दर्भ र विषयवस्तुभित्र प्रवेश गरी अदालतले निर्यण गर्न मिल्नेसमेत नदेखिने।

तसर्थ उल्लिखित कानूनी व्यवस्था र आधार प्रमाणसमेतबाट हदम्याद नाघी पर्न आएको फिराद दाबी खारेज गर्नुपर्नेमा सो नगरी तथ्यमा प्रवेश गरी इन्साफ गरेको सुरू पर्सा जिल्ला अदालतको मिति २०६६।७।९ को फैसला उल्टी गरी फिराद दाबी खारेज हुने ठहर्‍याई पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६८।२।३० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: दीलीपराज पन्त

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७२ साल फागुन १७ गते रोज २ शुभम्।

## इजलास नं. २

१

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री गोपाल पराजुली,** ०७३-WH-००३५, बन्दीप्रत्यक्षीकरण, *महेश्वरबहादुर खत्री वि. भक्तपुर जिल्ला अदालत तहसिल शाखासमेत*

सारवान् कानूनले प्रदान गरेका उपचारका मार्गहरूको बेवास्ता गरेको अवस्थामा अदालतको फैसलाको तपसिल खण्डमा निवेदकलाई पुनरावेदनको म्याद दिनु भनी लेखिएको आधारमा मात्र पुनरावेदन गर्न पाउने हक सिर्जना हुन सक्दैन। पुनरावेदन अदालतबाट फैसला लेख्दा तपसिल खण्डमा निवेदकलाई पुनरावेदनको म्याद दिनु भनी उल्लेख गरेको कारणबाट अदालतबाट निजको नाममा पुनरावेदनको म्याद तामेल भएको रहेछ। पुनरावेदन गर्न पाउने अधिकार कानूनबाट प्राप्त हुने अधिकार हो। फैसलाको तपसिल खण्डमा लेखिएको कारणले मात्र पुनरावेदन लाग्ने वा नलाग्ने हुँदैन। तथापि उक्त तामेली म्यादभित्र निवेदक पुनरावेदन दर्ता गर्न आएमा पुनरावेदन दर्ता हुने नहुने सम्बन्धमा सोही पुनरावेदनबाट निरूपण हुने।

निवेदकलाई सुरू फैसलाले लागेको कैद जरिवाना असुल गर्न विपक्षीहरूले पक्राउ गरी

कारागारमा पठाएको कार्यले निवेदकको पुनरावेदन गर्ने अधिकारलाई निष्क्रिय र सङ्कुचन बनाएछ भन्ने अवस्था रहेन । कानूनअनुरूप गरीएको पक्राउलाई गैरकानूनी र गैरसंवैधानिक भन्न पनि मिलेन । अतः कानूनले अख्तियारी प्रदान गरेका निकाय विपक्षीहरूबाट कानूनबमोजिम गरीएको कामकारबाहीलाई गैरकानूनी भन्न नमिल्ने हुँदा निवेदकलाई पक्राउ गरी कैदमा पठाउनेसमेतका कामकारबाहीबाट निजको संविधान प्रद्धत्त र कानून प्रद्धत्त कुनै पनि हकमा असर परेको देखिन नआउने ।

तसर्थ उल्लिखित कानूनी व्यवस्थाको विश्लेषणसमेत आधार र कारणबाट बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गरी पाउँ भन्ने प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत**:** कपिलमणी गौतम

कम्प्युटर**:** मन्दिरा रानाभाट

इति संवत् २०७३ साल पुस १९ गते रोज ३ शुभम् ।

२

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री दीपकराज जोशी,** ०६९-CI-०८७६, निषेधाज्ञा, *राज नन्दन मण्डल वि. रविन्द्र वनग्वार*

जग्गा जमिनसमेतका अचल सम्पत्ति भोग गर्ने व्यक्तिमा उक्त सम्पत्तिको कानूनबमोजिमको हकको स्रोत हुनुपर्छ । हकको कानूनबमोजिमको स्रोत प्रत्यर्थी निवेदकको भएको देखिन्छ । विपक्षी पुनरावेदकले अर्काका हक दर्ताको जग्गामा भोग गर्न विधिवत् दर्तावाला बन्न सक्नु पर्दछ । पुनरावेदक विपक्षी दर्तावाला जग्गाधनी होइन भन्ने तथ्यमा विवाद रहेको देखिँदैन । फगत भोगको आधार मात्र पुनरावेदकले जग्गा आफ्नो हो भनी जिकिर लिएको देखियो । अर्काको जग्गामा जबरजस्ती भोग गर्न पाइने हुँदैन । त्यही जबरजस्ती भोग गर्न खोज्यो भनी प्रत्यर्थी निवेदकको निवेदन परेको हो । पुनरावेदकले २०२७ सालदेखि भोग गरेको भन्ने जिकिर लिएको देखिन्छ । तर उक्त जग्गामा भोग गरेको कुनै पनि प्रमाण निजबाट पेस हुन सकेको देखिँदैन । तिरो तिरेको रसिद आफूसँग भएको जिकिर पनि पुनरावेदकको देखिन्छ । तिरो त जग्गाधनीकै नामबाट तिरिने हो । कसैमार्फत पनि तिरो बुझाउन पठाउन सकिने कुरा हुन्छ । अर्काको नामको जग्गाको तिरो रकम बुझाएको कारणले मात्र भोग प्रमाणित हुन सक्दैन । अपितु भोग गरेकै तथ्यगत रूपबाट देखिनु पर्ने ।

निषेधाज्ञाको निवेदनबाट उपचार पाउनको लागि अतिक्रमण हुन खोजेको भनिएको सम्पत्ति सारभूत (Substantially) रूपमा आफ्नो भएको स्थापित गर्न सक्नुपर्छ । सो प्रत्यर्थी निवेदकले स्थापित गरेको देखिएकै छ । सुरू निवेदनमा उल्लेख भएको सम्पत्तिमा प्रत्यर्थी निवेदकको पूर्ण हक (Absolute Right) विवादरहित रूपमा कानूनी मान्यता प्राप्त जग्गाधनी दर्ता प्रमाण पत्रसमेतका कागजबाट प्रमाणित भएको देखिन्छ । उपभोग गर्न कानूनी हक नै नभएका पुनरावेदक विपक्षीले निवेदकको साम्पत्तिको हकमाथि अतिक्रमण गर्न खोजेको देखिन्छ । प्रत्यर्थी निवेदकको हकको स्रोत र स्वामित्वको कि.नं.१६४ को जग्गामा अनाधिकार रूपबाट भोग गर्न खोजेको देखियो । प्रत्यर्थी निवेदकको साम्पत्तिक हकमा पुनरावेदकबाट खलल पुग्न सक्ने स्थिति र आशङ्का विद्यमान रहिरहेको हुँदा निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी गरेको पुनरावेदन अदालत, जनकपुरको आदेशमा कुनै त्रुटि रहेको नदेखिने ।

तसर्थ, उल्लिखित आधार र कारणबाट निवेदकको दर्ता हकको कि.नं.१६४ को जग्गामा बार टाटी लगाई कुनै पनि हस्तक्षेप तथा अतिक्रमण नगर्नु नगराउनु भनी विपक्षीहरू पुनरावेदकसमेतका नाउँमा निषेधाज्ञाको आदेश जारी गरी पुनरावेदन अदालत, जनकपुरबाट मिति २०६८।१२।२८ मा भएको आदेश

मिलेको हुँदा सदर हुने ।

इजलास अधिकृतः कपिलमणी गौतम

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७३ साल भदौ १४ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री बैद्यनाथ उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६८-CR-००७७ र ०६८-CR-०५९५, कर्तव्य ज्यान, *सुमन भुजेल वि. नेपाल सरकार, नेपाल सरकार वि. कृष्णकुमार भुजेलसमेत*

प्रतिवादीले मृतकलाई मार्ने मनसायले निजको श्रीमान्ले नबोलाएको अवस्थामा पनि झुट्ठो खबर गरी रातिको समयमा मृतकलाई घरबाट निस्कन प्रेरित गरेको देखिन्छ । घटनाको भोलिपल्ट यी प्रतिवादीको व्यवहार अस्वाभाविक देखिएको र मृतकको मृत्यु सम्बन्धमा कसैले सोध्दा मृतक मरेको होइन मारेको हो भनेको, पछि सोही विषयमा आफूलाई घटनाबारे जानकारी नभएको भनी बताएको भन्ने शान्तकुमार थापासमेतको कागजबाट देखिन्छ । यसरी प्रतिवादीले गलत समाचार सम्प्रेषण गरेर रातिको समयमा मृतकलाई घरबाट निस्कनुपर्ने अवस्था सृजना गरी मृतक आफ्नो श्रीमानलाई भेट्न जाँदै गर्दा बाटोमा ढुकी कर्तव्य गरी मारेको देखिँदा यी प्रतिवादी निर्दोष रहेछन् भनी मान्न नमिल्ने ।

प्रतिवादी पहिला जाहेरवालाको मिलमा गएको देखिन्छ । तत्पश्चात मृतकको घरमा गई झुठा व्यहोरा बताई मृतकलाई घरबाट बाहिर निकालेको देखिन्छ । रातिको समयमा मृतक एक्लै घरबाट निस्कदै छन् भन्ने कुरामा यी प्रतिवादी जानकार रहेको देखिन्छ । मृतकलाई यी प्रतिवादीले झुठाकुरा गरी रातिको समयमा बाहिर जान प्रेरित नगरेको भए मृतक घरबाट निस्कनु पर्ने कुनै प्रयोजन रहेको देखिँदैन । जसको फलस्वरूप निजको ज्यान जोगिने अवस्था आउन सक्थ्यो । यसरी बिनाकारण मृतकलाई घरबाट बाहिर जानु भनी झुठा समाचार दिनु, मृतकको मृत्युको बारेमा विरोधाभाषपूर्ण कुरा गर्नु, घटना सम्बन्धमा बुझिएका सुष्मा खड्का, शुभलक्ष्मी लामा, शान्तकुमार थापासमेतका व्यक्तिहरूको भनाई र प्रतिवादीको शङ्कास्पद व्यवहारको तथ्यहरू एकआपसमा श्रृंखलाबद्धरूपमा जोडिएको देखिन्छ । यसरी परिस्थितिजन्य प्रमाणबाट यी प्रतिवादीको कसुर स्थापित भइसकेको देखिँदा निजउपर शङ्काको आधारमा मात्र कसुर ठहर गरिएको भन्ने प्रतिवादीको पुनरावेदन जिकिरसँग समहत हुन नसकिने ।

प्रतिवादीहरू सुमन भुजेलबाहेकका अन्य प्रतिवादीहरूलाई जिल्ला अदालत तथा पुनरावेदन अदालत दुवै तहबाट केहीले सफाइ पाएका र केहिलाई तीन वर्षभन्दाकम सजाय भएको अवस्था देखिन्छ । जिल्ला अदालत तथा पुनरावेदन अदालत दुवै तहबाट सफाइ पाउने र तीन वर्षभन्दा कम सजाय पाउनेको हकमा दोस्रो तह पुनरावेदन सर्वोच्च अदालतमा लाग्न सक्ने देखिन आएन । तसर्थ न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) को व्यवस्थाअनुसार प्रस्तुत मुद्दामा दोस्रोतह पुनरावेदन सर्वोच्च अदालतमा लाग्न सक्ने देखिएन । यसरी कानूनबमोजिम पुनरावेदन लाग्न नसक्ने प्रकृतिको मुद्दामा वादी नेपाल सरकारको तर्फबाट पुनरावेदन दर्ता भई इजलाससमक्ष पेस भएको देखिँदा प्रस्तुत पुनरावेदनको औचित्यभित्र प्रवेश गरी इन्साफ गर्न मिल्ने नदेखिने ।

तसर्थ माथि विवेचित आधार कारणबाट प्रतिवादी सुमन भुजेललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ नं., १३(३) नं. को कसुरमा सोही नं.अनुसार जन्मकैदको सजाय हुने ठहरी सुरू सिन्धुपाल्चोक जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहर्याई पुनरावेदन अदालत, पाटनबाट मिति २०६७।१२।१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्दैन । वादी नेपाल सरकारको तर्फबाट दायर

भएको पुनरावेदन न्याय प्रशासन ऐन, २०४८ को दफा ९(१)(ग) बमोजिम यस अदालतमा पुनरावेदन लाग्न सक्ने अवस्थाको नदेखिएकोले वादी नेपाल सरकारको पुनरावेदन पत्र खारेज हुने।

इजलास अधिकृतः सुरेशराज खनाल

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७३ साल वैशाख २९ गते रोज ४ शुभम्।

**इजलास नं. ३**

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७०-CR-१०३७, कर्तव्य ज्यान, *हिरादेवी सिंह वि. नेपाल सरकार*

लासजाँच मुचुल्कामा उल्लिखित घाउ खतको विवरण र मृतकको लासको फोटोबाट समेत प्रतिवादीले तपेन्द्र सिंहलाई धारिलो हतियारले पटकपटक प्रहार गरेको कुरा स्पष्ट हुन आउँछ । प्रत्यक्षदर्शी तथा पीडित घाइते स्यारोन सिंहले बकपत्र गर्दा उक्त घटनापूर्व पनि प्रतिवादी हिरादेवी सिंहले हान्ने, कुट्ने गरेको तथ्य खुलाएको देखिन्छ। हँसिया (गर्सा) जस्तो घातक हतियारले नाबालक तपेन्द्र सिंहमाथि पटकपटक टाउको, घाँटी जस्ता शरीरका संवेदनशील अङ्गमा प्रहार गर्दा बालकको मृत्यु हुन गएको स्थापित छ । गर्सा जस्तो हतियारले आफैँले पालनपोषण गर्नुपर्ने बच्चालाई पटकपटक प्रहार गरी मारेको स्थितिमा प्रतिवादीले भवितव्य हो भनी जिकिर लिँदैमा पुनरावेदन अदालतले गरेको सजायमा विचार गर्नुपर्ने अवस्था देखिन नआई प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं.बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर गरेको फैसला मनासिबै देखिन आउने।

पुनरावेदकले सुरूमा स्यारोन सिंहलाई नै गर्साले प्रहार गरेको देखिन्छ। स्यारोन सिंहलाई प्रहार गरेको देखेकोले तपेन्द्रलाई पनि आक्रमण गरेको कुरा प्रतिवादीको बयानबाट नै स्पष्ट हुन आउँछ । गर्साको प्रयोग बालकको घाँटी जस्तो संवेदनशील अङ्गमा गरीएको पाइन्छ । स्यारोन सिंहको घाउ जाँच केस फाराममा cut injury in throat भन्ने उल्लेख छ । घाँटीजस्तो स्थानमा पटकपटक प्रहार गरेकोले मार्ने मनसायबाट नै गरिएको देखिन्छ। यसै गरी प्रतिवादीकै बयानमा पनि निज मरिन् र मारेको कुरा तपेन्द्रले देखेकाले पोल खुल्ने डरले तपेन्द्रलाई पनि मारेको भन्ने उल्लेख भएको देखिइरहेकै छ । तपेन्द्र सिंह कोठामा रहेको देखी प्रतिवादीले तपेन्द्र सिंहलाई गर्साले आक्रमण गर्दा निजको मृत्यु भएको देखियो। स्यारोन गर्साको पटकपटक प्रहारको बाबजुद पनि बाँचेको कुरा मिसिलबाट छर्लङ् नै छ । यसरी स्यारोनलाई मार्ने मनसाय लिई घाँटीमा प्रहार गरेको कुराको प्रस्टरूपमा पुष्टि हुन आउँछ। प्रतिवादीले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १५ नं.अनुसारको कसुरमा मनसाय हनुपर्ने र तेस्रो पक्षको उपस्थितिको जिकिर लिए पनि प्रतिवादीको कार्यमा अपराधमा हुने मनसाय तथा कार्यसमेत तत्त्व स्पष्टरूपमा देखिन आयो। यस अवस्थामा पुनरावेदकको जिकिर पुग्ने अवस्थाको विद्यमानता देखिन नआउने। अतः प्रतिवादी हीरादेवी सिंहलाई बालक तपेन्द्र सिंहको हत्या गरेकोमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं.बमोजिम सर्वस्वसहित जन्मकैद तथा बालिका स्यारोन सिंहको ज्यान मार्ने उद्योग गरेको ठहर गरी ज्यानसम्बन्धी महलको १५ नं.बमोजिम ५ वर्ष कैदसमेत हुने गरी पुनरावेदन अदालतबाट भएको फैसलालाई अन्यथा भन्न सक्ने अवस्था देखिन नआउने।

इजलास अधिकृतः रामप्रसाद पौडेल

इति संवत् २०७३ साल असार २ गते रोज ५ शुभम्।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६९-CR-०२९९, कर्तव्य

ज्यान, *छटेलाल राउत कुर्मी वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीको जेठी श्रीमती सुनिता देवीले अनुसन्धान अधिकारीसमक्ष गरिदिएको कागजमा मिति २०६७।७।१९ गते लक्ष्मी पूजाको दिन बेलुकी पटाकाको विषयमा वादविवाद झैझगडा हुँदा वासमती देवीलाई छोटेलालले कुटपिट गरेको भनी लेखाई दिएको पाइन्छ भने सोही कुरालाई समर्थित हुने गरी मनिषा कुमारी, विकास राउत तथा शान्ति देवीले समेत कागज गरिदिएको पाइन्छ । मिति २०६७/७/१९ मा कुटपिट भएपछि भोलिपल्ट अर्थात् मिति २०६७/७/२० गते उपचार गर्दा गर्दै मृतकको मृत्यु भएको अवस्था देखिन्छ भने विकास राउत कुर्मीले अदालतमा आई बकपत्र गर्दा सानो बुबा छोटेलाल राउतले आमालाई कुटपिट गरेको म आफैँले देखेको हुँ । उपचारको क्रममा भोलिपल्ट अस्पतालमा आमाको मृत्यु भएको हो भनी प्रस्ट किटान गरी प्रत्यक्षदर्शीको रूपबाट बकपत्र गरिदिएको देखिएको छ । जाहेरवाला तथा घटनास्थल प्रकृति मुचुल्काका मानिस रन्जित साहसमेतले गरीदिएको बकपत्रसमेतबाट पुनरावेदक प्रतिवादीकै कुटपिटकै कारणबाट बेहोस भई उपचारको क्रममा दोस्रो दिन नै मृत्यु भएको र मृतकको शरीरमा बाह्य चोट नदेखिए तापनि लात मुक्का शरीरको संवेदनशील अङ्गको भित्री मर्ममा परेको चोटको कारणबाट वासमती देवीको मृत्यु भएको देखिँदा पुनरावेदन अदालतबाट मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सर्वश्वसहित जन्मकैद हुने ठहरी गरेको फैसलालाई अन्यथा भन्न नसकिने।

प्रतिवादीले मृतकलाई मार्ने मनसायले आक्रमण गरेको नदेखिएको, पूर्वरिसइवी नदेखिएको, बाहुना साह तुराहाको कुटाइबाट हात भाँच्चिएको अवस्था, स्वयम् मृतक पनि पहिल्यैको कुटाईबाट अस्वस्थ रहेको देखिएको, प्रतिवादी कै कुटाईबाट नै मृत्यु भएको भन्ने निश्चयात्मक प्रमाण पनि द्विविधाजनक देखिएको, वारदातको प्रकृति र अवस्थासमेतलाई विचार गर्दा प्रतिवादीलाई पुनरावेदन अदालत, हेटौंडाले अ. बं. १८८ नं.बमोजिम १० वर्ष कैदको राय व्यक्त गरे पनि सो १० वर्षको सजाय पनि चर्को पर्नजाने देखिँदा प्रतिवादीलाई ७(सात) वर्ष कैद सजाय गर्दा पनि ऐनको मक्सद पूरा हुने नै देखिँदा प्रतिवादी छोटेलाल राउत कुर्मीलाई अ.वं. १८८ नं.बमोजिम ७ वर्ष कैद सजाय गर्नुपर्ने।

इजलास अधिकृतः रामप्रसाद पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७३ साल असार २ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६९-CR-१०५२, हातहतियार खरखजाना, *सहदेव मण्डल वि. नेपाल सरकार*

बरामदस्थलमा सो हातहतियार खरखजना राखेको भनी निजहरू प्रतिवादीहरूबीच एक अर्कामा सम्बन्ध, सम्पर्क, योजना, संलग्नता देखाई पोली क्रमबद्ध बयान गरेको, हतियार आफूबाट बरामदी भएको तथ्य प्रतिवादी विद्यालालले स्वीकार गरेबाट यी प्रतिवादी सहदेव मण्डललाई कुनै फसाउने मनसाय नभई स्वतस्फूर्त नै बयान गरेको देखिन्छ । साथै सो बयानलाई प्रतिवेदन / जाहेरी र प्रतिवेदकको जिल्ला प्रशासन कार्यालयको बकपत्र, खानतलासी मुचुल्का, बरामदी सामानबाट पनि पुष्टि भएको देखिन्छ। प्रतिवादी सहदेव मण्डलले जिल्ला प्रशासन कार्यालयसमक्ष गरेको बयान कसुरमा संलग्नता नभएको र वारदातको समयमा वारदातस्थलमा नभई आफ्नो घरमा रहेको भनी इन्कारी जिकिर लिए पनि सो इन्कारी बयान व्यहोरालाई निजले वस्तुनिष्ठ साक्षी प्रमाणद्वारा पुष्टि गर्न सकेको अवस्था नदेखिने । वस्तुत: सहप्रतिवादी विद्यालाल मुखियाले हातहतियार आफूबाट बरामद भएको स्वीकार गरेकोमा हतियार खरखजाना बरामद भएको पुष्टिसमेत भएको अवस्था, सहअभियुक्त आफू

साबित भई यी प्रतिवादी सहदेव मण्डललाई पोलेको अवस्थासमेत देखिएको एवम् यी प्रतिवादीको इन्कारी बयान वस्तुनिष्ठ प्रमाणद्धारा पुष्टि हुन नसकेकोले अभियोग दाबीबमोजिम यी प्रतिवादी सहदेव मण्डलले बिना लाइसेन्स हातहतियार वा खरखजना लिई हिड्ने र आफूसँग राख्ने वा राख्न लगाउने गरेको देखिँदा हातहतियार खरखजना ऐन, २०१९ को दफा ३(२) र ५(१) को कसुर गरेको पुष्टि हुन आएकोले सोही ऐनको दफा २०(२) र २०(३) अनुसार निज प्रतिवादी सहदेव मण्डललाई रू.६०,०००।- जरिवाना हुने देखिएकाले सोहीबमोजिम कसुर ठहर गरी सजाय ठहर गरेको सुरू जिल्ला प्रशासन कार्यालय, सप्तरी तथा पुनरावेदन अदालत, राजविराजले गरेको फैसला मिलेकै देखिने।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७२ साल चैत २२ गते रोज २ शुभम्।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६६-CI-०२१४, अंश चलन, *श्याम महर्जन वि. राम महर्जन*

पुनरावेदक श्याम महर्जनले कि.नं. ४६ को जग्गा एकासगोलमै रहेको अवस्थामा मिति २०३९।१।३० मा राजीनामामार्फत खरिद गरी लिएको देखियो । निजी तवरले दान बकस पाएको वा निजी आर्जन गरेको भनी ठोस प्रमाण यी प्रतिवादीले गुजार्न सकेको देखिँदैन । स्वआर्जनको ठोस सबुद प्रमाणको अभावमा एकाघर सगोलका जुनसुकै अंशियाराको नाउँमा राजीनामामार्फत खरिद गरी लिएका सम्पत्ति सगोलको आय आर्जनबाट नै बढेबढाएको मान्नुपर्ने देखिँदा सगोलको भई सबै अंशियाराको हक लाग्ने देखिएकाले सो कि.नं.४६ को जग्गा बन्डा लाग्ने ठहर्‍याएको सुरू तथा पुनरावेदन अदालतको फैसला मिलेकै देखिन आउने।

अंश हक नैसर्गिक हक भएकोले अंशको हक अंशियार भएका नाताले स्वतः प्राप्त गर्ने हक हुँदा यसरी स्वतः प्राप्त गर्ने कानूनी हकलाई निष्क्रिय वा सङ्कुचित पार्ने गरी भएको कुनै लिखतले कानूनी मान्यता प्राप्त गर्न सक्ने हुँदैन । जुनसुकै अंशियारा वादी भई चलेको मुद्दा भए पनि सगोलको सम्पत्ति रहेको आधारसहित आफूले पाउने बन्डाको दाबी जिकिर लिन र सगोलको सम्पत्ति ठहरिएमा बन्डा पाउने हक त्यस्तो सगोलको अंशियारालाई हुने नै हुन्छ, त्यस प्रयोजनको लागि मात्र प्रत्येक अंशियाराले छुट्टाछुट्टै फिराद दिन जरूरी नदेखिने। कुनै अंशियाराको हकमा असर पर्ने किसिमले एकासगोलको अशियाराले अर्को अंशियारालाई सगोलको कुनै सम्पत्ति कुनै किसिमले हक हस्तान्तरण गरेकोमा सो सम्पत्ति सगोलको देखिई अंशियाराले बन्डा पाउने नै देखिएपछि सो एकासगोलको अंशियाराले अर्को अंशियारालाई दिएको लिखत बदर नगराएको कारणले वा अंशतर्फको छुट्टै वादी नदिएको कारणले मात्र सगोलको सम्पत्तिबाट अंश पाउने कुनै अंशियारालाई वञ्चित हुने गरी ठहर गर्न वा पछि वादी दिएको बखत विचार गर्ने गरी हाललाई सोतर्फ बोल्नु परेन भन्ने व्यहोराले गरेको फैसला अंशबन्डाको १ नं.,२ नं. र दण्ड सजायको ४६ को देहाय १८ को कानूनी व्यवस्था र सोको मर्मविपरीत हुने । उक्त कि.नं. ६ को जग्गा सगोलको र बन्डा लाग्ने देखिएपछि प्रस्तुत मुद्दाबाट नै प्रतिवादी श्याम महर्जनले बन्डा पाउने ठहर फैसला गर्नुपर्नेमा प्रतिवादी श्याम महर्जनले कानूनबमोजिम फिराद मागदाबी गरेको बखत सो कि.नं. ६ को जग्गा बन्डा हुने नहुने भन्नेसम्बन्धमा बोल्ने गरी भएको पुनरावेदन अदालत, पाटनको फैसला मिलेको नदेखिने।

बाबु राम महर्जनले मोहीको हैसियतले प्राप्त गरेको साबिक कि.नं.४८२ कित्ताकाट भई कायमी कि.नं. ८५८ को क्षे.फ. ०-१३-१-० को जग्गा निज राम महर्जनको हकमा निजी आर्जन भए पनि सो सम्पत्ति निजबाट अंश पाउने सन्तान छोराहरूको

हकमा पैतृक सम्पत्तिनै मान्नु पर्ने देखिएकोले सगोलको भई बन्डा लाग्ने सम्पत्ति नै देखियो । तथापी सो कि.नं. ८५८ को क्षे.फ. ०-१३-१-० को जग्गा निज राम महर्जनले अंशियारामध्येकै घनश्याम महर्जनको पत्नी कृष्णदेवी महर्जनलाई मिति २०६४।७।२९ मा हालैको बकसपत्र दिएको देखिन्छ । माथि प्रकरणमा लेखिएबमोजिम बन्डा लाग्ने देखिएकोमा एकासगोलको अंशियारले अर्को अंशियारालाई सगोलमा रहदाको अवस्थामा अर्को तेस्रो अंशियाराको अंशहकमा असर पर्ने गरिदिएको हकहस्तान्तरण कायम रहन नसक्ने हुदा अंशियारा घनश्याम महर्जनको पत्नी कृष्ण देवीलाई हक हस्तान्तरण भएकै कारणले मात्र बन्डा नहुने देखिएन । कि.नं. ८५८ को क्षे.फ. ०-१३-१-० को जग्गाबाट समेत प्रतिवादी श्याम महर्जनले समेत अंश पाउने ठहर गर्नुपर्नेमा सो ठहर्‍याएको समेत सुरू तथा पुनरावेदन अदालतको फैसला मिलेको देखिन नआउने।

तसर्थ कि.नं. ८५८ र कि.नं.६ को जग्गाबाट समेत प्रतिवादी श्याम महर्जनले पनि ३ भागको १ भाग अंश पाउने ठहर फैसला गर्नुपर्नेमा सो कि.नं.८५८ र ६ को जग्गाबाट प्रतिवादी श्याम महर्जनले अंश नपाउने ठहर्‍याएको हदसम्म केही उल्टी भई अरूमा सुरू ललितपुर जिल्ला अदालतको मिति २०६४।१०।१४ को फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६५।१०।२८ को फैसला सदर हुने।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७२ साल फागुन १२ गते रोज ४ शुभम्।

५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७०-CR-११०६, शरीर बन्धक बनाई जबरजस्ती करणी, *नेपाल सरकार वि. रामबहादुर नेपाली*

वादी पक्षले अपहरणतर्फ अभियोग दायर गर्दा अपहरण तथा शरीरबन्धकको महलको २ र ३ नं. मा उल्लिखित कुन कुन कार्य गरी पीडितलाई यी प्रतिवादीले अपहरण गरी शरीर बन्धकमा लिएको हो भन्ने कुरा स्पष्टरूपमा उल्लेख नगरी गोश्वारारूपमा २ र ३ नं. को दाबी लिई अभियोग पत्र दायर गरेको देखिन्छ । प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम वादी पक्षले आफ्नो दाबीलाई खम्बीर हुने गरी वस्तुनिष्ठ प्रमाणद्वारा अभियोग दाबी पुष्ट्याँई गर्नुपर्नेमा केवल अनुमानकै भरमा मात्र यी प्रतिवादीलाई अपहरण तथा शरीर बन्धकतर्फ पनि सजायको माग दाबी लिई दायर गरिएको अभियोग पत्रलाई मात्र आधार मानि अपहरण तथा शरीर बन्धक जस्तो गम्भीर अपराधमा शङ्का र अनुमानका भरमा कसुरदार ठहर गर्नु न्यायोचित नदेखिने।

प्रस्तुत मुद्दामा अभियोग दाबीबमोजिमको करणीको पूर्ण कसुर पुष्टि भएको र अपहरणको तत्त्वहरूको समेत अभाव रहेको देखिन आउँछ। करणी प्रयोजनको लागि अपहरण वा शरीर बन्धक लिएमा सोलाई अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलले अपराध घोषित गरे पनि प्रस्तुत मुद्दामा पीडितलाई ओडारसम्म पुर्‍याएको र करणीको अवधिसम्म राखेको कारणबाट मात्र अपहरण पुष्टि गर्न सक्ने अवस्थाको विद्यमानता देखिँदैन । यस अवस्थामा प्रतिवादी रामबहादुर नेपालीलाई जबरजस्ती करणीको महलको १ नं. विपरीतको कसुरमा सोही महलको ३(२) नं.बमोजिम ८ वर्ष कैद सजाय हुने र प्रतिवादीबाट पीडित नाबालिकालाई जबरजस्ती करणीको १० नं.बमोजिम रू.८,०००।- (आठ हजार) क्षतिपूर्ति भराइ दिने र अभियोग पुष्टि हुने यथेष्ट सबुद प्रमाणको अभावमा प्रतिवादी रामबहादुर नेपालीलाई अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलअन्तर्गतको अभियोग दाबीबाट सफाई पाउने ठहराइ गरेको फैसलालाई

अन्यथा भन्न नसकिने।

इजलास अधिकृत: रामप्रसाद पौडेल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७२ साल चैत २८ गते रोज १ शुभम्।

६

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०७०-CR-०००१, कर्तव्य ज्यान, *प्रकाश फुयाल वि. नेपाल सरकार*

अनुसन्धान अधिकारीसमक्ष भएको बयान स्वेच्छापूर्वकको होइन भन्ने कुरा पुष्टि हुने आधार रहेको नदेखिँदा उक्त बयान प्रमाण ऐन, २०३१ बमोजिम प्रमाणको रूपमा रहेकोमा विवाद छैन। अनुसन्धानको क्रममा कागज गर्ने प्रताप फुयाल निजको आफ्नै भाई नाताको भएकोमा निजको कागज व्यहोरामा यी प्रतिवादीले रातको समयमा बोलाएपछि आफू गएको र भुवनलाई दाजुले गोली प्रहार गरेको भनी निज त्यहीँबाट अन्यत्र गई आफूले मोटरसाइकल लिई घरमा आएको व्यहोरा उल्लेख भएको, त्यसैगरी प्रताप फुयालसँग जाने अनिल न्यौपानेको पनि सोहीअनुसारको व्यहोरा रहेकोमा उक्त व्यहोरा अन्यथा हो भनी बकपत्र गर्न अदालतमा उपस्थित नभएकोले प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको बयान अन्यथा भन्न सक्ने नदेखिने। अनुसन्धानको क्रममा कागज गर्ने र प्रतिवादीकै साथमा गएको वारदातस्थलमा रहेको चश्मदिद् व्यक्ति जगदिश कालाखेतीको व्यहोरामा पनि प्रतिवादीको पहिला भुवन कार्कीसँग झगडा भएपछि निजले घरमा गई पेस्तोल ल्याई भुवनलाई प्रहार गरेको भनी उल्लेख गरेको देखिन्छ। पुनरावेदकले पेस्तोल खोसाखोसबाट गोली प्रहार हुन गएको भन्ने जिकिर पुष्टि हुन कुनै पनि प्रमाणले साथ दिइरहेको देखिँदैन। यसरी पुनरावेदक प्रतिवादीकै कारणबाट भुवनको मृत्यु भएको पुष्टि भएको देखिँदा पुनरावेदक प्रतिवादी प्रकाश फुयाललाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं.बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याई भएको फैसला मनासिब देखिँदा पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

इजलास अधिकृतः रामप्रसाद पौडेल

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७२ साल चैत २८ गते रोज १ शुभम्।

७

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री गोविन्दकुमार उपाध्याय,** ०६८-CR-११४९, कर्तव्य ज्यान, *प्रदेश चौधरी वि. नेपाल सरकार*

प्रतिवादीले आफ्नी श्रीमती अनारकली चौधरीको मुखमा बञ्चरो जस्तो घातक हतियारले प्रहार गरेको र लडेपछि डोरीले घाँटी कसी पासो लगाई झुण्ड्याउन खोज्दा नसकेपछि उक्त डोरी घाँटीबाट काटी भागी फरार भएको देखिन्छ। आवेश प्रेरित हत्यामा जोखिमपूर्ण हतियार प्रयोगलाई निषेध गरीएको देखिन्छ। त्यस्तै प्रस्तुत अपराधमा प्रतिवादीले बञ्चरोले हानेपछि पुन: अर्को आपराधिक कार्य डोरीले घाँटीमा बाँधी झुण्ड्याउने प्रयास गरेको देखिन्छ। घटना हुँदा प्रतिवादीले देखाएको घटनाको चरणबद्ध कार्यलाई आपराधिक मनसाययुक्त अवस्थाको मान्नु पर्ने देखियो। यस्तोमा आवेशप्रेरित हत्या आकर्षित हुनसक्ने अवस्था देखिँदैन। यसरी पुनरावेदक प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं.बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याई पुनरावेदन अदालतबाट भएको फैसला मनासिब नै देखिन आउने।

प्रतिवादीले मादक पदार्थ सेवन गरेको, रिसको आवेगमा श्रीमतीको हत्या गरेको, श्रीमतीलाई मार्नुपर्ने सम्मको पूर्वरिसइवी केही नदेखिएको, घटना घटेको कुरालाई सविस्तार वर्णन गरी अनुसन्धान कार्य तथा अदालतलाई पनि सहयोग गरेको देखिँदा प्रतिवादीलाई १५ (पन्ध्र) वर्ष कैद सजाय गर्दा पनि ऐनको मक्सद

पूरा हुने देखिँदा प्रतिवादी प्रदेश चौधरीलाई मुलुकी ऐन, अ.बं. १८८ नं.बमोजिम १५ वर्ष कैद सजाय हुने।

इजलास अधिकृतः रामप्रसाद पौडेल

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७२ साल चैत २८ गते रोज १ शुभम्।

८

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६८-CR-१०७०, ०६८-CR-१०२५, कर्तव्य ज्यान, *माइला भन्ने सन्तोष तामाङसमेत वि. नेपाल सरकार, नेपाल सरकार वि. सानु तामाङसमेत*

जाहेरवाला सोनाम तामाङको यी प्रतिवादीहरू उपरको किटानी जाहेरी दरखास्त र निजको अदालतको बकपत्र, यी पुनरावेदक / प्रतिवादीहरूको मौका र अदालतको बयानमा तथ्यको एकरूपता नहुनु, मृतकको मृत्युको कारण टाउकोमा गम्भीर चोट भएको भन्ने विशेषज्ञको राय हुनु, मृतकले आत्महत्या गर्नुपर्ने कुनै कारण नदेखिनु र प्रतिवादीहरू विनोद तामाङ र सन्तोष तामाङ वारदातमा संलग्न रहेको देखिनु र प्रहार भएको चोटबाट मृतकको मृत्यु भएको देखिनु र अन्य प्रतिवादीहरूले यी मृतकलाई कुटपिट गरेको भन्ने भनाई यी पुनरावेदकको नरहनु जस्ता परिस्थितिजन्य प्रमाणहरूसमेतबाट प्रतिवादीहरू माईला भन्ने सन्तोष तामाङ र विनोद तामाङसमेतले मृतक रबिना तामाङलाई मार्ने नियतले टाउको जस्तो संवेदनशील अङ्गमा चोट पुर्‍याएको देखिन्छ । साथै शरीरमा देखिएका पटकपटकका चोटहरू र वारदातको बखत मृतकका छोराछोरीलाई बिनोद तामाङले बुद्धे तामाङको घरमा लगी बिनोद तामाङले छाडेको देखिएबाट समग्र परिस्थितिबाट मार्ने नियत र कुटपिटको वारदात लुकाउने नियतसमेत पुष्टि भएको देखिएको छ । उपरोक्तानुसार मिसिल संलग्न प्रमाणहरूबाट प्रतिवादी विनोद तामाङ र सन्तोष तामाङले कुटपिट गरी मृतक रबिनाको मृत्यु भएको पुष्टि भइरहेको देखिँदा अभियोग मागदाबीबाट सफाइ दिलाई पाउँ भन्ने यी पुनरावेदक / प्रतिवादीहरूको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी सन्तोष तामाङ र विनोद तामाङसमेतले यी प्रतिवादीहरू पुष्प तामाङ र सानु तामाङलाई मृतकलाई कुटपिट गर्ने र विष सेवन गराउने कार्यमा संलग्न रहेको भनी खुलाएको देखिँदैन । यिनीहरूले मृतकलाई मार्नुपर्ने सम्मको कुनै रिसइवीसमेत देखिँदैन । प्रतिवादीहरूले मृतकलाई कुटपिट तथा विष सेवन गराउने कार्यमा प्रत्यक्ष संलग्न भएको देखिँदैन । यी प्रतिवादीहरूले मृतकलाई कुटपिट गरेको कुरामा मौका र अदालतमा बयान गर्दा इन्कार रहे पनि वारदात भएको समयमा यिनीहरू घटनास्थलमै मौजुद रहेको देखिँदा मतलबीसम्म देखियो । अत: वारदात हुँदा घटनास्थलमा उपस्थित भई वारदातको मतलबीसम्म देखिँदा निजहरूलाई अभियोग माग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

वारदातको प्रकृति हेर्दा कुटपिट गरी गरेको हत्यालाई विष सेवन गरी आत्महत्या गरेको भनी अपराध लुकाउन खोजेकोले न्याय सम्पादनमा सहयोग गरेको, पश्चाताप गरी न्यायमा समर्पण गरेको देखिन आएन । मृतकलाई यी प्रतिवादीहरूले टाउको जस्तो संवेदनशील अङ्गमा गम्भीर चोट पुर्‍याई कुटपिट गरेको अन्य शरीरको भागमा पनि पटकपटक कुटपिट गरेको चोटहरू मिसिलबाट पुष्टि भएको देखिएकोमा वारदातको प्रकृति र कसुरमा देखिएको संलग्नताको अवस्थालाई दृष्टिगत गर्दा यी प्रतिवादीहरूलाई अ.बं. १८८ नं.बमोजिम सजायमा कमी गर्न मिल्ने नदेखिने।

तसर्थ, विवेचित आधार र कारणसमेतबाट पुनरावेदक प्रतिवादीमध्येका माईला भन्ने सन्तोष तामाङ र विनोद तामाङको हकमा मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) बमोजिम जन्मकैद र प्रतिवादीमध्येका सानु तामाङ र पुष्प तामाङको हकमा

मुलुकी ऐन, ज्यानसम्बन्धीको १७(३) बमोजिम जनही ३ वर्ष कैद सजाय गर्ने गरेको सुरू भक्तपुर जिल्ला अदालतको मिति २०६७।४।२० को फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६८।७।८ को फैसला मिलेकै हुँदा सदर हुने ।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७३ साल असार २२ गते रोज ४ शुभम् ।

९

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-CR-००४४ र ०७२-CR-००३०, कर्तव्य ज्यान र ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. पुजन के.सी.समेत र सचिन श्रेष्ठ वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी सचिन श्रेष्ठ मौकामा समेत आफूले पुजन मैनालीलाई प्रहार गरेकोमा साबित रहेका देखिन्छन् । अदालतको बयानमा समेत सुन्दर र सुमन खड्काले दीपकलाई हानेपछि पुजन मैनाली भाग्दै आफूतिर आएकोले आफूलाई हान्लाकी भनी निजलाई प्रहार गरेकोमा साबित रहेको देखिइरहेको अवस्था तथा पीडितले समेत सचिन श्रेष्ठले प्रहार गरेको कुरा स्पष्टरूपमा खुलाएको देखिँदा प्रतिवादी सचिनले ज्यान मार्ने उद्योगको कसुर गरेको पुष्टि हुन आयो । पुनरावेदक प्रतिवादीले कम सजाय पाउनु पर्ने भन्नेसमेत दाबी लिए पनि घटनाको अवस्थासमेतलाई विचार गर्दा १० वर्ष सजाय गर्नुपर्ने नै अवस्था देखिन आउने ।

घटनाका पीडित पुजन मैनालीले अदालतमा आई बकपत्र गर्दा सचिन श्रेष्ठले आफूलाई मात्र हानेको दीपकलाई हानेको होइन भनी लेखाएको देखिन्छ । वादी पक्षबाट प्रतिवादी सचिनको कारणबाट दीपक कार्कीको मृत्यु भएको वस्तुनिष्ठ प्रमाण पुर्‍याउन सकेको देखिँदैन । फौजदारी कसुर शङ्कारहित तवरबाट पुष्टि नहुँदासम्म कसुरदार ठहर्‍याउन मिल्दैन । पुनरावेदक वादीले सह-अभियुक्तको पोलसम्बन्धी मान्य सिद्धान्तको अवलम्बनसमेत नगरीएको भनी जिकिर लिए पनि सह अभियुक्तको सामुहिक कार्यबाट अपराध भएको पुष्टि हुनुपर्दछ । प्रस्तुत मुद्दामा पुजन मैनालीउपर प्रतिवादीले प्रहार गरेको पुष्टि भए पनि दीपक कार्कीको मृत्यु हुनमा प्रतिवादी सचिनको संलग्नता कहीँ कतैबाट पुष्टि हुन आएको नदेखिने ।

प्रतिवादीले आक्रमण गरेको भन्ने पुष्टि हुन नसकेको तथा घटनास्थलमा साथीहरूले बोलाएर आएको हुनाले प्रतिवादी पुजन के.सी.लाई ऐ. १७(३) नं. बमोजिम सजाय गरेको फैसला मनासिब नै देखियो । पुनरावेदक नेपाल सरकारले सह-अभियुक्तको पोलसम्बन्धी सिद्धान्तको जिकिर लिए पनि सो पुष्टि हुन सकेको पाइएन । यस अदालतबाट प्रत्यर्थी झिकाउने आदेशमा *प्रस्तुत वारदात Joint Enterprise को कसुर* भनी उल्लेख गरे पनि सो आदेशसँगसमेत सहमत हुन सकिएन । केवल घटनास्थलमा उपस्थित भई प्रहार गर्ने साथीलाई आफ्नो मोटरसाइकलमा राखी भागेको भनेको पाइएबाट निजले ज्यानसम्बन्धी महलको १७(३) नं. को कसुर मात्र गरेको स्थापित हुन आउने ।

उपर्युक्त विवेचित आधार कारणबाट प्रतिवादी सचिन श्रेष्ठलाई ज्यानसम्बन्धीको १५ नं.बमोजिम १० वर्ष र प्रतिवादी पवन के.सी.लाई ज्यानसम्बन्धीको १७(३) नं.अनुसार १ वर्ष ३ महिना कैद गर्ने गरी गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६९।९।१७ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः रामप्रसाद पौडेल

इति संवत् २०७३ साल जेठ ३० गते रोज १ शुभम् ।

१०

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०६९-CR-०१६८ र ०६९-CR-०१८७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. कौशिल्या खवाससमेत र सुमित्रा खवास वि. नेपाल सरकार*

फौजदारी अपराधमा जाहेरी तथा बकपत्रलाई

मात्र आधार बनाएर कसुर ठहर गर्न विधिशास्त्रले दिँदैन । जाहेरी बकपत्रसमेतलाई अन्य प्रमाणहरूले पुष्टि गर्न सक्नु पर्दछ । अपराध ठहर गर्न शङ्का र अनुमानका आधारमा सकिंदैन। कसुर ठहर गर्न सु-स्पष्ट प्रमाणको आवश्यकता पर्दछ। प्रतिवादीहरू कौशिल्या खवास, खगेन्द्रकुमार गच्छदार र किशोर खवासलाई प्रतिवादी सुमित्रासँगको बस उठ तथा सङ्गत र नाता सम्बन्धको आधारमा मात्र अपराध गरेको भनी ठहर गर्नसक्ने अवस्थाको विद्यमानता प्रस्तुत मुद्दामा नदेखिई प्रतिवादीहरूलाई सफाइ दिएको पुनरावेदन अदालतको फैसलालाई मनासिब मान्नुपर्ने देखिने।

प्रतिवादी सुमित्रा खवासले कोठामा फेला परेका चुराका टुक्राहरू आफ्नो भनी स्वीकार गरेको अवस्था छ। प्रतिवादीको बयानको consistency नभई फरकफरक देखिएको अवस्था छ। प्रतिवादीकै बयानमा सो दिनमा झगडा भएको कुरा कहीँकतै देखिँदैन । बरामदी कपडाहरूमा लागेको रगत आफ्नो भएको भनी अनुसन्धान क्रममा ततिम्बा बयानमा पतिले कुटपिट गर्दा अघि नै लागेको भनी व्यहोरा लेखाएकोमा बरामदी कपडाहरूमा लागेको रगत परीक्षणबाट प्रतिवादी सुमित्रा खवासको नभएको पुष्टि भएको अवस्था छ। कपडामा लागेको रगत परीक्षणबाट ‘A’ Group को देखिएको छ भने प्रतिवादी सुमित्रा खवासको Blood group ‘O’ भएको देखिन्छ । यसरी प्रतिवादी सुमित्राले पतिले कुटपिट गर्दा अघि नै लागेको र आफ्नै रगत भनी बताए पनि सोको पुष्टि हुन सकेको अवस्था छैन। पुनरावेदकले Blood group को सन्दर्भमा जिकिर लिए पनि जिकिर आफैँमा खण्डित छ । घटनाको परिस्थितिजन्य तथा अन्य प्रमाणले प्रतिवादी सुमित्राको संलग्नता स्थापित गरी रहेको अवस्थामा सुमित्रा खवासको उक्त कथन सत्य रहेको देखिँदैन । आफ्नो लोग्नेलाई कृत्यानन्द मण्डलले मारेको भनी यी प्रतिवादीले बयानमा बताए पनि एकरूपता नभई विरोधाभाषपूर्णसमेत देखिएको अवस्था छ । यस अवस्थामा परिस्थितिजन्य समस्त प्रमाणहरूबाट पुनरावेदक प्रतिवादी सुमित्राको कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) विपरीत देखिई प्रतिवादीलाई १३(३) नं.बमोजिम जन्म कैद हुने ठहर गरेको पुनरावेदन अदालतको फैसलालाई अन्यथा गर्नुपर्ने अवस्था नदेखिँदा पुनरावेदकको पुनरावेदन जिकिरसँग सहमत हुने स्थिति नदेखिने।

उपर्युक्त विवेचित आधार कारणहरूबाट प्रतिवादी खगेन्द्रकुमार गच्छदार, कौशिल्या खवास र किशोर खवासलाई अभियोग दाबीबाट सफाइ तथा प्रतिवादी सुमित्रा खवासलाई ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम जन्म कैद हुने ठहर गरी पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६९।१।६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः रामप्रसाद पौडेल

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७३ साल जेठ ३० गते रोज १ शुभम्।

११

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७२-CR-०२७३, कर्तव्य ज्यान, *अरविन्दकुमार झा वि. नेपाल सरकार*

प्रतिवादी अरूण झाले अधिकारप्राप्त अधिकारीसमक्ष मृतक पत्नी बेबी झाले दाइजो नल्याएको र निज मृतक बेबी झाले परपुरूषसँग यौन सम्बन्ध राखेको कारण राति सुतेको समयमा आफूले घाँटी थिची मारी लासलाई टुक्राटुक्रा पारी काटेको हो भनी गरेको साबिति बयान सह-अभियुक्त सरस्वती देवी झाको अनुसन्धान अधिकारीसमक्षको बयान, बोरासहितको दशी बरामद भएको, लासको फोटोबाट सनाखत गरेको भन्ने जाहेरवालीको सनाखत कागज, मिति २०६७।१२।१९ गते अं.२ बजेको रातको समयमा प्रतिवादी अरूण झाको घरबाट “ढक ढक” को आवाज सुनेको भनी मौकामा कागज गर्ने जगमोहन झाको भनाईसमेतका स्वतन्त्र प्रमाणबाट समर्थित भएको देखिएबाट प्रतिवादीको उक्त कार्य योजनावद्ध

रूपमा गरेको देखिएको र घाँटी थिच्ने तथा टुक्राटुक्रा पारेको देखिई जघन्य एवम् मनसायपूर्ण देखिएको छ । वस्तुत: मिसिल संलग्न कागज प्रमाणबाट प्रतिवादी अरूण झा भन्ने अरविन्दकुमार झाले मार्ने नियत लिई पत्नी बेबी झालाई घाँटी थिचि मारेको र लास दवाउनका लागि टुक्राटुक्रा पारेको पुष्टि भएकोले निज प्रतिवादीको उक्त कार्य ज्यानसम्बन्धीको १, ४ र १३(३) नं. विपरीतको कसुर देखिन आएकोले सुरू जिल्ला अदालत तथा पुनरावेदन अदालतबाट यी प्रतिवादी अरूण झा भन्ने अरविन्द कुमार झालाई सोही कसुरमा अभियोग दाबीबमोजिम सर्वश्वसहित जन्मकैद र लास दबाएकोमा थप सजाय हुने ठहर्‍याएको फैसला मिलेकै देखिन आउने।

तसर्थ माथि विवेचित आधार कारणबाट प्रतिवादी अरूण झा भन्ने अरविन्दकुमार झाले ज्यानसम्बन्धीको १, ४ र १३(३) नं. विपरीतको कसुर गरेको पुष्टि भएकोले निज प्रतिवादीलाई ज्यानसम्बन्धीको १३(३) नं.बमोजिम सर्वश्वसहित जन्मकैद तथा ऐ. को ४ नं. ले थप ६ महिना कैद हुने ठहर गरेको सुरू धनुषा जिल्ला अदालतको मिति २०६९।७।२१ को फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, जनकपुरको मिति २०७१।११।६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत**:** हर्कबहादुर क्षेत्री

कम्प्युटर**:** मन्दिरा रानाभाट

इति संवत् २०७३ साल असार १७ गते रोज ६ शुभम्।

१२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६६-CI-०५०१, फैसला लिलाम बदर हक कायम, *सुरेश राय यादव वि. कोशिला देवी*

आफैँ प्रतिवादी रहेको लेनदेन मुद्दामा समानस्तरकी बहिनी सुरतियादेवीले म्याद बुझी प्रतिवाद नगरेको र यी वादीको नाउँमा तामेल भएको म्यादबाट मुद्दाको प्रतिवाद वा मुद्दा गर्नुपर्ने कारण सिर्जना भएको देखिएको र अ.बं. ८६ नं. को हदम्याद थाहा पाएको ३५ दिनभित्र मात्र रहने भएबाट थाहा पाएपछि नालिस नगरी चुप लागि बसेको अवस्थाले हाल आएर अ.बं. ८६ नं. को व्यवस्थाले फैसला बदर गर्नुपर्ने अवस्था नदेखिँदा पुनरावेदन अदालतको फैसला मिलेको देखिन नआउने।

तसर्थ, माथि विवेचित आधार कारणबाट उल्लिखित लेनदेन मुद्दा र सोको बिगोको दरखास्तमा यी प्रत्यर्थी वादी आफैँ प्रतिवादी भई चलेको र सो मुद्दामा प्रतिवाद नगरी चुप लागेबाट सो निरूपण भई अन्तिम भइरहेको र सो लेनदेन मुद्दासमेतमा म्याद तामेल भई यी वादीले थाहा पाइसकेकोमा सो म्यादले नालिस गर्नुपर्नेमा कुनै नालिस नगरी चुप लागेबाट हाल आएर अ.बं. ८६ नं. को हदम्याद नघाई दायर भएको प्रस्तुत मुद्दाको औचित्यतर्फ प्रवेश गरी निरूपण गर्न मिलेन । प्रस्तुत मुद्दाको फिराद नै खारेज भई उक्त लेनदेन मुद्दाको फैसला बदर लिलाम बदरसमेतका कामकारबाही बदर नभई यथास्थितिमा नै रहने देखिएकाले पुनरावेदन अदालत, हेटौंडाको मिति २०६५।१।३० को फैसला उल्टी भई प्रस्तुत फिराद खारेज हुने।

इजलास अधिकृतः रामप्रसाद पौडेल

इति संवत् २०७३ साल असार १ गते रोज ४ शुभम्।

- यसै लगाउको ०६६-CR-०३८१, किर्ते जालसाजी, *डोमा ठाकुर लोहारसमेत वि. कोशिला देवी* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

१३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री मीरा खड्का,** ०६८-CR-०४३२, ज्यान मार्ने उद्योग र जबरजस्ती चोरी, *नेपाल सरकार वि. सुशिल चापागाई*

प्रतिवादी सुशिल चापागाईले मौकामा बयान गर्दा जाहेरवालाको होटेलमा बसेको र सो खर्च बुझाउन पैसा नभएकोले सिद्धार्थ विकास बैंकको ए.टि.एम.मा

गएको, ए.टि.एम.बाट पैसा ननिस्किएको लगायतका कुरा स्वीकार गर्दै शंकर सिंहले जाहेरवालाको भाइलाई गोली हानेपछि निजको मोटरसाइकल चलाई गएकोलगायतका कुरामा साबित भए पनि आफैँले गोली चलाएको भन्ने कुरामा इन्कार रहेको देखिएको छ । निजले गोली चलाएको भनेका अर्का प्रतिवादी शंकर सिंह पक्राउ हुन नसकी फरार रहेको अवस्था छ । गोली हानेको भनिएको पेस्तोल बरामद हुन सकेको छैन । वारदातको समयमा यी प्रतिवादी सुशिल चापागाईको उमेर २० वर्ष रहेको देखिएको छ । जाहेरवालाको भाइसँग प्रतिवादीहरूको पूर्वरिसिवी नभई होटेलमा बसेको पैसा तिर्ने विषयमा तत्काल सिर्जित परिस्थितिको कारण सो वारदात घटेको देखिएको छ । यस्ता समग्र परिस्थितिको यथोचित विश्लेषण गरी पुनरावेदन अदालतबाट प्रतिवादी सुशिल चापागाईलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १५ नं. बमोजिम ५ वर्ष कैद सजाय हुने गरी भएको फैसला कानूनसम्मत नै देखिने ।

जाहेरवालाले उल्लेख गरेअनुसारकै मूल्य देखिने कुनै कागज तथा निजले खरिद गरेको विल मिसिलसाथ पेस हुन सकेको देखिँदैन । उक्त मोटरसाइकलको वास्तविक मूल्य कति हो भन्ने सम्बन्धमा कुनै आधिकारिकरूपमा मूल्याङ्कन गरिएको देखिएको छैन । यसरी बरामद भएको मोटरसाइकलको आधिकारिक मूल्य खुलेको नदेखिएको र जाहेरवालाले उल्लेख गरेको मूल्य नै वास्तविक बिगो हो भन्ने पुष्टि हुने कुनै आधार प्रमाण नरहेको अवस्थामा अदालतबाट न्यायिक विवेकको आधारमा कायम गरेको बिगोलाई बिना आधार अन्यथा भन्न नमिल्ने ।

तसर्थ उपर्युक्त आधार प्रमाणबाट प्रतिवादी सुशिल चापागाईलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १५ नं. बमोजिम ५ वर्ष कैद हुने र चोरी भएको मोटरसाइकलको मोल रू. ५०,०००।– कायम गरी चोरीको १४(२) बमोजिम सोको डेढी रू. ७५,०००।– जरिवाना भई सोबापत प्रतिवादीलाई कैदसमेत हुने ठहर्‍याई पुनरावेदन अदालत, बुटवलबाट मिति २०६८।२।१६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः महेश खनाल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७३ साल साउन २६ गते रोज ४ शुभम् ।

१४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री मीरा खड्का,** ०६७-CR-००३२ र ०६७-CR-००३३, झुठ्ठा विवरण पेस गरी नागरिकता प्रमाण पत्र लिएको, *मियाँ कवारी वि. नेपाल सरकार* र *इन्द्रदेव साह वि. नेपाल सरकार*

प्रतिवादी अमरूदीनले सुरू अदालतमा बयान गर्दा २०२४ सालदेखि काठमाडौंमा सब्जीको व्यापारको क्रममा फतमा खातुनसँग मेरो लभ परी हामी दुवैजनाको करणीबाट २०३२ सालमा मुन्ना मियाँ कवारीको जन्म भएको र ५/६ वर्ष पछि फतमा खातुन स्वर्गवास भइसकेको हो भनी व्यहोरा लेखाएको भए पनि फतमा खातुनसँग विवाह भई मुन्ना मियाँ कवारीको जन्म भएको भन्ने कुनै विश्वासनीय आधार प्रमाण दिन सकेको देखिएन । निजले अनुसन्धानको क्रममा जिल्ला सरकारी वकिल कार्यालयमा गरेको बयानमा सो कुरा उल्लेख गर्न सकेको देखिएको छैन । उक्त अनुसन्धानको क्रममा भएको बयान अन्यथा हो भनी निज प्रतिवादीले पुष्टि गर्न सकेको अवस्था नहुँदा प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम निजले व्यक्त गरेको कुरा प्रमाणमा लिन मिल्ने नै देखियो । मुन्ना मिया प्रतिवादी अमरूदीन मियाको छोरा होइन भन्ने तथ्य निज प्रतिवादीकै अनुसन्धानको क्रममा भएको बयानबाट नै खुल्न आएको र बुझिएका मानिसहरूले अनुसन्धानको क्रममा गरिदिएको कागज तथा प्रतिवेदक रामप्रवोध ठाकुरको बकपत्रसमेतबाट निजको अनुसन्धानको क्रममा भएको बयानको

व्यहोरा समर्थित हुन आएकोले मुन्ना मियाँ प्रतिवादी अमरूदीनको छोरा हुन् भन्ने अवस्था नदेखिने।

प्रतिवादी अमरूदीनले मुन्ना मियाँ मेरो छोरा हुँदा बाबुको हैसियतले निवेदनमा सही गरी जिल्ला प्रशासन कार्यालय, रौतहटमा निवेदन दिएकोमा निजले नागरिकता प्रमाण पत्र पाएको हो भनी सुरू अदालतमा भएको बयानमा समेत स्वीकार गरेको देखियो । तत्कालीन गा.वि.स. अध्यक्ष प्रतिवादी इन्द्रदेव साहले पनि अदालतमा गरेको बयानमा मुन्ना मियाँ कवारी निज प्रतिवादी अमरुदीन मियाँकै छोरा हुन्, वंशजको नाताले नेपाली नागरिक हुँदा निजलाई नागरिकता प्रमाण पत्र प्रदान गर्न सिफारिस गरेको हुँ र १ नं. अनुसूचीमा समेत सहिछाप गरेको हुँ भनी स्वीकार गरेको देखियो। मुन्ना मियाँ कवारी प्रतिवादी अमरूदीनको छोरा हइनन् भन्ने तथ्य प्रश्न नं. १ मा विवेचित आधार प्रमाणबाट पुष्टि भएको छ। यसरी गैर नेपाली नागरिकलाई आफ्नो छोरा हो भनी प्रतिवादी अमरूदीन मिया कवारीले जानी जानी झुठा विवरण पेस गरेको र प्रतिवादी तत्कालीन गा.वि.स. अध्यक्ष इन्द्रदेव साहले झुठा विवरणको सिफारिस गरी गैर नेपाली नागरिकलाई नेपाली नागरिकता प्राप्त गराएको देखिन आयो । प्रतिवादीहरूको उक्त कार्य अभियोग दाबीबमोजिम नेपाल नागरिकता ऐन, २०२० को दफा १५ बमोजिमकै कसुर देखिने।

दफा १०(३)(क) को कानूनी व्यवस्थाले झुठा विवरण दिई वा झुक्याई नेपाली नागरिकता लिएको अवस्थामा त्यस्तो प्रमाण पत्र रद्ध गरी त्यसरी नागरिकता लिने व्यक्तिलाई नेपाली नागरिकताबाट हटाउन आदेश दिनसक्ने अधिकार तत्कालीन श्री ५ को सरकारलाई प्रदान गरेको देखिन्छ भने दफा १५ को व्यवस्था कसुर तथा सजायसँग सम्बन्धित रहेको देखिन्छ । उक्त दफाहरूमा उल्लिखित कानूनी व्यवस्थाको अन्तरसम्बन्धको सन्दर्भमा यस अदालतबाट नेपाल सरकार विरूद्ध रामलालप्रसाद चौधरीसमेत भएको नागरिकता कीर्ते मुद्दामा (नेकाप २०६४ अङ्क ९ नि.नं. ७८८२ पृष्ठ १२५५) मा भएको व्याख्या प्रस्तुत मुद्दामा समेत आकृष्ट हुने देखिन्छ । उक्त मुद्दामा भएको व्याख्याअनुसार नेपाल नागरिकता ऐन, २०२० को दफा १०(३क) र दफा १५ अलगअलग अवस्थामा अलग अलग निकायबाट स्वतन्त्ररूपमा प्रयोग हुन सक्ने कानूनी व्यवस्थाहरू हुन्। नागरिकता रद्द गर्ने विषय सरकारको क्षेत्राधिकारभित्रको हो भने झुट्टा विवरण पेस गरी नागरिकता प्राप्त गरे गराएकोसम्बन्धी विवादको निरूपण गरी कसुर ठहर्ने नठहर्ने, सजाय हुने नहुने भन्ने विषय अदालतको क्षेत्राधिकारभित्रको विषय हो। आफ्नो क्षेत्राधिकारभित्र परेको विषयलाई तर्कसङ्गत र वस्तुगत आधारमा कानूनद्वारा निर्धारण गरेको प्रक्रिया पूरा गरी टुंगो लगाउनु अदालतको दायित्वभित्रै पर्ने हुँदा प्रस्तुत मुद्दामा प्रतिवादीहरूले उक्त दफा १५ बमोजिम कसुर गरेको ठहर गरी सजाय गरेको पुनरावेदन अदालत, हेटौंडाको फैसलामा उक्त कानूनको गलत व्याख्या भएको अवस्था देखिन नआउने।

अतः उपर्युक्त आधार प्रमाणबाट प्रतिवादीहरू अमरूदीन मियाँ कवारी तथा ईन्द्रदेव साहले झुठा विवरण पेस गरी तथा झुठा सिफारिस गरी गैर नेपाली नागरिकलाई नागरिकता दिलाउने कार्य गरेको पुष्टि हुन आएकोले निजहरूलाई नेपाल नागरिकता ऐन, २०२० को दफा १५ बमोजिम जनही रू.१०,०००।- जरिवाना हुने गरी पुनरावेदन अदालत, हेटौंडाबाट मिति २०६६।१०।१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः महेश खनाल

कम्प्युटर: विष्णुदेवी श्रेष्ठ

इति संवत् २०७३ साल साउन २६ गते रोज ४ शुभम्।

१५

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०७२-WO-०३९६, उत्प्रेषण / परमादेश,

*एलिशा वि.सि.समेत वि. दाङ देउखुरी जिल्ला अदालत, दाङसमेत*

अंश मुद्दाको फिराद परी सकेपश्चात अघि परेको अंश मुद्दालाई असर पर्ने गरी पछि लेनदेनको मुद्दा परेको र अघि परेको अंश मुद्दाको प्रतिउत्तरमा समेत प्रस्तुत ऋणलाई देखाएको भए पनि गिता रावतबाट लिएको रू.६०००००।- ध्रुव वि.सि.ले आफ्नो उपचारमा खर्च गरेको भन्ने र यसोदा वलिले लिएको रकम यो यसमा यसरी खर्च भएको भन्ने देखिँदैन । यी निवेदकहरू २०५७ सालदेखि नै भिन्न बसेको तथ्य निवेदकले स्वीकार गरेको र निवेदकहरूको भरण पोषणसमेतमा खर्च भएको पुष्टि नभएको अवस्थामा लेनदेनको लिखतमा साक्षी नबसेको वा सहमति नहुने पक्षले पनि तिर्नुपर्ने गरी लेनदेन हुँदाको समग्र अवस्था परिस्थिति (Context) विचार नगर्दा घरायसी लिखत जहिलेसुकै तयार हुनसक्ने हुँदा सावधानी बेगर हचुवारूपमा मान्यता दिँदा त्यस किसिमका Threatening aspect of social existence ले समेत पश्रय पाउने र अन्तत: नभए नगरेका झुट्टा बनावटी व्यवहारले कानून र न्यायको मर्ममा नै आघात पार्ने ।

मूलत: निवेदनहरू लेनदेनको लिखत मितिभन्दा पहिलादेखि नै अलग बसी धन खाँदा सगोलमा नरहेको देखिएको तथा अंश मुद्दाको बन्डालाई असर पर्ने किसिमले अंश मुद्दाभन्दापछि लेनदेन मुद्दा परेको एवम् सोही बिगो भरिभराउको कारबाहीउपर प्रस्तुत रिट निवेदन परेको देखिएकोले माथि विवेचित आधारमा सहिसद्दे व्यवहारको विश्वासनीय आधार (Reliable Ground) पुष्टि हुन नसकेकोबाट लिखतमा त्यसरी साक्षी पनि नबस्ने र मन्जुर पनि नहुने अंशियारा पक्षबाट भरिभराउ गर्दा लेनदेन व्यवहारको ८ नं, अंशबन्डाको १८ नं. र दण्ड सजायको २६ नं.समेतको यान्त्रिक व्याख्या (Mechanical Interpretation) हुने हुन्छ । अत: विपक्षी ध्रुव वि.सि.ले घरको मुख्य भई निवेदकहरू मञ्जु न्यौपाने वि.सि.समेतका अंशियारासमेतको लागि भरणपोषणसमेतमा खर्च हुने सगोलको व्यवहारको लागि सगोलमा नै रहँदा बस्दाको अवस्थामा ऋण लिएको देखिने व्यवहारको वस्तुनिष्ठता र विश्वासनीयतासहितको अवस्था परिस्थितिको विद्यमानता नदेखिएकोले सो ऋणसगोलबाट तिर्न बुझाउन मन्जुर नहुने निवेदकहरू मञ्जु न्यौपाने वि.सि. समेतको अंश भाग वा गोश्वारा धनबाट सो ऋण व्यहोर्न पर्ने देखिन नआउने ।

तसर्थ निवेदकहरू मञ्जु न्यौपाने वि.सि. समेतको अंश वा गोश्वारा धनबाट उल्लिखित ऋण व्यहोर्न पर्ने देखिन नआएकोले निवेदकहरूको अंशबाहेक नगर्ने र गोश्वारा सम्पत्तिबाटै बिगोतर्फ कारबाही गर्ने गरी "लिलाम कार्य स्थगित गर्न मिलेन" भनी तहसिलदारबाट मिति २०७२।३।६ मा भएको आदेश, सो आदेशलाई सदर गर्ने गरी दाङ देउखुरी जिल्ला अदालतबाट मिति२०७२।४।२२ र पुनरावेदन अदालत, तुलसीपुरबाट मिति २०७२।६।७ मा भएको आदेश लेनदेन व्यवहारको ८ नं. अंशबन्डाको १८ नं., दण्ड सजायको २६ समेतको कानूनी व्यवस्था र सोको मर्म (Spirit) विपरीत देखिँदा उत्प्रेषणको आदेशद्वारा बदर गरी दिएको छ । उल्लेख भएबमोजिम ऋण दायित्वबाट निवेदकहरूलाई बाहेक गरी निवेदकहरूले पाउने भएको अंश ठहर फैसलाबमोजिम बन्डा छुट्टाउनेसमेतको बाँकी कारबाही अघि बढाउनु भनी परमादेशको आदेश जारी हुने ।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

इति संवत् २०७३ साल कार्तिक ४ गते रोज ५ शुभम् ।

## इजलास नं. ४

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री ओमप्रकाश मिश्र,** ०७०-CI-१२०३, निषेधाज्ञा,

*सुनीता कार्की वि. जिल्ला प्रशासन कार्यालय, बबरमहलसमेत*

बैंकमा ऋणको सुरक्षणबापत राखिएको जेथा ऋणीले ऋणको साँवा ब्याज चुक्ता नगरेको अवस्थामा सोही सम्पत्तिबाट असुलउपर गर्नकै लागि राखिएको हुन्छ । बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५७ ले इजाजतप्राप्त बैंक तथा वित्तीय संस्थालाई धितो सुरक्षणबापतको सम्पत्ति लिलाम बिक्री गरी आफ्नो साँवा ब्याज असुलउपर गर्न पाउने अधिकार प्रदान गरेको देखिन्छ। यसरी कानूनले दिएको अधिकारअन्तर्गत कर्जाको असुली गरेको कुरा अन्यथा नभएसम्म सोलाई अमान्य गर्न सकिने अवस्था पनि नहुने।

बैंकले लिलाम गरिसकेपछि सकार गर्ने पक्षले चलन चलाई माग्न आएमा सम्बन्धित निकायले चलन नै चलाई दिनुपर्नेसमेतको अवस्था भएकोमा बैंकले लिलाम गरेको जेथा सकार गर्ने दुर्गादेवी सापकोटालाई उक्त लिलाम अन्यथा नभएसम्म भोगचलन गर्न पाउने अधिकार कानूनले दिएको देखिएकोले यी पुनरावेदक / निवेदकलाई लिलाम भइसकेको सोही घर जग्गामा बसिरहन दिनुपर्छ भनेर भन्नु प्रचलित कानूनविपरीत हुने।

यिनै पुनरावेदकले जिल्ला अदालतमा दायर गरेको अंश, जालसाजी तथा लिलाम दाखा दर्ता बदर मुद्दासमेत विचाराधीन रहेको भन्ने पुनरावेदन लेखबाटै देखिएको हुँदा प्रस्तुत अवस्थामा विवादित घर जग्गामा यी पुनरावेदकको निर्विवाद हक स्थापित रहे भएको समेत नदेखिएको र निजले दायर गरेका उक्त मुद्दाहरूबाट तत्तत् विषयमा निर्क्योल हुने नै हुँदा प्रस्तुत मुद्दाबाट पुनरावेदकको मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्नसमेत मिल्ने नदेखिने।

तसर्थ उल्लिखित आधार प्रमाणसमेतको आधारमा पुनरावेदकको निवेदन खारेज गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०७०।१२।५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुमन कुमार न्यौपाने
कम्प्युटर: रमेश आचार्य
इति संवत् २०७३ असोज ३० गते रोज १ शुभम्।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-WO-०५६३, उत्प्रेषण / परमादेश, *टंक विश्वकर्मा वि. झापा जिल्ला अदालत झापासमेत*

निवेदन दाबीको जग्गामा लेनदेन मुद्दाका प्रतिवादीको हक हिस्सासम्म रोक्का राखी वादीले आफ्नो लेना रकम प्रतिवादीबाट असुलउपर गरेमा पनि यी निवेदकलाई कुनै असर नपर्ने भएबाट झापा जिल्ला अदालतबाट मिति २०७०।५।९ र मिति २०७०।५।१५ मा भएको रोक्का आदेश र सो रोक्का आदेशलाई सदर गर्ने गरेको पुनरावेदन अदालत, इलामको मिति २०७१।८।२५ को आदेश कानूनबमोजिम मिलेको नै देखियो। यस्तो अवस्थामा प्रस्तुत निवेदन मागबमोजिम उत्प्रेषण परमादेशको आदेश जारी हुने अवस्था नदेखिने।

अतः लेनदेन मुद्दाको विषयलाई लिएर प्रतिवादी ओमप्रकाश विश्वकर्माको भागसम्मको निवेदन दाबीको जग्गा रोक राखेको झापा जिल्ला अदालत र पुनरावेदन अदालत, इलामको आदेश कानूनबमोजिम भएको देखिँदा प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत: प्रेम खड्का
कम्प्युटर: रमेश आचार्य
इति संवत् २०७२ फागुन ६ गते रोज ५ शुभम्।

३

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-CR-११२४, कर्तव्य ज्यान, *पेम्बा छिरी शेर्पा वि. नेपाल सरकार*

प्रतिवादी पेम्बा छिरी शेर्पाले मृतकसँग रिसइवी भएका कारण मृतक कुसल राईलाई होटलबाट

बाहिर बोलाउन सन्तोष खत्रीलाई पठाई निजले मृतकलाई बोलाई ल्याएपछि पेम्बा छिरी शेर्पाले आफूले बोकी राखेको छुरीले प्रहार गरी कर्तव्य गरी मारेको भनी अनुसन्धान अधिकारीसमक्ष तथा अदालतमा समेत बयान गरेका र सो कुरालाई अन्य स्वतन्त्र प्रमाणहरूबाट पुष्टि भएको देखिँदा निज पेम्बा छिरी शेर्पाले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(१) नं. को कसुर गरेको देखिन आयो । यस्तो अवस्थामा प्रतिवादी पेम्बा छिरी शेर्पालाई सोही कसुरमा ज्यानसम्बन्धी महलको १३(१) नं.बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरी भएको पुनरावेदन अदालत, राजविराजको फैसला मिलेको नै देखिने ।

अतः उल्लिखित तथ्य एवम् विवेचित आधार कारणहरूबाट प्रतिवादी पेम्बा छिरी शेर्पालाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने ठहऱ्याएको सुरू सोलुखुम्बु जिल्ला अदालतले मिति २०६७।०९।०५ मा गरेको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भनी पुनरावेदन अदालत राजविराजले मिति २०७१।२।२ मा गरेको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: प्रेम खड्का

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७३ साल मङ्सिर २१ गते रोज ३ शुभम् ।

## इजलास नं. ५

### १

**मा.न्या.श्री गोविन्दकुमार उपाध्याय र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-WO-०२८२, उत्प्रेषण, *साबित्रीदेवी अधिकारी वि. पुनरावेदन अदालत, बागलुङसमेत*

निवेदकको कि.नं. ८९० को जग्गा आफ्ना ससुरा प्रभाखरबाट बकसपत्र पाएको जग्गाबाट प्राप्त गरेको हो भनी जिकिर लिए तापनि उक्त जग्गा प्राप्तिको स्रोत हेर्दा दाता गिरीराज गौतमबाट र.नं. १५७८ मिति २०६३।१२।९ को पारित राजीनामाले उक्त जग्गा यी निवेदकको नाउँमा दा.खा. भई आएको देखिँदा उक्त कि.नं. ८९० को जग्गा दाइजो पेवाबाट प्राप्त भएको भन्ने निवदेन जिकिरसँग सहमत हुन नसकिने ।

प्रत्यर्थी ठगप्रसाद न्यौपानेले बिगो भराई पाउँ भनी कि.नं. ८९० को जग्गासमेत विभिन्न कित्ता जग्गाहरू जेथा देखाई पर्वत जिल्ला अदालतमा दरखास्त दिएपछि यी निवेदक साबित्रीदेवी अधिकारीका नाउँमा म्याद जारी भई मिति २०६८।११।२१ मा निजको घरदैलोमा रीतपूर्वक टाँस भई मिति २०६८।१२।५ देखि यी निवदेक तारेखमा रहेको देखिन्छ । जेथा तायदातीको लागि मिति २०६९।६।२३ मा डोरमा हाजिर हुने छु भनी यी निवदेकले तारेख लिएको देखिन्छ भने मिति २०६९।८।२८ मा पञ्चकीर्ते मूल्य कायम हुँदासमेत यी निवेदक रोहबरमा बसी सहीछाप गरेको देखिन्छ । तसर्थ मुलुकी ऐन, दण्डसजायको महलको ४२ नं. तथा जिल्ला अदालत नियमावली, २०५२ को नियम ७४(४) र नियम ७५ बमोजिम सूचना नदिएको भन्ने निवेदन जिकिर पत्यार लायक देखिएन । घर जग्गा तायदाती मुचुल्का र पञ्चकीर्ते मूल्याङ्कनमा चित्त नबुझे यी निवेदकले सम्बन्धित निकायमा म्यादभित्र चुनौती दिनुपर्नेमा सोसमेत गरेको नपाइने ।

तसर्थ नेपालको अन्तरिम संविधान २०६३ धारा १२ को देहाय (३) को (ङ)(च) धारा १३(१), (२) र धारा १९ द्वारा प्रदत्त संवैधानिक हक हनन् भएको हुँदा सोही संविधानको धारा ३२ तथा १०७ देहाय (२) बमोजिम उपयुक्त रिट आज्ञा आदेश जारी गरी कि.नं. ८९० को घर जग्गा लिलाम बदर गराउन पर्वत जिल्ला अदालतमा दिएको निवेदनमा भएको उक्त अदालतको आदेशलाई सदर गरेको पुनरावेदन अदालत, बागलुङको मिति २०७०।४।१७ गतेको आदेश र गैरकानूनी लिलामीको आधारमा विपक्षी

ठगप्रसाद न्यौपानेले कि.नं. ८९० को घर जग्गा आफ्नो नाउँमा दा.खा. गराई लिएको सम्पूर्ण काम कारबाही उत्प्रेषणको आदेशद्वारा बदर गराई पाउँ भन्ने निवेदनदाबीबमोजिम आदेश जारी गर्नुपर्ने देखिएन । अतः रिट निवदेन खारेज हुने ।

इजलास अधिकृतः यमप्रसाद बास्कोटा

कम्प्युटरः चन्द्रा तिमल्सेना

इति संवत् २०७३ साल जेठ १३ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री गोविन्द कुमार उपाध्याय र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७०-CI-०१०१, फैसला बदर, *तपेस्वर थारू वि. डोमा दास थारूसमेत*

फैसलाको तपसिल खण्डले सँधै ठहर खण्डको अनुशरण गर्नुपर्छ । ठहर खण्डभन्दा बाहिर गएर तपसिल खण्डले कुनै नयाँ कुरा गर्न गराउन मिल्दैन । तर उक्त फैसलाको तपसिल खण्डमा कि.नं. ८४ को ज.वि. १-०-० मध्ये ३ भागमध्ये बम दासको १ भागलाई ४ भाग लगाई त्यसमध्ये २ भाग वादीहरूको नाममा दर्ता गरी दिनु भनी ठहर खण्डबाट नबोलिएको ऐलानी जग्गा दर्ता गर्ने सम्बन्धमा लेखी पठाएको पटक्कै मिलेको देखिँदैन । विवादित ऐलानी जग्गा व्यक्तिको नाममा दर्ता हुने वा नहुने कुरा शुद्ध मालपोत ऐन, २०३४ को क्षेत्राधिकारभित्र पर्ने कुरा हो । तपसिलको यो नमिलेको व्यहोरा मिलाउनको लागि फैसला उल्टी गर्नु आवश्यक नहुने ।

प्रस्तुत मुद्दाको फैसलाले जग्गा दर्तासम्बन्धी मालपोत ऐन, २०३४ को प्रक्रियामा कुनै बाधा विरोध गर्न नसक्ने र सो ऐनको दफा २४ बमोजिम सरकारी, सार्वजनिक तथा ऐलानी जग्गाको दर्ता जहिले पनि बदर हुनसक्ने नै हुँदा हकदैयाको आधारमा खारेज गरेको सुरू पर्सा जिल्ला अदालतको मिति २०६८।३।१५ को फैसला उल्टी गरी पुनरावेदक वादीहरूको हक जतिमा फैसला बदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६९।९।१६ को फैसला सदर हुने ।

इजलास अधिकृतः आत्मदेव जोशी

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७३ साल भदौ २७ गते रोज २ शुभम् ।

- यसै लगाउको ०७०-CR-००९०, जालसाजी, *तपेस्वर थारू, वि. डोमा दास थारूसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

## इजलास नं. ६

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-CI-११९५, निषेधाज्ञा / परमादेश, *रूद्रप्रसाद पोखरेलसमेत वि. पुजनकुमारी दाहाल (पौडेल)*

न्याय निसाफ निरूपण गर्ने कार्य सबै अवस्थामा एउटै आधार र सुत्रबाट निर्देशित रही गरिने नभई समयको गतिशीलतासँगै सबै आयाममा मनन् गरी प्रवाह गरीने विषय पनि हो । विपक्षीमध्येका पुनरावेदक रूद्रप्रसाद पोख्रेलले उक्त घरजग्गा हाल आफ्नो नाउँमा रहेको र पुनरावेदन अदालत, विराटनगरको आदेशले सम्पत्तिसम्बन्धी हक तथा वैयक्तिक स्वतन्त्रतासम्बन्धी हक माथि अतिक्रमण भएको छ भनी उठाएको जिकिरतर्फ हेर्दा दर्ता बदरलगायतका उपर्युक्त मुद्दाहरूको न्यायिक निरूपण हुँदासमेत अवश्य नै न्याय र कानूनबमोजिम निप्टारा हुँदै जाने नै छन । तर हाल प्रस्तुत निवेदनमा यी निवेदकको आफ्ना परिवारका सदस्य रहेका स्थान, ठाउँमा रही आफ्नो आगामी कानूनी र न्यायिक माग राख र कानूनबमोजिमको निर्णय स्वीकार गर्ने भन्ने कुरा कानून मान्ने सभ्य समाजमा नै देखिने शोभनीय कार्य हुँदा यसतर्फ पनि यस इजलासले ध्यान पुर्‍याउनु पर्ने ।

हाल निवेदिकाको बसोबासको वैकल्पिक अवस्थासमेत देखिन नआएको परिप्रेक्ष्यमा श्रीमान्, सासु ससुरासँगसाथ परिवारको सदस्यको हैसियतले सँगै बस्न पाउने हक अधिकारबाट वञ्चित नगर्नु नगराउनु तथा निवेदकले शान्ति सुरक्षा कायम गरिपाउँ भनी दिएको निवेदन मातहत प्रहरी इकाईमा मात्र पठाइएको देखिन आएको हुँदा निवेदन दाबीअनुसार शान्ति सुरक्षा कायम गर्ने व्यवस्थासमेत गर्नु भनी विपक्षीहरूका नाउँमा निषेधाज्ञायुक्त परमादेशको आदेश जारी हुन्छ भन्ने मिति २०७१।७।१७ को पुनरावेदन अदालत, विराटनगरको आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । विपक्षीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: इन्द्रकुमार खड्का

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल साउन १६ गते रोज १ शुभम् ।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.**, ०७१-CI-०२४८, निषेधाज्ञा, *दशन मण्डल खंगसमेत वि. सतीशकुमार खंग*

विवादित कि.नं. ३०४ को जग्गा बाटो भई नेपाल सरकारको कायम रहेको तथ्यमा विवाद छैन । उक्त कुरा मिसिल संलग्न पेस भएको फिल्डबुक उतारको फोटोकपीबाट समेत स्पष्ट भई रहेको देखिन्छ । जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा २(ङ) मा *"सरकारी जग्गा" भन्नाले सडक, बाटो, रेल्वे तथा सरकारी घर, भवन वा कार्यालय रहेको जग्गा सम्झनु पर्छ...*भनी परिभाषित भएको पाइन्छ । सार्वजनिक प्रयोगमा रहेको बाटोको संरक्षण गरी सम्बन्धित सबैले निर्वाधरूपमा प्रयोग गर्न पाउने गरी व्यवस्थित गर्नुपर्ने हुनाले उक्त बाटोको सरकारी जग्गामा अनधिकृतरूपमा विपक्षीहरूले माटो काट्ने, बाटो अवरूद्ध गर्ने, निकास बन्द गर्ने र क्षति पुर्‍याउने कार्यलाई कानून र न्यायको रोहमा किमार्थ स्वीकारयोग्य कार्य हो भनी मान्न नसकिने ।

तसर्थ निवेदकले निवेदनमा उल्लेख गरेको सप्तरी जिल्ला, जमुनी मधेपुरा गा.वि.स.वडा नं. ५(ख) को कि.नं. ३०४ को सरकारी सार्वजनिक बाटो नभत्काउनु, क्षति नपुर्‍याउनु र निवेदकलाई आवतजावत गर्न कुनै किसिमले अवरोध नगर्नु भनी प्रत्यर्थीहरूका नाउँमा निषेधाज्ञाको आदेश जारी हुने गरी भएको मिति २०७०।५।२ को पुनरावेदन अदालत, राजविराजको आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । विपक्षीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: इन्द्रकुमार खड्का

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल साउन १६ गते रोज १ शुभम् ।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.**, ०७०-CI-०१०५, क्षतिपूर्ति दिलाई पाउँ, *तुलसी शर्मा पौडेल वि. रामचन्द्र रेग्मीसमेत*

वादी दाबीको उक्त कि.नं. ७१६ को जग्गाको कुल क्षेत्रफल १-१२-१-२ मध्ये मोटरबाटोले ओगटेको जम्मा क्षेत्रफल ०-२-२-१ रहेको पाइयो । निजको कि.नं. ७१६ को जग्गाको कुल क्षेत्रफलमध्ये ०-२-२-१ जग्गा उक्त मोटरबाटोले ओगटेको देखिए पनि निजको घरगोठ एवम् अन्य जग्गामा नोक्सान पुगेको नदेखिएको अवस्थामा निवेदन जिकिरअनुसार गम्भिर क्षति र नोक्सानी पुग्न गएको पनि देखिँदैन । सार्वजनिक सडक जस्तो विकासको पूर्वाधारबाट तमाम जनता लाभान्वित हुन जाने परिस्थितिलाई मध्यनगर गर्दा यति न्यून क्षेत्रफल जग्गामा मोटरबाटो बन्दैमा निजलाई गम्भिर क्षति पनि नहुने र विकासको लाभ निजले समेत प्राप्त गर्ने कुरालाई हृदयगंत गर्नुपर्ने नै हुन्छ । यसैगरी उक्त नक्सा मुचुल्काका व्यक्तिहरूले पनि उक्त मोटरबाटोले आफूलगायत धेरैजना गाउँलेहरूको जग्गा जमिनको नोक्सानी भएपनि उक्त नोक्सानी सहर्ष स्वीकार गरेको अवस्थामा वादीको केवल वार्षिक ४

पाथी अन्नभन्दा कमको सामान्य नोक्सानी भएपनि खासै नोक्सानी भएको छैन भन्ने व्यहोरासमेत उल्लेख भई आएको पाइने।

वादीका साक्षीहरू कमलप्रसाद चापागाई र इन्द्रप्रसाद चापागाईले पनि वादीको सामान्य क्षति पुगेको भए पनि निर्माण भएको बाटो बन्द हुने कुरै भएन, जसरी भए पनि मिल्न उत्तम हुन्छ भनी बकपत्र गरेको र वादी स्वयम्ले पनि उक्त जग्गामा यो यति बोट विरूवा यो यसरी क्षति भए भन्नसकेको देखिँदैन । मोटरबाटो निर्माण कार्यबाट ०-२-२-१ को न्यून क्षेत्रफलको जग्गा सडक बाटोमा परेको देखिएपनि वादीले दाबी लिए जस्तो घरजग्गा एवम् बोट विरूवालगायतको ठूलो परिणामको क्षति पुगेको भन्ने वादी दाबी पुष्टि गर्ने भरपर्दो र विश्वसनीय प्रमाण वादीले पेस गर्न नसकेको अवस्थामा क्षतिपूर्ति भराई पाउँ भन्ने दाबी पुग्न नसक्ने ठहर्‍याएको पुनरावेदन अदालत, बागलुङको मिति २०६९।१२।१४ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल असोज ४ गते रोज ३ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७०-CI-००९०, निषेधाज्ञा, *तुलसी शर्मा पौडेल वि. रामचन्द्र रेग्मीसमेत*
- ०७०-CR-००९१, अदालतको अवहेलना, *तुलसी शर्मा पौडेल वि. रामचन्द्र रेग्मीसमेत*

४

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-CI-०३०६, निषेधाज्ञा / परमादेश, *किशोर दास यादव वि. राम नारायण यादव*

प्रस्तुत मुद्दामा उल्लेख गरिएका जग्गाहरू निजका निजी जग्गा हुन् वा गुठीका जग्गाहरू हुन् भन्ने विषयमा सो कुराको निराकरण प्रस्तुत मुद्दाबाट गर्न मिल्ने देखिँदैन। यस्तो अवस्थामा आफ्नो निजी जग्गा बिक्री वितरणमा रोक लगाएको भन्ने पुनरावेदकको पुनरावेदन जिकिरसँग सहमत हुनसक्ने अवस्था रहेन। यस अदालतको मिति २०६२।१०।२० को फैसलामा उल्लेख भएअनुसारका जग्गाहरू निजले बिक्री वितरण हक हस्तान्तरण गरेमा कानूनबमोजिम बदर हुने नै हुन्छ । मिति २०६२।१०।२० को यस अदालतको उक्त फैसलालाई आधार मानेर पुनरावेदन अदालत, राजविराजले मेरो सम्पत्ति बेचबिखन गर्ने हकबाट बञ्चित गरायो भन्ने पुनरावेदन जिकिर मनासिब देखिएन । तसर्थ उल्लिखित मुद्दामा यस अदालतको मिति २०६२।१०।२० को फैसलाअनुसार गुठीको जग्गा बिक्री वितरण गरेमा कानूनबमोजिम बदर हुनसक्ने नै हुँदा तत्काल आदेश जारी हुन नसक्ने भएकाले निवेदन खारेज हुने ठहर्‍याएको पुनरावेदन अदालत, राजविराजको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल असोज ४ गते रोज ३ शुभम्।

५

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-CI-०६५५, निषेधाज्ञा, *श्रीमती रंजिताकुमारी यादव (साह) वि. जिल्ला प्रहरी कार्यालय, महोत्तरीसमेत*

निवेदकहरूले मिति २०७०।८।२२ का दिन आफ्नो प्रेमलाई विवाहमा परिणत गरी दाम्पत्य जीवनमा रहेको कुरामा विपक्षीहरूले आफ्नो लिखित जवाफमा कुनै खण्डन गरेको नदेखिँदा निजहरूका बीच विवाह भएको कुरामा कुनै विवाद रहेन। आफ्नो वैवाहिक सम्बन्ध तोडाउन विपक्षीहरूबाट धरपकड गर्ने, पक्राउ गर्ने, थुन्ने तथा कागज गराउनेसमेतका गतिविधि सञ्चालन हुनसक्ने आशङ्का रहेको भन्ने निवेदन जिकिर भए पनि आफूहरूबाट सो किसिमका

कुनै क्रियाकलाप हनुपर्ने कारण नरहेको भन्ने लिखित जवाफ व्यहोरा रहेको पाइयो। निवेदकहरूले आशङ्का गरेको कुरा लाई पुष्टि गर्ने कुनै तरहको कागज प्रमाण एवम् विश्वासप्रद तथ्य प्रस्तुत गर्न सकेको देखिँदैन। निवेदकहरूका बीच सम्पन्न भएको भनेको विवाह मुलुकी ऐन, विहावारीको महलविपरीत बालविवाह भएकाले उक्त विवाह बदर गराउन प्रत्यर्थी रामानन्द प्रसाद यादवको जाहेरी दरखास्त परी नेपाल सरकारका तर्फबाट मिति २०७०।१२।१४ मा महोत्तरी जिल्ला अदालतमा बालविवाह मुद्दा दर्ता भई कारबाहीको अवस्थामा रहेको कुरा मिसिल संलग्न कागज प्रमाणबाट देखिएकोछ। विवाह तोडाउन सक्ने जुन कुराको आशङ्का गरी निवेदन परेको हो सो विषयमा अदालतमा मुद्दासमेत दायर भइसकेको देखिँदा अब निजलाई दाबीबमोजिम पक्राउ गर्ने, थुन्ने अवस्थाको विद्यमानता नरहेको र निवेदनको औचित्यसमेत समाप्त भएको एवम् विचाराधीन मुद्दा प्रभावित हुने गरी आदेश जारी गर्नसमेत मिल्ने अवस्था नदेखिँदा रिट खारेज गर्ने ठहरेको पुनरावेदन अदालत, जनकपुरको मिति २०७१।२।२० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल असोज ४ गते रोज ३ शुभम्।

६

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-CI-१४९१, परमादेश, *रामजी साह वि. जिल्ला प्रहरी कार्यालय, महोत्तरीसमेत*

असाधारण अधिकार क्षेत्रअन्तर्गत न्यायका लागि अदालत प्रवेश गर्दा निवेदक सफा हात लिएर आउनु पर्छ। मृत्यु भएपश्चात् मृतकको छोरा बिचारी साहले गाउँ विकास समितिको कार्यालय गोनरपुरामा मृत्युको सूचना फारम भरी पेस गरी मृत्यु दर्ता प्रमाण पत्र बनाउँदा रामकृत साह सुडीको मृत्यु आफ्नो कालगतिले भएको मृत्युको सूचना फारममा उल्लेख रहेको छ। उक्त तथ्यलाई पुनरावेदकले पुनरावेदन पत्रमार्फत सम्बोधन गर्न खोजे तापनि जुन कारणले मृत्यु भए पनि काल आएर नै मृत्यु हुने, मातृ भाषाको समस्या र कर्तव्य ज्यान मुद्दामा अनुसन्धान अभियोजनमा यस कुराले फरक नपर्ने भन्ने जस्ता फितला तर्क उल्लेख गर्दै स्पष्टसँग खण्डन गर्न सकेको अवस्था छैन। पुनरावेदनपत्रको प्रकरण ३ खण्ड (क) मा "बिरानो स्थानमा किंकर्तव्यविमुढ हुँदै पिताको शवको सदगत गर्ने कार्य सम्पन्न गरी घर फिर्ता भई सामाजिक परम्पराअनुसार पिताको मृत्यु संस्कार सम्पन्न नगरेसम्म समाज ग्राह्य नहुने हुँदा काजक्रिया गर्नमा नै १५।१६ दिन लाग्यो" भनी उल्लेख गर्दै मृतकको दाहसंस्कार गर्न घाट सेवा पसलको बिलको फोटोकपी पेस भएबाट लासको विपक्षीहरूले जोर जुलुमबाट सदगद गराएको नभई सामान्य अवस्थाबाट निवेदकहरू आफैँले दाहसंस्कार सद्गद गराएको पुष्टि हुने।

उपर्युक्त आधार कारणसमेतबाट कर्तव्यबाट मानिसको मृत्यु भएकोमा मृतकका छोराहरू र परिवारका सदस्यको इच्छाविपरीत लास जाँच प्रकृति तथा Postmortem नै नभइकन लास सदगत भयो होला भनी अनुमान पनि गर्न सकिँदैन। त्यसमा पनि मिति २०६९।७।७ मा वारदात भएको हो भनी अढाई महिनाभन्दा पछि हुलाकबाट जाहेरी दर्ता गराउन खोजेको हो भन्ने कुरा मिसिल संलग्न कागजातबाट देखिँदा निवेदकले उल्लेख गरेको तथ्यलाई नै भरपर्दो र विश्वासिलो भनी मान्न मिल्ने अवस्था नहुँदा प्रस्तुत निवेदन खारेज हुने भनी ठहर्‍याई भएको पुनरावेदन अदालत, जनकपुरको मिति २०७०।२।२८ को आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ। निवेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः इन्द्रकुमार खड्का

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल साउन १६ गते रोज १ शुभम्।

७

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-CI-०२३३, निषेधाज्ञा, *नन्दुप्रसाद साह कानु वि. जिल्ला प्रहरी कार्यालय, वीरगन्जसमेत*

कानूनले नै व्यवस्था गरेको नेपाल सकारको निकाय जिल्ला प्रसासन कार्यालयले पक्षको अनुरोधमा शान्ति सुरक्षाको भुमिका निर्वाह गर्ने क्रममा यी निवेदकलाई राखी छलफल गराएको कार्यलाई निवेदकले निवेदनमा उल्लेख गरेअनुसारको आशङ्काको अवस्था विद्यमान रहेको भन्ने नदेखिने।

दाबीको जग्गा र सोमा रहेको घर लिलाम भई विपक्षी अमितकुमार हरलालकाले सकार गरीसकेको हुँदा सो सम्पत्तिमा निवेदकको निर्विकल्प हक नरहेको प्रस्ट छ । अतः उल्लिखित आधार कारणबाट निवेदकको निवेदन मागबमोजिम निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान नदेखिँदा प्रस्तुत निवेदन खारेज हुने ठहर्‍याई मिति २०७०।२।२९ मा भएको पुनरावेदन अदालत, हेटौंडाको आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत: इन्द्रकुमार खड्का

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल साउन १६ गते रोज १ शुभम्।

८

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-CI-१५६६, परमादेश, *दुर्गाबहादुर दाहाल वि. मालपोत कार्यालय, संखुवासभा चैनपुर*

चलनपुर्जीअनुसार जग्गा दर्ता गरिपाउँ भनी यी निवेदकले मालपोत कार्यालय, चैनपुरमा मिति २०६८।१२।२ मा दिएको निवेदनमा भएको कारवाहीमा खराङ गा.वि.स. वडा नं. ८ को विवादित कि.नं. ५०८ कित्ताकाट भई यी निवेदकको कायम कि.नं. २५६३ क्षे.फ. ९०६ वर्ग मिटर र कि.नं. ५०५ क्षे.फ. २९८० वर्ग मिटरसमेतका अदालतको चलन पुर्जीबमोजिमका जग्गाको सम्बन्धमा निवेदकको नाममा दर्ता गरी दर्ता भएको जानकारी नापी कार्यालय, चैनपुरलाई दिई सम्बन्धित गा.वि.स.बाट साबिकदेखि हालसम्मको मालपोत असुली भई आएपछि निवेदकको नाममा दर्ता स्रेस्ता तथा जग्गाधनि प्रमाण पुर्जा दिने भनी मालपोत कार्यालय, चैनपुर, संखुवासभाबाट मिति २०६९।३।२४ मा निर्णय भई सोहीअनुसार कार्यसमेत भएको देखिन्छ। यस तथ्यबाट निवेदकको अदालतको पुर्जीमा उल्लिखित कि.नं. ५०८ को जग्गामा समेत दा.खा. दर्ता नभएको भन्ने भनाईमा सत्यता रहेको नपाइने।

निवेदकले मालपोत ऐन, २०३४ को रीत पुर्‍याई आफ्नो हक स्रोतका कागज प्रमाणहरू पेस गरी दरखास्त गरेकाबखत कारबाही हुने नै देखिँदा निवेदकको मागबमोजिम निजका नाममा जग्गा दर्ता गरी दिनु भनी परमादेशको आदेश जारी गरी रहन परेन भन्ने ठहर्‍याई मिति २०७१।१२।१० मा पुनरावेदन अदालत, धनकुटाबाट भएको आदेश मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: इन्द्रकुमार खडका

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल साउन १६ गते रोज १ शुभम्।

९

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-CI-०१३३, निषेधाज्ञा / परमादेश, *कविराज ढकाल वि. रूद्रपुर गाउँ विकास समिति, रूपन्देहीसमेत*

असाधारण अधिकार क्षेत्रअन्तर्गत न्यायका लागि अदालत प्रवेश गर्दा निवेदक सफा हात लिएर आउनु पर्छ । रूद्रपुर गाउँ विकास समितिको समेत कार्यभार तोकिएका गा.वि.स. सचिव अर्को गा.वि.स. सालझण्डीबाटै प्रशासनिक कार्य हेर्ने गरेको तथ्यमा

विवाद छैन । यस्तो अवस्थामा उक्त रूद्रपुर गाउँ विकास समितिको प्रशासनिक कार्यको जिम्मेवारी यिनै निवेदक कविराज ढकालको रहेको भन्ने विपक्षीहरूको लिखितजवाफ मननीय छ । अदालतले माग गरेका कागजातहरू लामो समयसम्म नआउँदा पुनरावेदन अदालत बुटवलले मिति २०७०।८।२३ मा गरेको आदेश र तत्पश्चात् रूद्रपुर गाउँ विकास समितिको स्टिल दराज खोलिँदाका बखत खडा भएको मुचुल्कामा समेत निवेदकले दिएको राजीनामालगायतका अदालतबाट माग भाएका कागजातहरू नपाइनु संयोग मात्रै हो वा नियत पनि थियो भन्ने कुरा विश्लेषणयोग्य रहेको पाइने।

आफ्नो हक अधिकारप्रति सचेत नरहने व्यक्तिलाई अदालतले सहयोग गर्न सक्दैन। रिट निवेदन गर्नका लागि निश्चित हदम्याद नरहेपनि ढिलो गरी आफ्नो हक अधिकारको खोजी गर्नेलाई अदालतले विलम्बको सिद्धान्तअनुसार सहयोग गर्न सक्दैन। यी निवेदकलाई हाजिर गराउन सचिवले आलटाल गरेको भनिएको भए पनि निज २०६८।५।३१ देखि कार्यालयमा अनुपस्थित रहेको देखिँदा सो मिति र उपचारको लागि अदालत प्रवेश गरेको मिति २०६९।७।१९बीच १४ महिनाभन्दा बढी अवधि नघाई प्रस्तुत निवेदन गरेको र त्यसमा पनि के कारणले आफ्नो खाइरहेको जागिर जाँदासमेत विलम्ब भएको हो भन्ने कुरा अदालतलाई चित्त बुझ्दो गरी पुष्टि गर्न सकेको अवस्थासमेत नहुँदा सदर हुने।

इजलास अधिकृत: इन्द्रकुमार खड्का

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल साउन १६ गते रोज १ शुभम्।

१०

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-CI-१४३८, निषेधाज्ञा, *महाराजदीन कुर्मी वि. जिल्ला प्रशासन कार्यालय, बाँकेसमेत*

निषेधाज्ञाको माग गर्दै अदालतमा निवेदन दिने निवेदकले लेनदेनको विवाद भने पनि निवेदन, लिखित जवाफ र पेस भएका प्रमाणहरूको समग्र अन्तर्वस्तुको अध्ययन गर्दा विपक्षी रामकेवल बृजवासीको छोराको ट्रेक्टर दुर्घटनाबाट मृत्यु भएकोमा पाउनु पर्ने बाँकी क्षतिपूर्ति रू.१५,०००।- यी निवेदक महाराजदीन कुर्मीले बुझी फिर्ता नगरी उल्टै धम्की दिएकोले शान्ति सुरक्षासमेत गरिपाउँ भनी विपक्षी रामकेवल बृजवासीले जिल्ला प्रशासन कार्यालय, बाँकेमा निवेदन दिएको र सोही आधारमा विपक्षीहरूले म निवेदकलाई कागज गराउने र थुन्ने सम्भावना रहेको हुँदा स्वतन्त्रतापूर्वक जीवनयापन गर्न पाउने नागरिक अधिकारको रक्षार्थ अन्तरिम आदेशसहितको निषेधाज्ञा जारी गरिपाउँ भनी प्रस्तुत निवेदन परेको देखियो। स्थानीय प्रशासन ऐन, २०२८ को दफा ५(५) मा प्रमुख जिल्ला अधिकारीको काम, कर्तव्य र अधिकारको उल्लेख रहेको र सोही दफाको खण्ड (क) मा जिल्लामा शान्ति, व्यवस्था र सुरक्षा कायम राख्ने दायित्व जिल्ला प्रशासन कार्यालयका प्रमुख, प्रमुख जिल्ला अधिकारीमा रहेको देखिन्छ । यसरी यस तथ्यबाट निवेदकले उल्लेख गरेजस्तो नितान्त लेनदेनको विषयमा प्रहरी तथा जिल्ला प्रशासन कार्यालयले निवेदकलाई उपस्थित गराई अनधिकृत धम्कीसमेत दिएको भन्ने भनाइमा सत्यता रहेको नपाइने।

क्षतिपूर्ति र शान्ति सुरक्षाको विषयसमेतको निवेदनउपरको कारबाहीस्वरूप यी निवेदकलाई जिल्ला प्रशासन कार्यालयमा उपस्थित गराएको देखिँदा त्यस्तो कार्यले निवेदकको हकमा आघात हुने अवस्था देखिँदैन भन्ने उल्लेख गरी निवेदकको निवेदन खारेज हुने ठहर्‍याई मिति २०७१।९।२ मा भएको पुनरावेदन अदालत, नेपालगञ्जको आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । निवेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः इन्द्रकुमार खड्का

इति संवत् २०७३ साल साउन १६ गते रोज १ शुभम्।

११

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७०-CI-११२६, निषेधाज्ञा, *परमेश्वर मुखियासमेत वि. रतनीदेवी मुखिया*

किं.नं. ६६ र ६७ को जग्गाको मोही सातैन मुखिया रहेकोमा निजको मृत्युपछि उक्त जग्गाको मोहीहक निजकै श्रीमती यी निवेदिकाको नाउँमा नामसारी भएको देखिन्छ । भूमिसुधार कार्यालय, सप्तरीबाट निवेदिका रतनीदेवीको नाममा मोही नामसारी हुने निर्णय हालसम्म बदर नभई कायम रहेको अवस्था छ । यसरी उल्लिखित जग्गामा यी निवेदिकाको मोही हक कायम रहेको हुँदा विपक्षी परमेश्वर मुखियासमेतले उक्त जग्गाको बाली मास्ने, लुट्नेलगायत अनधिकृत प्रवेश गर्ने कुरा किमार्थ जायज हुन नसक्ने ।

जहाँसम्म निषेधाज्ञा जारी हुन निवेदकको निर्विवाद हक स्थापित भएको हुनुपर्दछ, निवेदिकालाई मोही नपत्याउँदा नपत्याउँदै पनि भूमिसुधार कार्यालय, सप्तरीबाट मोही कायम गरेको र मोही कायम हुने उक्त भूमिसुधार कार्यालय, सप्तरीको निर्णयउपर फैसला बदर मुद्दा विचाराधीन रहेको हुँदा पुनरावेदन अदालत, राजविराजबाट निषेधाज्ञा जारी हुन नसक्ने भन्ने सवाल छ त्यस सम्बन्धमा विचार गर्दा उक्त कि.नं. ६६ र ६७ का जग्गाको हाल रतनीदेवी मोही हो भन्ने कुरामा विवाद छैन । प्रचलित कानूनमा के रहेको छ भन्ने कुरा पत्ता लगाई व्याख्या गर्ने र लागू गराउनेसमेतको काम अदालतले हेर्ने हो तर कानून कस्तो हुनुपर्छ भन्ने विषय अदालतको लागि गौण हो । यस दृष्टिबाट हेर्दा प्रस्तुत मुद्दामा कानुनत: निवेदिका रतनीदेवीको नाममा दाबीको जग्गाको मोहीहक स्थापित रहेको देखिँदा निजको हकनै नपुग्ने जग्गा भएको भन्ने विपक्षी पुनरावेदकहरूको जिकिरमा सहमत हुन नसकिने ।

उपर्युक्त आधार कारणसमेतबाट उल्लिखित कि.नं. ६६ र ६७ को जग्गामा यी निवेदिकाको नाममा मोही कायम रहेको अवस्थामा निवेदिकाको छोरा विपक्षी परमेश्वर मुखियासमेतले उक्त जग्गाको बाली मास्ने, लुट्ने प्रबल आशङ्का रहेको देखिँदा निषेधाज्ञा जारी हुने हुँदा निवेदिकाको मागबमोजिम कि.नं. ६६ र ६७ को जग्गामा अनधिकृतरूपमा प्रवेश नगर्नु, लगाएको बाली नमास्नु, नकाट्नु भनी विपक्षीहरूको नाउँमा निषेधाज्ञाको आदेश जारी हुने ठहर्‍याई मिति २०७०।३।२४ मा भएको पुनरावेदन अदालत, राजविराजको आदेश मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: इन्द्रकुमार खड्का

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल साउन १६ गते रोज १ शुभम् ।

१२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७२-CR-१३५९, सवारी ज्यान, *नेपाल सरकार वि. सन्दिप धिमाल*

आफूले सवारी साधन चलाउनै नपाउने व्यक्तिले घरमा बुबा र चालक नभएको मौका छोपी महेन्द्र राजमार्ग जस्तो सवारी साधनको चाप र मानिसहरूको आवत जावत रहने मूल मार्गमा ट्याक्टर जस्तो ठूलो सवारीको साधन सिक्नका लागि लैजाँदा दुर्घटना हुनसक्ने प्रवल सम्भावना रहेको अवस्थामा त्यसरी ट्याक्टर चलाई मृतकलाई ठक्कर दिई मृत्यु भएको तथ्य लापरवाही गरी सवारी चलाई मानिसको मृत्यु भएमा हुने सजायअन्तर्गतको कसुरभित्र पर्ने देखिन्छ । अर्थात् सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) ले परिभाषित गरेको कसुरअन्तर्गत नै सो कसुरको प्रकृतिसँग मिल्न जाने देखिन्छ । तसर्थ प्रस्तुत वारदातलाई उक्त ऐनको दफा १६१(३) को कसुरअन्तर्गत सजाय गर्ने गरेको सुरूको फैसला सदर गरेको पुनरावेदन अदालत, विराटनगरको फैसला मिलेको नदेखिँदा उल्टी हुने ठहर्छ । अब यी प्रतिवादीको उक्त कार्य सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६१(२) को कसुर अपराध

ठहरेकोले निजलाई सोही दफाबमोजिम कैद वर्ष २(दुई) र दफा १६१(४) बमोजिम थप रू. २,०००।– समेत जरिवाना हुने देखिन्छ । तर वारदातका मितिसम्म निजको उमेर १५ वर्षसमेत पुगेको नदेखिँदा निज नाबालक देखिएकाले बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा ११ (३) बमोजिम निजलाई तोकिएको कैद र जरिवानाको आधा अर्थात् कैद वर्ष १(एक) र जरिवाना रू. १,०००।– हुने ठहर्छ । साबालक अर्थात् उमेर पुगेको व्यक्तिसरह नै हदैसम्म सजाय गरिपाउँ भन्नेसम्मको वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल असोज २ गते रोज १ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-CR-०३३८, ०७२-CR-१८६०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. पुरूषोत्तम वि.क. र पुरूषोत्तम वि.क. वि. नेपाल सरकार*

प्रतिवादीको इन्कारी कथन स्वतन्त्र र तथ्यपूर्ण प्रमाणबाट समर्थित हुन आवश्यक छ । प्रहरीले आफूलाई डर, त्रास देखाई वा धम्की दिई बयान गराएको कारणले प्रहरीमा कसुर स्वीकार गर्नुपरेको हो भनी सो कुराको जिकिर लिई प्रमाणितसमेत गर्न सक्नुपर्छ । तर प्रतिवादीले प्रहरीमा भएको बयान व्यहोरा ठीक साचो हो भनी अदालतमा समेत बयान गरेको देखिन्छ । के कुन परिबन्धबाट कसुर स्वीकार गर्नु परेको भन्ने कुरा अदालतमा समेत भन्न नसकेको स्थितिमा यी प्रतिवादीलाई अनुसन्धान अधिकारीसमक्ष ईच्छाविपरीत बयान गराएको तथ्य प्रमाणबाट देखिन नआएको र निजको सो साबिती बयान मिसिल संलग्न प्रमाण कागजातबाट समर्थित हुन आएको देखिएकोले उक्त साबिती बयान प्रमाण ऐन, २०३१ को दफा ९(१) बमोजिम निजले अनुसन्धानको क्रममा व्यक्त गरेको भनाईलाई अन्यथा भन्न नमिल्ने भई सो स्वीकारोक्तीलाई निजका विरूद्ध प्रमाणमा लिनुपर्ने हुन आउने ।

समग्र मिसिल प्रमाणहरूको रोहमा प्रतिवादी पुरूषोत्तम वि.क.ले अधिकारप्राप्त अधिकारीसमक्षको बयानमा कसुरमा साबित रहेको देखिन्छ । यी प्रतिवादीको उक्त साबिति बयान लास जाँच मुचुल्का, शव परीक्षण प्रतिवेदन र मृतक बच्चीलाई प्रतिवादीले मारेको भनी मृतककी आमाले इशाराले भनेकीले प्रतिवादीलाई नियन्त्रणमा लिई लास गाडेको ठाउँसम्म लगि खाल्डोबाट लास निकाली मुचुल्का गरी आवश्यक कारबाहीको लागि प्रतिवेदन दिएको हुँ भन्ने प्रतिवेदक प्र.स.नि. फत्तेबहादुर तामाङको बकपत्रसमेतबाट समर्थित भएको पाइने ।

मृतक बालिकालाई मार्ने प्रतिवादीको मनसाय थियो थिएन भन्नेतर्फ हेर्दा आपराधिक मनसायको छुट्टै पहिचान नभएको हुँदा प्रतिवादीले गरेको आपराधिक कार्यबाट नै आपराधिक मनसायको पहिचान गर्नुपर्दछ । १९ दिनको दुधे बालिकाको घाँटी थिची हत्या गरीएको छ । घाँटी थिच्दा बालिका मर्न सक्छिन् भन्ने पूर्वज्ञान प्रतिवादीमा हुँदाहुँदै मृतक बालिकाको घाँटी थिचेको देखिन्छ । आफूले गरेको कार्यको प्रकृति र परिणामबारे पूर्वजानकारी हुँदाहुँदै गरेको आपराधिक कार्यमा आपराधिक मनसाय थिएन भनी भन्न मिल्दैन । छोरीको लालनपालन, शिक्षादिक्षा, विहेदान गर्न नसक्ने सोची बालिकालाई मार्ने प्रतिवादीको पूर्वलक्षित उद्वेश्यले प्रतिवादीले मृतकलाई घाँटी थिची मारेको पुष्टि भएको देखिँदा प्रतिवादीले मार्ने नै मनसायले मृतकको घाँटी थिची मारेको देखिँदा प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १, र १३(३) नं. को कसुरमा सोही महलको १३(३)

नं.बमोजिम सर्वस्वसहित जन्मकैद हुने गरी पुनरावेदन अदालत, हेटौंडाबाट भएको फैसला मिलेकै देखिने।

कसुरको प्रकृतिबाट कानूनले सर्वस्वसहित जन्मकैदको सजाय पनि तोकेको छ । तर कसुरको प्रकृति, वारदात हुँदाको अवस्था, परिस्थिति आदि कुराको आधारमा कसुरदारलाई सजाय निर्धारण गरी कसुर र सजायबीचमा तादम्यता हुनु र गरिनु पर्दछ। तसर्थ उक्त तथ्यहरूसमेतलाई मध्यनजर राखी प्रतिवादीलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिँदा मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नम्बरबमोजिम प्रतिवादीलाई १० वर्ष मात्र कैदको सजाय हुन व्यक्त गरेको पुनरावेदन अदालत, हेटौंडाको रायसमेत मनासिब नै देखिन आउने।

अतः प्रतिवादी पुरूषोत्तम वि.क.लाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३(३) नं. को कसुरमा सोही महलको १३(३) नं. बमोजिमको कसुर गरेको ठहर्‍याई मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. बमोजिम १०(दश) वर्ष कैद गर्न व्यक्त गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०७०।११।१३ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: कोशलेश्वर ज्ञवाली

इति संवत् २०७३ साल पुस ५ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या. श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०६९-CR-०१११, कर्तव्य ज्यान, *प्रेमबहादुर गुरूङ वि. नेपाल सरकार*

ज्यानसम्बन्धीको १४ नं. ज्यान मार्नाको मनसाय रहेनछ ज्यान लिन पर्नेसम्मको इवि पनि रहेनछ उसै मौकामा उठेको कुनै कुरामा रिस थाम्न नसकी जोखिमी हतियारले हानेको वा विष खुवाएकोमा बाहेक साधारण लाठा, ढुंगा लात मुक्का इत्यादीले हान्दा सोही चोट पिरले ऐनको म्यादभित्र ज्यान मरेमा दश वर्ष कैद गर्नुपर्छ । उल्लिखित कानूनी व्यवस्थासमेतलाई मध्यनजर गरी हेर्दा प्रस्तुत मुद्दामा प्रतिवादी र मृतकबीच घरायसी झगडा परी पतिले भनेको नमान्दा र मुख खेलाएको भनी घाँटी कसी झुण्डाई मारेको कुरा प्रतिवादीको बयान तथा मिसिल संलग्न प्रमाणबाट देखिएको अवस्था छ । त्यसै गरी मृतकलाई घाँटीमा कस्दा मर्छ भन्ने कुराको पूर्वज्ञान प्रतिवादीमा हुँदाहुँदै कुटपिट गरी तन्नाले घाँटी कसी झुण्डाएको कारण मृतक टिकीमायाको मृत्यु हुन गएको कुरा मिसिल संलग्न प्रमाणबाट देखिने।

फौजदारी कानून र न्यायको एउटा महत्त्वपूर्ण उद्देश्य भनेको कसुरदारलाई सजाय गर्नुको साथै अपराधको रोकथाम र नियन्त्रण गरी समाजमा शान्ति र व्यवस्था कायम गर्नु पनि हो। कसुरदारलाई सजाय तोक्दा दण्ड गरेजस्तो मात्र देखिनु हुँदैन । कसुरको मात्रा र गाम्भीर्यताअनुसार दण्ड पाएको अनुभूति गरी पश्चातापको वातावरण पनि सिर्जना हुने किसिमले दण्ड गर्नुपर्ने हुन्छ। यी पुनरावेदक र मृतक पतिपत्नी नाताका भई सँगै बसोबास गरेको तथ्यमा विवाद छैन। पतिपत्नीको सम्बन्ध पूर्णत: माया, विश्वास र सम्मानमा अडेको हुन्छ र यसमा एउटाले अर्काको विरूद्धमा कुनै आपराधिक घटना घटाउन सक्ने परिकल्पनासमेत गरेको हुँदैन । पत्नीसँग कुनै कारणले बेमेल हुँदैमा संवेदनशील अङ्ग घाँटीमा कपडाले कसी मार्नुपर्ने अवस्था र कारण नहुने।

आफ्नो संरक्षकत्वमा रहेकी, आफूले सदैव रक्षा गर्नुपर्ने पत्नीलाई संवेदनशील अङ्ग घाँटीमा कसी झुण्डाएको कारणबाट मृतकको मृत्यु हुन गएबाट यस्तो प्रकृतिको कसुरमा मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १४ नं. आकर्षित हुने नभई सोही महलको १३(३) न. आकर्षित हुने हुँदा निज प्रतिवादीलाई ज्यानसम्बन्धीको महलको १३(३) नं को कसुरमा सोहीबमोजिम सर्वस्वसहित जन्म हुने ठहर्‍याएको पुनरावेदन अदालत, हेटौंडाबाट भएको फैसला मिलेकै

देखिँदा सदर हुने ।

प्रतिवादी प्रेमबहादुर गुरूङलाई मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ न.बमोजिम १० वर्ष कैद गर्न व्यक्त गरेको रायतर्फ विचार गर्दा यी *प्रतिवादीलाई सर्वस्वसहित जन्मकैद ठहर भए तापनि अपराध हुँदाको अवस्था, परिस्थितिसमेत हेर्दा ज्यान मार्नेसम्मको पूर्व रिसइवी भएको देखिँदैन । लोग्ने स्वास्नीबीच सामान्य झगडाको अवस्थामा तत्काल उठेको रिसको कारण कर्तव्य हुन पुगेको देखिन्छ । प्रतिवादीले अधिकारप्राप्त अधिकारी तथा अदालतमा समेत कसुर अपराधलाई स्वीकार गरी न्यायिक कार्यमा सहयोग पुर्‍याएको अवस्था छ । प्रतिवादीले जेल सजाय भोग्नु परेको कारणबाट निजसँग आश्रित नाबालकहरूको स्थितिसमेतलाई मध्यनजरसमेत राखी सजाय निर्धारण गर्नुपर्ने ।*

कसुरको प्रकृतिबाट कानूनले सर्वस्वसहित जन्मकैदको सजाय पनि तोकेको छ । तर कसुरको प्रकृति, वारदात हुँदाको अवस्था, परिस्थिति आदि कुराको आधारमा कसुरदारलाई सजाय निर्धारण गरी कसुर र सजायबीचमा तादम्यता हुनु र गरिनु पर्दछ । तसर्थ उक्त तथ्यहरूसमेतलाई मध्यनजर राखी प्रतिवादीलाई सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्ने देखिँदा मुलुकी ऐन, अदालती बन्दोबस्तको महलको १८८ नम्बरबमोजिम प्रतिवादीलाई १० वर्ष मात्र कैदको सजाय हुन व्यक्त गरेको पुनरावेदन अदालत, हेटौंडाको रायसमेत मनासिब नै देखिन आउने ।

अतः प्रतिवादी प्रेमबहादुर गुरूङलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३(३) नं. को कसुरमा सोही महलको १३(३) नं.बमोजिमको कसुर गरेको ठहर्‍याई मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं.बमोजिम १०(दश) वर्ष कैद गर्न व्यक्त गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६८।१२।२१ को रायसहितको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: कोशलेश्वर ज्ञवाली

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७३ साल पुस ५ गते रोज ३ शुभम् ।

३

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७१-CR-०१९२, आगलागी, *नेपाल सरकार वि. टीकाराम वि.क.*

सुरू सल्यान जिल्ला अदालतले प्रतिवादी टीकाराम वि.क.लाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १५ नं. बमोजिम सफाइ र आगो लगाउने महलबमोजिम कसुरदार ठहर गरेको फैसला पुनरावेदन अदालत, तुलसीपुरबाट सदर भएको अवस्थामा उपरोक्त कानूनी व्यवस्थानुसार यी पुनरावेदक वादी नेपाल सरकारले यस अदालतमा मुद्दा दोहोर्‍याई हेरी पाउँ भन्ने निवेदन पेस गर्नुपर्ने देखिन्छ । तर सुरूले कायम गरेको रू. १,४९,५००।- को बिगो बढाई रू. २,१०,०००।- कायम गरी वादी नेपाल सरकारकै पक्षमा भएको फैसलालाई दफा ९ को व्यवस्थाअन्तर्गत पर्ने भनी सोझै यस अदालतमा पुनरावेदन पत्र दायर गरेको देखिँदा कानूनले पुनरावेदन गर्न पाउने हक नै प्रदान नगरेका वादीले दायर गरेको पुनरावेदन कानूनसम्मत देखिन नआउने ।

सुरू सल्यान जिल्ला अदालतले प्रतिवादी टीकाराम वि.क.लाई ज्यान मार्ने उद्योगमा सफाइ, जाहेरवालाको घरमा आगो लगाएकोमा आगो लगाउनेको महलबमोजिमक सुरदार कायम गरेको फैसलामा वादी नेपाल सरकारले न्याय प्रशासन ऐनको दफा १२ बमोजिम मुद्दा दोहोर्‍याई पाउँ भन्ने निवेदन पेस गर्नुपर्नेमा दफा ९ बमोजिम पुनरावेदन दायर गरेको देखिँदा दाखिला गर्न ल्याएको नालिस पुनरावेदन दर्ता हुन नसक्ने देखिएमा उसै बखत फिर्ता नगरी अड्डाबाट दर्ता भएपछि खारेज हुने भएकोमा खारेज गर्न सकिने मुलुकी ऐन, अ.बं. १८० नं. को कानूनी व्यवस्थासमेत

रहेको देखिन्छ । तसर्थ प्रस्तुत मुद्दामा यस अदालतमा दर्ता भई पेस हुन आएको पुनरावेदन पत्र न्याय प्रशासन ऐन, २०४८ को दफा ९ को व्यवस्थाअनुसार यस अदालतमा पुनरावेदन दर्ता हुने अवस्थाको नहुँदा मुलुकी ऐन, अ.बं. १८० नं.बमोजिम प्रस्तुत पुनरावेदन पत्र खारेज हुने ।

इजलास अधिकृत: कोशलेश्वर ज्ञवाली

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७३ साल पुस ५ गते रोज ३ शुभम् ।

४

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०६८-CR-०५८३, आगोलागी, *नेपाल सरकार वि. शंकर पुनसमेत*

वस्तुतः प्रमाण ऐन, २०३१ को दफा २५ अनुसार अभियोग दाबीलाई वस्तुगत प्रमाण पेस गरी पुष्टि गर्ने अभिभारा वादी पक्षको हो । वादी पक्षले उल्लिखित ट्रकको प्राविधिक मूल्याङ्कन गरी यथार्थ बिगो खुलाई दाबी लिनुपर्नेमा हचुवामा रू.१२,००,०००।– को ट्रकको बिगो भनी दाबी लिएको देखिन्छ । सो ट्रकको मूल्य १२ लाख पर्ने कुरालाई पुष्टि गर्ने कुनै प्रमाण वादी पक्षले पेस गर्न सकेको देखिँदैन । मिसिल संलग्न घटनास्थल प्रकृति र मिसिल संलग्न फोटाहरू हेर्दा उक्त ट्रक पुरै जली नष्ट भएको अवस्था पनि देखिँदैन । यस अवस्थामा घटनास्थल प्रकृति र फोटोहरूलाई मध्यनजर राखी न्यायोचित अनुमानको आधारमा ट्रकको मूल्य रू. २ लाख कायम गरेको पुनरावेदन अदालतको फैसला अन्यथा नदेखिने ।

अभियोगपत्रमा झमकसिंह सुनारी र देवीप्रसाद घिमिरेको नोक्सानी भएको सामानको बिगो दाबी गरी अभियोग दायर भएको देखिन्छ । तर सो दाबीलाई पुष्टि गर्न निज व्यक्तिहरूलाई अदालतमा उपस्थित गराई बकपत्र गराउन सकेको देखिँदैन । अनुसन्धानको क्रममा मेरो यो यति सामान ट्रकमा थियो जली नष्ट भएको भनी निवेदन दिएको भरमा मात्र बिगो कायम गरी भराइ दिन नमिल्ने ।

अतः प्रतिवादीहरू शंकर पुन, पप्पु आले, मेहबुव अलिखान, राकेस श्रेष्ठ, सचिन महर्जन, शेखर शाही, महेन्द्र सिलवाल र ध्रुव दमाईसमेतलाई मुलुकी ऐन, आगो लगाउनेको महलको ४ नं.अनुसार जनही ६ महिना कैद हुने र अभियोग दाबीको बिगोमध्ये रू.२,९५,४७२।– सम्म प्रतिवादीहरबाट पीडित जाहेरवालाले भरी पाउने ठहर्‍याएको पुनरावेदन अदालत, बुटवलको मिति २०६८।३।१ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः आनन्दराज पन्त

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल पुस १३ गते रोज ४ शुभम् ।

## इजलास नं. ८

१

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०६७-WO-०६७६, उत्प्रेषण / परमादेश, *तोयानाथ भट्टराई वि. विमलकुमार केडिया*

निवेदकका नाममा काठमाडौं जिल्ला अदालतबाट काठमाडौं-३५, महादेवस्थान मार्ग वतनमा जारी भएको म्याद मिति २०६४।११।१६ मा बेपत्ते तामेल भएको पाइयो । काठमाडौं जिल्ला अदालतले मिति २०६५।१।४ मा सो तामेली म्याद बदर गरी फिराद पत्रको विरूद्ध खण्डमा लेखिएकै वतनमा म्याद जारी गरी सो म्यादसहित गोरखापत्र दैनिकमा सूचना प्रकाशित गरेर म्याद तामेल गर्नु भनी आदेश भएको देखियो । फिरादपत्रको विरूद्ध खण्डमा यी निवेदकको स्थायी वतन जलजले-१, तेह्रथुम भनी उल्लेख भएको र संलग्न कपाली तमसुकमा समेत निजको स्थायी वतन सोही जलजले-१, तेह्रथुम नै उल्लेख भएको रहेछ । तर काठमाडौं जिल्ला अदालतले निजको उल्लिखित स्थायी वतनमा म्याद जारी गरी तामेल गरे गराएको

पाइएन। यसरी निवेदकका विरूद्धमा काठमाडौं जिल्ला अदालतमा परेको लेनदेन मुद्दाको म्याद निवेदकको स्थायी घर ठेगानामा रीतपूर्वक तामेल भएको नदेखिने।

लेनदेन मुद्दामा यी निवेदकको स्थायी वतनमा म्याद जारी गरी तामेल नभएको कारण निज विरूद्धमा परेको मुद्दाको जानकारी निजले प्राप्त गर्न नपाई निवेदकले उल्लिखित मुद्दामा प्रतिवाद गर्न पाउने हकबाट वञ्चित हुन पुगेको देखियो । तसर्थ निवेदकले प्रतिवाद गर्न पाउने हक सुनिश्चित नहुने गरी भएका काम कारबाहीले कानूनी मान्यता पाउन नसक्ने भएकोले उक्त मुद्दामा भएका म्याद तामेलीसम्बन्धी काम कारबाही, सोही आधारमा काठमाडौं जिल्ला अदालतबाट मिति २०६५।३।२२ मा भएको फैसला र सो फैसलाको आधारमा भए गरेका बिगो भरी भराउसमेतका काम कारबाही उत्पेषणको आदेशद्वारा बदर हुने।

अब उल्लिखित लेनदेन मुद्दाका प्रतिवादीको फिरादमा उल्लिखित स्थायी वतनमा म्याद जारी गरी अ.बं.११० र ११२ नं.समेतबमोजिमको रित पुर्‍याई म्याद तामेल गरी गराई जो जे बुझ्नुपर्ने बुझी उक्त मुद्दाको कारबाही किनारा गर्नु भनी विपक्षी काठमाडौं जिल्ला अदालतका नाउँमा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृतः आनन्दराज पन्त

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल चैत ८ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७०-CR-१२४७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. सुनिल वि.क.समेत*

वस्तुतः प्रस्तुत वारदातमा चश्मदिद गवाह कोही देखिँदैनन् । वादी पक्षले पनि परिस्थितिजन्य अवस्थाबाट प्रतिवादीहरूले नै कुटपिट गरेको देखिएको भनी जिकिर लिएको देखिन्छ । प्रतिवादी सुनिल वि.क.ले मृतकलाई २/३ थप्पड गालामा हानेको भन्नेसम्मको तथ्यलाई स्वीकार गरी अनुसन्धान अधिकारीसमक्ष बयान गरेको देखिन्छ। मृतकको शव परीक्षण प्रतिवेदन र लास जाँच मुचुल्काबाट धार नभएको वस्तुले टाउकोमा परेको आघातको कारण मृतकको मृत्यु भएको देखिन्छ। यी प्रतिवादीको सो हदसम्मको स्वीकारोक्तीलाई आधार मान्ने हो भने पनि निजको कुटपिटबाट मृतकको मृत्यु भएको देखिँदैन । यी प्रतिवादी अदालतमा आरोपित कसुरमा पूर्णत: इन्कार रही बयान गरेको अवस्था छ । अर्का प्रतिवादी वारदात हुदा वारदातस्थलमा नभई भारतको दिल्लीमा रहेको भनी जिकिर लिएको देखिन्छ । अनुसन्धानको क्रममा कागज गर्ने अर्जुन वि.क., कुमार वि.क., भोला देवकोटा, राजेशकुमार ढुंगाना, गौरी कार्की, नारायण श्रेष्ठ र पन्नालाल श्रेष्ठसमेतले मृतकलाई यिनै प्रतिवादीहरूले फलामको रडले कुटपिट गरेको भनी यकिनसाथ भन्न सकेको देखिँदैन। निजहरू प्रत्यक्षदर्शी होइनन्। अरूले सुने सुनाएको आधारमा कागज गरेको देखिन्छ। प्रतिवादी सुनिल वि.क.ले मनिष लामालाई चिन्दिन भनी बयान गरेको देखिन्छ । को को भई दाजुलाई मारेका हुन् थाहा भएन भनी जाहेरवालाले बकपत्र गरेको अवस्था देखिने।

प्रमाण ऐन, २०३१ को दफा २५ ले प्रतिवादीउपरको अभियोग दाबीलाई प्रमाणित गर्ने वस्तुगत र भरपर्दो प्रमाण पेस गर्ने अभिभारा वादीको हो। प्रस्तुत मुद्दमा यिनै प्रतिवादीहरूको प्रहारबाट हरि श्रेष्ठको मृत्यु भएको भन्ने कुरालाई स्थापित गर्ने कुनै पनि प्रमाण मिसिलमा देखिएन। तसर्थ ठोस र वस्तुगत प्रमाणबिना प्रतिवादीहरूलाई कर्तव्य ज्यानजस्तो गम्भीर फौजदारी अपरादरमा कसुरदार ठहर गर्न फौजदारी न्यायको सिद्धान्तले नमिल्ने।

अतः प्रतिवादीद्वय सुनिल वि.क. र मनु भन्ने मनिष लामाले अभियोग दाबीबाट सफाइ पाउने

ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६७।१२।६ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः आनन्दराज पन्त

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल चैत ८ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७१-CR-००६२, ०७१-CR-००६४ र ०७१-CR-०६६२, कर्तव्य ज्यान, *सन्तोष श्रेष्ठ वि. नेपाल सरकार, शेष भोला वि. नेपाल सरकार र नेपाल सरकार वि. सन्तोष श्रेष्ठसमेत*

प्रतिवादी शेष भोला आरोपित कसुरमा इन्कार रही अदालतमा बयान गरे तापनि अधिकारप्राप्त अधिकारीसमक्ष कसुर अपराधमा साबित भई आफूले आफ्नै नलकटुवा बन्दुकले मृतक बिमला श्रेष्ठलाई प्रहार गर्दा प्रहार गरेको बन्दुकको गोलीले निजको मृत्यु भएको तथ्यलाई स्वीकार गरेको देखिन्छ । निजको अधिकारप्राप्त अधिकारीसमक्षको बयान अन्य प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको बयान तथा अदालतकै बयानबाट समेत समर्थित भएको छ। निज प्रतिवादी शेष भोलाको अधिकारप्राप्त अधिकारीसमक्षको बयानको आधारमा नलकटुवा बन्दुक बरामद भएको र सोलाई निजले सनाखत गरेको समेत देखिन्छ । निज र अन्य प्रतिवादीबीच पुरानो चिनाजान रहेको कुरा निज स्वयम्ले अदालतकै बयानमा स्वीकार गरेको देखिन्छ। अन्य प्रतिवादीले यी प्रतिवादी शेष भोलालाई पोल गर्नुपर्ने कुनै कारण अवस्था देखिँदैन । मोबाइल कल डिटेलबाट पनि प्रतिवादी सन्तोष श्रेष्ठ र यी प्रतिवादी शेष भोलाबीच पटक-पटक संवाद भएको देखिन्छ । यसरी मिसिल संलग्न रहेको जाहेरी र बकपत्र प्रतिवादीहरूले मौकामा गरेको बयान बरामदी बन्दुकसमेतबाट क्रमबद्ध र मालाकार रूपमा प्रतिवादीहरूले कसुर गरेको प्रमाणित भएको देखिँदा यी प्रतिवादीको अधिकारप्राप्त अधिकारीसमक्षको साबिति बयान प्रमाण ऐन, २०३१ को दफा ९(१) ले प्रमाणमा लिनुपर्ने नै हुने।

मृतक विमला श्रेष्ठलाई प्रतिवादी शेष भोलाले बन्दुक प्रहार गरी निज चलाएको बन्दुकको गोलीबाट मृतक बिमला श्रेष्ठको मृत्यु भएको देखिँदा निज प्रतिवादी शेष भोलालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(१) नं.बमोजिम सर्वस्वसहित जन्म कैद हुने ठहर्‍याएको पुनरावेदन अदालतको फैसला मनासिब देखिने।

मृतक विमला यी प्रतिवादी सन्तोष श्रेष्ठको श्रीमती रहेको र निजको कारणबाट निजले लाए अह्राए मुताबिक मृतक विमला श्रेष्ठलाई शेष भोलाले गोली हानी हत्या गरेको देखिन्छ। तर निज प्रतिवादी सन्तोष श्रेष्ठले नै गोली प्रहार गरी निज श्रीमतीको हत्या गरेको देखिँदैन । वारदातस्थलमा गई मर्नेको जीउमा हात हालेको अवस्था पनि छैन। मुलुकी ऐन, ज्यानसम्बन्धीको १६ नं. मा “ज्यान मार्ने काममा वा ज्यान मर्न सक्ने कुनै कुरामा मुख्य भई षडयन्त्र गर्ने वा त्यस्तो काम गर्न लगाउनेलाई ज्यान मरेको रहेछ भने दश वर्षदेखि पन्ध्र वर्षसम्म कैदको सजाय गर्नुपर्छ” भन्ने कानूनी व्यवस्था देखिन्छ। यी प्रतिवादी सन्तोष श्रेष्ठको कार्य उल्लिखित कानूनी व्यवस्थाअनुरूपको देखिन आएकोले निज प्रतिवादीको हकमा ज्यानसम्बन्धी १६ नं. आकर्षित गरी सजाय गर्ने गरेको पुनरावेदन अदालतको फैसला कानूनसम्मत देखिने।

प्रतिवादी हिरा श्रेष्ठ सन्तोष श्रेष्ठको सानीआमा नाताकी रहेकी, प्रतिवादी सन्तोष श्रेष्ठले बिमला श्रेष्ठलाई मार्न गरेको मतसल्लाहमा निज प्रतिवादी हिरा श्रेष्ठसमेत परी वारदातस्थलामा सँगै गएको सम्मको अवस्था देखिएको भए तापनि निजले गोली प्रहार गरेको वा मृतककोउपर हात हालेको अवस्था नदेखिएको र निज मुख्य षड्यन्त्रकारी रहे भएको समेत नदेखिएकोले निज प्रतिवादी हिरा श्रेष्ठलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १७(३) नं. आकर्षित गरी सोही महलको १७(३) नं.अनुसार ३ वर्ष कैद गर्ने गरी भएको

पुनरावेदन अदालतको फैसला बेमुनासिब नदेखिने।

तसर्थ प्रतिवादी शेष भोलाले मुलुकी ऐन, ज्यानसम्बन्धीको १ र १३(१) नं.बमोजिमको कसुर अपराध गरेकोमा निजलाई सोही महलको १३(१) नं.बमोजिम सर्वस्वसहित जन्मकैद, प्रतिवादी सन्तोष श्रेष्ठलाई सोही महलको १६ नं.बमोजिम १५ वर्ष कैद र प्रतिवादी हिरा श्रेष्ठले ज्यानसम्बन्धीको १७(३) नं.बमोजिम ३ वर्ष कैद हुने ठहर्‍याई पुनरावेदन अदालत, जनकपुरबाट मिति २०७०।११।२१ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः आनन्दराज पन्त

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल फागुन ९ गते रोज २ मा शुभम्।

४

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०६७-WO-०९१३, उत्प्रेषण / परमादेश, *हरेराम साह (सूडी) समेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथसमेत*

स्वास्थ्य सेवा ऐन लागू भएपछि स्वास्थ्य सेवाभित्र तहगत प्रणाली लागू भएबाट तहगत प्रणालीमा स्तरवृद्धिको माध्यमबाट माथिल्लो पदमा जान सकिने र श्रेणीगत प्रणालीमा बढुवाको माध्यमबाट माथिल्लो पदमा जान सकिने हुँदा स्तरवृद्धि र बढुवालाई अलग अलग प्रयोजनको लागि प्रयोग गरी स्तरवृद्धि भएका कर्मचारीहरूको बढुवा भएको होइन भन्ने उचित एवम् न्यायसङ्गत हुने देखिँदैन । ऐनमा नै स्तरवृद्धिको माध्यमबाट सातौं तहमा जान सकिने भन्ने प्रावधान भएबाट स्तरवृद्धि भएका निवेदकहरूलाई स्तरवृद्धि भएको पदअनुकूलको पदनाम दिनुपर्ने नै देखिने।

विपक्षीहरूको लिखित जवाफमा जुन पदबाट स्तरवृद्धि भएको हो सोही पदअनुसारको काम गर्नुपर्ने पदनामसमेत सोहीअनुसारको कायम हुने भन्ने उल्लेख भए तापनि सो कुरा कुन कुन कानूनसँग सम्बन्धित छ र स्तर वृद्धि भएको पदनाम कुन कानूनअनुसार दिन मिल्दैन सो केही खुलाइएको पाइँदैन। साथै सि.अ.हे.व. को तालिम लिनुपर्ने भन्ने कुनै कानूनी आधार पनि देखिँदैन । केवल हचुवाको भरमा मन लागेको बेला पदनाम दिने र नलागेको बेला पदनाम नदिई कर्मचारीहरूलाई स्तरवृद्धिको अनुभूतिसमेत नदिई साबिकबमोजिम कै पदनाम दिने कार्यले एकातिर ऐनले सेवालाई विशिष्टीकृत जनमुखी र सक्षम बनाउने गरी लिएको उद्देश्य पूर्ति हुनसक्ने देखिँदैन भने अर्कोतिर स्तरवृद्धि भएका कर्मचारीहरूलाई आफ्नो वृत्ति विकास भएको अनुभूतिसमेत हुने देखिँदैन । राष्ट्र सेवक कर्मचारीहरूको वृत्ति विकास भएपछि वृत्ति विकासको अनुभूति हुने गरी पदनामसमेत पाउने अधिकार निजहरूमा निहित रहने।

निवेदकहरूले निवेदन व्यहोरामा आफूहरू मिति २०६३।१०।१७ देखि लागू हुने गरी मिति २०६४।२।३, मिति २०६४।३।३, मिति २०६४।३।४, २०६४।३।५ र २०६४।३।१४ मा निर्णय भइसकेको देखिँदा उत्प्रेषणको आदेशले उक्त निर्णयहरू बदर गरिरहनु पर्ने देखिएन। अब, प्रस्तुत मुद्दामा कानूनबमोजिम योग्यता पुगेको आधारमा निवेदकहरूलाई स्तरवृद्धि गरिसकेपछि ऐन, नियममा भएको पदअनुसारको पदनाम प्रदान गर्न कुनै कानूनले रोक नलगाएको अवस्थामा सामान्य विवेकसमेत प्रयोग नगरी निवेदकहरूलाई पदनामा नदिने कार्य कानूनसम्मत नदेखिँदा स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ७ अनुसूची ३ को हेल्थ इन्सपेक्सन समूहअन्तर्गतको सि.नं. २७ देखि सि.नं. ३५ सम्म उल्लिखित विभिन्न पदहरूमध्ये निवेदकहरूले माग गरेबमोजिम पाचौँ तहको पदनाम दिनु भनी विपक्षीहरूको नाउँमा परमादेशको आदेश जारी।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल माघ ४ गते रोज ३ शुभम्।

- यसै लगाउको ०६७-WO-०९१४, उत्प्रेषण

/ परमादेश, *रामनाथ राउतसमेत वि. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं. ९

१

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७१-WO-०९९३, उत्प्रेषण / परमादेश, *केसवराज रानासमेत वि. जिल्ला प्रशासन कार्यालय, रूपन्देहीसमेत*

देशभित्रै रोजगारीका अवसरहरू सिर्जना हुन नसकी दैनिकरूपमा जनशक्ति विदेश गइरहेको अवस्थामा कम लागतमा पनि स्थानीय स्तरमा स्व-रोजगारीको अवसर प्रदान गर्ने यस्ता स-साना व्यवसायलाई संरक्षण गर्ने जिम्मेवारी पनि नेपाल सरकार कै हुने देखिन्छ। तर लुम्बिनी क्षेत्रमा ब्याट्रिबाट चल्ने रिक्सा सार्वजनिक सवारीमा दर्ता गरी सञ्चालन गर्न रोक लगाउने गरी नेपाल सरकार (सचिव स्तर) बाट मिति २०७२।२।१८ मा भएको निर्णय र सो निर्णयको आधारमा यातायात व्यवस्था विभागबाट यातायात व्यवस्था कार्यालय, लुम्बिनी अञ्चल (सवारी) लाई लेखिएको मिति २०७२।२।२९ को पत्रले उल्लिखित नेपाल सरकारको जिम्मेवारी पूरा नगर्नुको साथै तत्कालिन नेपालको अन्तरिम संविधान, २०६३ एवम् वर्तमान नेपालको संविधानले प्रत्याभूत गरेको समानताको हक, पेस व्यवसायको हकसमेतका हक अधिकारहरू कुण्ठित भएको देखिने।

अतः उल्लिखित आधार एवम् कारणबाट नेपाल सरकार (सचिव स्तर) बाट लुम्बिनी अञ्चलका लागि ई-रिक्सा दर्ता रोक्न भनी मिति २०७२।२।१८ मा भएको निर्णय र सोको आधारमा यातायात व्यवस्था विभागबाट यातायात व्यवस्था कार्यालय, लुम्बिनी अञ्चल (सवारी) लाई लेखिएको मिति २०७२।२।२९ को पत्र तत्कालिन नेपालको अन्तरिम संविधान, २०६३ एवम् वर्तमान नेपालको संविधानले प्रत्याभूत गरेको समानताको हक, पेसा तथा रोजगारीको हक र यातायात व्यवस्था ऐनको मर्मविपरीत रहेकोले उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ। निवेदन मागबमोजिमका ई-रिक्सा दर्ता सम्बन्धमा प्रक्रिया अगाडि बढाउनु भनी विपक्षीहरूका नाममा परमादेशसमेत जारी हुने।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर: चन्दनकुमार मण्डल

इति संवत् २०७३ साल पुस ११ गते रोज २ शुभम्।

२

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या. श्री प्रकाशमान सिंह राउत,** ०७०-CR-१२६२, जबरजस्ती करणी, ज्यान मार्ने उद्योग, *आयरन पासीसमेत वि. नेपाल सरकार*

प्रतिवादीहरूले पनि मिति २०६७।६।२४ मा दुर्गा पूजा भएका कारण सो हेर्नका लागि निज गिता यादव पनि आउँछे भनी बाटोमा कुराकानी गर्दै बसेको अवस्थामा निज गिता यादव दिसा गर्न खेतबारीमा आएकीले उक्त स्थानमा गई निजलाई जबरजस्ती करणी गरी साथमा ल्याएको USTAAD नामक बिषालु औषधी सेवन गराई भागी गएका हौं भनी अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरेका र पीडित गिता यादवको शरीरमा कोतारिएको चोटका निसान दुबै हातमा रहेका, योनिको वरिपरि तथा योनिभित्र तरल पदार्थ छ भन्ने पीडित गिता यादवको स्वास्थ्य परीक्षण प्रतिवेदनमा उल्लेख भएको अवस्थामा जबरजस्ती करणीको वारदात भएको होइन भनी अनुमान गर्न मिल्ने नदेखिने।

प्रतिवादीहरूको अदालतसमक्षको इन्कारी बयान र घटना विवरणका मानिसले प्रतिवादीहरूको पक्षमा हुने गरी अदालतमा बकपत्र गरे पनि पीडितले वारदातपश्चात् घटना बारेमा लेखाइदिएको कुरा र अदालतमा आई गरिदिएको बकपत्रको व्यहोराबाट

समर्थन भएको कारण प्रतिवादीको इन्कारी बयान विश्वासलाग्दो देखिएन । गाली बेइज्जती मुद्दा परेको कारण रिसइवीले गर्दा झुट्ठा मुद्दामा फसाएको र काका भतिजा वा भाइले सँगसँगै करणी गर्न नसक्ने जस्ता तर्क राखी पुनरावेदन अदालत, नेपालगञ्जबाट भएको फैसला बदर गरी सफाइ पाउँ भनी लिएको प्रतिवादीहरूको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, माथि विवेचित तथ्य, आधार र कारणसमेतबाट प्रतिवादीहरू आइरन पासी तथा गोविन्द पासीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३(५) नं.ले जनही ५ (पाँच) वर्ष कैदमा ऐ. ३क नं. ले जनही थप ५ (पाँच) वर्ष गरी जनही १० (दश) वर्ष कैद र प्रतिवादी अमृत पासीले पेस गरेको जन्म दर्ताको प्रमाण पत्रको प्रतिलिपीबाट निज प्रतिवादी १५ वर्षभन्दा माथि र १६ वर्षभन्दा कम उमेरको देखिँदा निज प्रतिवादीलाई बालबालिकासम्बन्धी ऐन,२०४८ दफा ११(३) ले कैद ५ (पाँच) वर्ष हुने साथै प्रतिवादीहरू आइरन पासी तथा गोविन्द पासीबाट मुलुकी ऐन, जबरजस्ती करणीको महलको १० नं.बमोजिम जनही दश हजार रूपैयाँका दरले र प्रतिवादी अमृत पासीबाट पाँच हजार रूपैयाँ गरी जम्मा पच्चिस हजार रूपैयाँ पीडितलाई प्रतिवादीहरूबाट क्षतिपूर्ति भराउने एवम् ज्यान मार्ने उद्योगतर्फको अभियोग दाबी पुग्न नसक्ने ठहर्‍याई सुरू बाँके जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत नेपालगञ्जबाट मिति २०६९।१२।५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: यज्ञप्रसाद आचार्य

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल भदौ १५ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-CR-००११, ०७०-CR-११७०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. यादव गुरूङ, यादव गुरूङ वि. नेपाल सरकार*

अभियोग दाबी पुग्ने अन्य आधारभूत सबुदको अभावमा सहअभियुक्तको पोलकै भरमा सजाय गर्नु फौजदारी न्यायको सिद्धान्तविपरीत हुने हुँदा प्रतिवादीहरू पहलमान राई, विरबहादुर सुब्बा र खड्गबहादुर तामाङलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी यादव गुरूङले मृतकको ज्यान लिने षड्यन्त्र गरेकोसम्म देखिन्छ । यी प्रतिवादी आदेश दिनसक्ने प्रकारको व्यक्ति नदेखिएका साथै वारदातस्थलमा अथवा अन्यत्र घटना घट्नु तत्काल अघि वा पछि वा कुनै समयमा यो यस्तो शब्दको प्रयोग गरी यी प्रतिवादीले वचन दिएको र सो वचन मानी अरू प्रतिवादीले मृतकको हत्या गरेको हो भन्ने कुरा अभियोग पत्रमा खुल्न नसकेकोले हुँदा यी प्रतिवादी यादव गुरूङले मृतकको हत्याको षड्यन्त्रसम्मको कसुर गरेको देखिँदा प्रतिवादी यादव गुरूङले अभियोग दाबीबाट सफाइ पाउँ भन्ने र नेपाल सरकारले अभियोग दाबीबमोजिम नै सजाय गरिपाउँ भनी गरेको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ उल्लिखित आधार, कारण र प्रमाणबाट प्रतिवादी यादव गुरूङले मृतकको हत्याको षड्यन्त्र गरेकोसम्म देखिँदा निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १६ नं.बमोजिम कैद वर्ष १२(बाह्र) र अरू प्रतिवादीहरू पहलमान राई, विरबहादुर सुब्बा र खड्गबहादुर तामाङलाई अभियोगदाबीबाट सफाइ पाउने ठहर्‍याई पुनरावेदन अदालत इलामबाट मिति २०६९।१०।२१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: यज्ञप्रसाद आचार्य

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल भदौ १५ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या. श्री प्रकाशमान सिंह राउत,** ०७०-CR-११४८, ०७०-CR-११४९, खुन डाँका, *संजय चौधरीसमेत वि. नेपाल सरकार र श्याम चौधरी वि. नेपाल सरकार*

के कति धनमाल डाँका भएको हो सो कुरालाई वादीतर्फबाट अभियोगपत्रमा स्पष्टरूपमा किटान गरी अभियोग गर्न सकेको देखिँदैन भने प्रतिवादीहरूबाट डाँका भएको धनमालसमेत केही बरामद भएको समेत पाइँदैन । डाँका गर्न जानासाथ मृतक र जाहेरवालीले गरेको होहल्लाबाट बाधा पुगी आत्मारामउपर गोली प्रहार हुनासाथ निजको मृत्यु भएको र अरू प्रतिवादीहरूले बम आदि पड्काएको कारणबाट कोलाहल भएकोले यी प्रतिवादीहरूले डाँका वार्दातलाई पूर्णता दिन सकेको देखिँदैन । यी प्रतिवादीहरू डाँका गर्ने मनसाय लिएर गएको र सोअनुसार घटना घटाए पनि डाँका गरी धनमाल लान सकेको भन्ने बस्तुनिष्ठ र ठोस प्रमाण नपाइएकोले यी प्रतिवादीहरू विरूद्धको डाँका वार्दात स्थापित हुनसक्ने देखिँदैन । समग्र घटना र संकलित प्रमाणहरूबाट यी प्रतिवादीहरूले डाँकाको उद्योगको वार्दातसम्म गरे गराएको देखिन आउने ।

तसर्थ विवेचित आधार, प्रमाण र कारणहरूसमेतबाट प्रतिवादी संजय चौधरीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद र अन्य प्रतिवादीहरू धर्मे भन्ने मैफुज आलम, इन्द्रे भन्ने अंकित उराव, वोधे भन्ने बरम चौधरी, श्याम चौधरी र समिर अलीलाई सो महलको १३ (४) नं.बमोजिम जन्मकैदको सजाय गरेको सो हदसम्म सुरू फैसला सदर हुने ठहर्‍याई प्रतिवादीहरूले जाहेरवालाको धनमाल डाँका गरी लान नसकेको अवस्थामा निजहरूले मुलुकी ऐन, चोरीको महलको १ र ६ नं.को कसुर गरेको ठहर्‍याएको हदसम्म सुरू झापा जिल्ला अदालतको फैसला नमिलेकोले केही उल्टी हुने ठहरी प्रतिवादीहरूलाई चोरीको महलको १७ नं. बमोजिम डाँका वारदातको उद्योगसम्म गरेको ठहर्‍याई मुलुकी ऐन, चोरीको महलको १७ नं. तथा १४(४) नं.बमोजिम जनही ३ वर्ष कैदसमेत हुने ठहरी पुनरावेदन अदालत, इलामबाट मिति २०७०।२।५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: यज्ञप्रसाद आचार्य

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल भदौ १५ गते रोज ४ शुभम् ।

## इजलास नं. १०

१

**मा.न्या.श्री दीपक कुमार कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७१-CI-०६४२, अंश चलन, *दीपकराजा गोर्खाली श्रेष्ठ वि. अमीना गोर्खालीसमेत*

मुलुकी ऐन, अंशबन्डाको १० नम्बरमा लोग्ने वा बाबु आमाले स्वास्नी वा छोराछोरीलाई इज्जत आमदअनुसार खान, लाउन र आवश्यकतानुसार उचित शिक्षा दिक्षा र स्वास्थ्य उपचारको व्यवस्था गर्नुपर्छ । सो नगरे अंश दिनु पर्छ भन्ने कानूनी व्यवस्था रहेको छ । उक्त कानूनी व्यवस्थाअनुसार प्रस्तुत मुद्दामा प्रतिवादी दीपकराजा गोर्खालीले आफ्नो श्रीमती तथा छोराहरूलाई इज्जत आमदअनुसार खान लाउन र आवश्यकताअनुसार उचित शिक्षा दिक्षा दिनुपर्ने कानूनी दायित्वलाई इन्कार गरेको देखिन्छ । इज्जत आमदअनुसार खान लाउन दिई रहेको अवस्थामा बिनाकारण त्यसै मुद्दा दिनुपर्ने स्थिति आउँदैन र त्यस्तो कारण प्रतिवादीले दिन सकेको पनि छैन । प्रत्येक अंशियार अंशको समान हकदार हुने भएकाले सगोलको अंशियारको नाताले वादीले प्रतिवादीउपर

अंशमा दाबी गरेको कुरालाई अन्यथा मान्न मिलेन। यस्तो अवस्थामा उक्त कानूनी व्यवस्थाअनुसार वादीहरूलाई अंश दिने कानूनी दायित्वबाट प्रतिवादीले उन्मुक्ति पाउन सक्ने नदेखिने।

वादी अमीना गोर्खालीले आफ्नो नाबालक छोराहरू वर्ष १० को अंकित गोर्खाली र वर्ष ८ को आदिप गोर्खालीको अंश भाग आफ्नो जिम्मामा रहने गरी माग गरेकोमा प्रस्तुत मुद्दालगायत लगाउमा रहेको मानाचामल मुद्दामा समेत यी वादीहरूले मानाचामल भराई पाउने गरी यसै इजलासबाट अन्तिम फैसला भएकोले वादी प्रतिवादीका निज नाबालक छोराहरू हाल वादी अमीना गोर्खालीकै जिम्मामा रहेको देखिन आउँछ। यस्तो अवस्थामा नाबालक छोराहरू सर्वोत्तम हितलाई ध्यानमा राखी उमेर पुगेपछि निजहरूको मन्जुरीले बाहेक सो सम्पत्ति र त्यसबाट बढे बढाएको सम्पत्तिसमेत नास्न, मास्न र खर्चसमेत गर्न नपाउने गरी वादी प्रतिवादीका निज नाबालक छोराहरूको अंशबापतको २ भाग अंश प्रतिवादीबाट छुट्याई वादी अमीना गोर्खालीको जिम्मामा रहने गरी लिन पाउने कुरा कानूनसम्मत नै देखिन आउँछ। नाबालक छोराहरू आफ्नो बाबु अर्थात् प्रतिवादी दीपकराजा गोर्खालीको संरक्षकत्वमा स्थायी रूपमा बस्न चाहेको खण्डमा आफ्नो अंश हकको सम्पत्तिसमेत वादीको जिम्माबाट अलग गरी आफ्नो बाबुको जिम्मामा राख्न पाउने अधिकार निजहरूमा निहित रहेको नै देखिँदा हाल नाबालक छोराहरूको अंश सम्पत्ति वादीको जिम्मामा रहने कुरा न्यायसङ्गत नै देखिन आउने।

अतः उल्लिखित आधार कारण तथा प्रमाणहरूबाट सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६८/१२/८ मा भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६९/१२/८ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः उदविर नेपाली

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७३ साल असोज ११ गते रोज ३ शुभम्।

यसै लगाउको निम्नअनुसारका मुद्दामा यसैअनुसार फैसला भएको छ।

- ०७१-CI-११२९, दुषित ठाडो रोक्का धितो बदर, *अमीना गोर्खाली श्रेष्ठसमेत वि. श्याम गोर्खाली जोशीसमेत*
- ०७१-CI-११२६, दाईजो फिर्ता, *अमीना गोर्खाली श्रेष्ठ वि. दीपकराजा गोर्खाली*
- ०६०-CI-०४६०, उत्प्रेषण, *दिपकराजा गोर्खाली श्रेष्ठ वि. अमिना गोर्खाली श्रेष्ठसमेत*

२

**मा.न्या.श्री दीपक कुमार कार्की र मा.न्या. श्री ईश्वरप्रसाद खतिवडा,** ०७१-CI-०६४३, मानाचामल, *दीपकराजा गोर्खाली श्रेष्ठ वि. अमीना गोर्खाली श्रेष्ठसमेत*

मुलुकी ऐन, अंशबन्डाको १० नं.बमोजिम लोग्ने वा बाबु आमाले स्वास्नी छोराछोरीहरूलाई इज्जत आमदअनुसार खान, लाउन, उचित शिक्षा दिक्षा र स्वास्थ्य उपचारको व्यवस्था गर्नुपर्छ। सो नगरे अंश दिनुपर्छ भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। यस्तो अवस्थामा वादीहरूको जीवन निर्वाह, छोराहरूको शिक्षा दिक्षा, स्वास्थ्य उपचारलगायतका लागि आफ्नो इज्जत आमदअनुसार खान, लाउन लाग्ने खर्च दिनुपर्ने कानूनी दायित्वबाट प्रतिवादीले उन्मुक्ति पाउन सक्ने देखिँदैन । वादीले आफ्ना दुई छोराहरू आफूसँगै राखेको हुँदा निजहरूको शिक्षा दिक्षा, स्वास्थ्य उपचारलगायतमा हेर विचारसमेत गर्नुपर्ने देखिन्छ । यस्तो अवस्थामा प्रतिवादी दीपकराजा गोर्खालीले आफ्नो श्रीमती र छोराहरूलाई जीवीकोपार्जनलगायत

शिक्षा दिक्षाका लागि खर्च दिनुपर्ने कानूनी दायित्वसमेत भएको हुँदा वादीले अंश चलन मुद्दाको अन्तिम टुङ्गो नलागेसम्म प्रतिवादीबाट खाना, औषधी उपचार, घरबहाल र छोराहरूको पठनपाठनको लागि आवश्यक खर्चलगायत जीवननिर्वाहका लागि मानाचामल माग गर्नुलाई अन्यथा मान्न नमिल्ने ।

प्रतिवादीले आफ्नै इच्छा तथा सक्रियतामा छोराहरूलाई नेपालमा पढिरहेको विद्यालयबाट निकाली भारतको दार्जलिङस्थित सेन्ट जोसेफस स्कूल नर्थ प्वाइन्टमा लगी भर्ना गरेको देखिँदा उक्त विद्यालयमा लाग्ने सम्पूर्ण खर्च बेहोर्ने दायित्व प्रतिवादीको नै हुन्छ । मानाचामल विवादमा के कति मानाचामल भर्ने भराउने भनी निर्धारण गर्ने माध्यम भनेको प्रतिवादीको आर्थिक हैसियत के कस्तो रहेको छ भनी हेर्नुपर्ने हुन्छ । आर्थिक हैसियतले नै उचित दायित्वको सीमा निर्धारण गर्ने भएकाले आर्थिक हैसियतका आधारमा वादीले मानाचामल भराई लिन पाउने कुरामा विवाद हुन सक्दैन । प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादीले आफ्नो मासिक आम्दानी रू. २०,०००/- मात्र हो भनी जिकिर लिएको भए तापनि निजले अंश चलन मुद्दामा पेस गरेको तायदाती फाँटवारी विवरणमा पाँच करोड रूपैयाँ ऋण लिई विविध आर्थिक कारोबार गरेको उल्लेख गरेको देखिन्छ । त्यस्तैगरी वादीले पेस गरेको प्रतिवादीको इमेल ठेगानासहितको व्यक्तिगत विवरणसहितको बायोडाटालाई हेर्दा हस्तनिर्मित कागजसम्बन्धी कारोबारलगायतका विविध व्यवसायिक कारोबार जापानलगायत अन्य मुलुकहरूसँग हुने गरेको देखिन्छ । यसरी प्रतिवादीले पेस गरेको तायदाती फाँटवारीलगायत व्यक्तिगत विवरण बायोडाटासमेतलाई हेर्दा मेरो मासिक आम्दानी जम्मा रू. २०,०००/- मात्र हो भनी प्रतिवादीले लिएको जिकिर विश्वसनीय देखिन नआउने ।

वादीले प्रतिवादीबाट भराई लिन पाउने मानाचामलबापतको खर्चको सम्बन्धमा सुरू जिल्ला अदालतले छोराहरूको पठनपाठनलगायत वादीहरू तीन जनाको जीवन निर्वाहको लागि मासिक रू. ७५,०००/- भराइदिने ठहर्‍याएको अवस्था देखिन्छ । उक्त आदेशमा वादी प्रतिवादीको अ.बं. १७ नं.बमोजिम पुनरावेदन अदालत, पाटनमा निवेदन परेकोमा पुनरावेदन अदालत, पाटनबाट समेत मानाचामलबापत रू. ७५,०००/- भराई दिने आदेश भएकोमा त्यस्तै सन्दर्भमा यस अदालतमा परेको रिट निवेदनमा सुनुवाई हुँदा रू. ७५,०००/- मासिक रकम नै हाल यथावत कायम राख्नु भनी अन्तरिम आदेशसमेत भएको देखिन्छ । मानाचामलको रकम के कति निर्धारण गर्ने भन्ने कुराको यकिन गर्न कुनै वैज्ञानिक मापदण्ड देखिँदैन । वादीको अवस्था र प्रतिवादीको आर्थिक हैसियतलाई विचार गरी मिसिल संलग्न प्रमाणहरूको आधारमा न्यायिक मन प्रयोग गरी निर्धारण गर्नुपर्ने ।

प्रतिवादी दीपकराजा गोर्खालीले आफ्नो पुनरावेदनमा लिएका जिकिरहरूतर्फ विचार गर्दा यी वादी प्रतिवादीहरूबीचको लगाउको अंश चलन मुद्दा अन्तिम टुङ्गो नलागेसम्म वादीहरूको जीवीकोपार्जनलगायत छोराहरूको शिक्षा दिक्षाको लागि आवश्यक खर्च व्यहोर्ने दायित्वबाट प्रतिवादीले उन्मुक्ति पाउन सक्ने देखिँदैन । जहाँसम्म अंशको दाबी लिई फिराद पर्नासाथ मानाचामलको दाबीको स्थिति समाप्त हुने भन्ने प्रतिवादीको जिकिर रहेको छ सोतर्फ विचार गर्दा अंश दिनु र जीवीकोपार्जनको लागि आवश्यक खर्च दिनु फरक फरक स्थिति हो । अंश चलन मुद्दाको फिराद पर्नासाथ अंश पाईहाल्ने भन्ने पनि हुँदैन । मानाचामल माग गर्नु भनेको विशेष परिस्थिति र बाध्यात्मक अवस्था हो । मानाचामल माग्ने पक्षले अंश नपाउन्जेलसम्म आफ्नो जीवीकोपार्जनलगायतको

लागि आवश्यक पर्ने खर्च पाउनु उसको कानूनी अधिकार हुन जाने।

अतः सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६८/१२/८ मा भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६९/१२/८ मा भएको फैसला मिलेको नदेखिँदा केही उल्टी भई वादीले अंश नपाउँदासम्म प्रस्तुत मुद्दा दायर भएदेखि मासिक रू. ३०,०००/- (तीस हजार) प्रतिवादीबाट भराई पाउने र वादीले आफूले पाउने अंश बुझीसकेपछि छोराहरू निज वादीको जिम्मामा रहेसम्म छोराहरूको शिक्षा दिक्षा स्वास्थ्य उपचार एवम् जीवीकोपार्जनको लागि चाहिने खर्चबापत तीन भागको दुई भाग मासिक रू. २०,०००/- (बीस हजार) मानाचालमबापत भराई लिन पाउने।

इजलास अधिकृतः उदवीर नेपाली

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७३ साल असोज ११ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री दीपक कुमार कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७१-CI-०६४४, ०७१-CI-०६४५, हालैको बकसपत्र लिखत बदरसमेत, *दीपकराजा गोर्खाली श्रेष्ठ वि. अमीना गोर्खाली श्रेष्ठसमेत र रमादेवी कायस्थसमेत वि. अमीना गोर्खाली श्रेष्ठसमेत*

कानूनी व्यवस्थाअनुसार आफूखुस गर्न पाउने सम्पत्ति मात्र अन्य व्यक्तिलाई हस्तान्तरण गर्न पाइने र अन्य व्यक्तिसमेतको हक लाग्ने भएमा सहमति लिनुपर्ने देखिन्छ। सगोलको सम्पत्ति अंशियारहरूमध्ये जसको नाममा रहेको भए पनि सगोलको सम्पत्ति मानिन्छ। अंश नभएको सगोलको अचल सम्पत्ति कुनै व्यहोराले बेचबिखन वा हक हस्तान्तरण गर्दा अनिवार्य रूपमा अंशियारको मन्जुरी लिएर मात्र कसैलाई हस्तान्तरण गर्न पाइन्छ। यसरी हक हस्तान्तरण गर्दा अंशियार साक्षी नबसेको र हक छाडी दिन मन्जुर नगरेमा त्यस्तो सम्पत्तिमा अंशियारको हक जाने स्थिति रहँदैन भन्ने मनसाय लेनदेन व्यवहारको १० नम्बरको रहेको देखिन्छ। त्यस्तैगरी दान बकसको १ नम्बरमा *आफ्नो हक पुग्ने सम्पत्ति दान वा बकस गरी दिन हुन्छ*। सोबमोजिम दान वा बकस गरिदिँदा हकवालालाई बकस भनी र अरूलाई दान वा बकस जुन व्यहोराले दिए पनि हुन्छ। आफ्नो खुस गर्न पाउनेबाहेक अरूमा अंशियार र हक पुग्नेहरूको मन्जुरीको लिखत नलिई वा साक्षी नराखी दान बकस गरिदिन हुँदैन भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। उक्त कानूनी व्यवस्थाअनुसार आफूखुस गर्न पाउनेबाहेक अरू सम्पत्ति अंशियारको र हक पुग्नेहरूको मन्जुरी लिएर मात्र दान वा बकस गर्न पाउँछ। अंशियार र हक पुग्नेलाई साक्षी नराखी वा मन्जुरीको लिखत नलिई दान वा बकस गरिदिन पाउँदैन अथवा आफूमा नभएको हक हस्तान्तरण गर्न नसक्ने।

प्रस्तुत मुद्दामा पुनरावेदक प्रतिवादी दीपकराजा गोर्खाली श्रेष्ठका श्रीमती अमीना गोर्खाली, छोराहरू अंकित गोर्खाली र आदित गोर्खाली र निजसमेत गरी जम्मा ४ अंशियारहरू रहेको देखिन्छ। प्रतिवादी दीपकराजा गोर्खालीले आफ्नो नाउँमा रहेको उक्त कित्ता नं. १०८९ मा अन्य अंशियारहरूको हक लाग्ने होइन भनेर भन्न पनि सकेका छैनन्। यसरी अन्य अंशियारको हक लाग्ने उक्त जग्गा घर अन्य प्रतिवादीहरूलाई हालैदेखिको बकसपत्र गरी हक हस्तान्तरण गरी दिँदा प्रत्यर्थी वादीहरूको लिखित मन्जुरी लिनुपर्ने वा साक्षी राख्नुपर्नेमा लिखतमा साक्षी राखेको वा मन्जुरी लिएको देखिँदैन। त्यसरी कानूनले स्पष्टरूपमा तोकेको प्रक्रिया पूरा नगरी अरू अंशियारहरूको समेत हक लाग्ने पैतृक सम्पत्ति अन्य अंशियारहरूको मन्जुरीबिना हक हस्तान्तरण गरी दिन

पाउने नदेखिँदा प्रतिवादी दीपकराजा गोर्खालीले अन्य प्रतिवादीहरूलाई गरिदिएको हालैदेखिको बकसपत्र लिखतलाई कानूनअनुरूपको मान्न नमिल्ने ।

अंशबन्डाको १९ नं. ले आफूखुसी गर्न पाउने सम्पत्ति बकसपत्र गरिदिएको भन्ने प्रतिवादीहरूको जिकिर भएकोमा घर व्यवहार चलाउन आर्थिक सहयोग गरेकाले रिझाएबापत बकसपत्र गरिदिएको कुरा घर व्यवहार चलाउन मद्दत पुगेको कुरा बकसपत्र लिखत गरिदिनेले प्रमाणित गरी देखाउन सक्नुपर्छ । व्यवहार चलाउन बकसपत्र गरिदिएको भनेर मात्र पुग्दैन के कस्तो व्यवहार चलाउन त्यसरी बकसपत्र गरिदिनु पर्‍यो सो कुरा प्रतिवादीहरूले उल्लेख गर्नसम्म सकेको छैन । व्यवहार चलाउने भन्ने कुराले त्यस्तो व्यवहारको प्रतिफल सबै सगोलका अंशियारले प्राप्त गरेको वा भोग गरेको हुनुपर्ने हुन्छ । प्रस्तुत मुद्दामा प्रतिवादी दीपकराजा गोर्खालीले अन्य प्रतिवादीहरूले आर्थिक सहयोग गरेका कारण घर व्यवहार चलाउन मद्दत पुगेको र त्यसको प्रतिफल सबै अंशियारले प्राप्त गरेका छन् भन्ने कहिँ कतैबाट पुष्टि गर्न सकेका छैनन् । त्यसरी कुनै प्रमाणबाट पुष्टि गर्न नसकेको अवस्थामा घर व्यवहार चलाउनकै लागि बकसपत्र गरिदिएको भनी मान्न मिल्ने नदेखिने

पुनरावेदक प्रतिवादी दीपकराजा गोर्खाली श्रेष्ठले आफ्नो नाउँमा रहेको पैतृक सम्पत्ति तेस्रो व्यक्तिलाई हक हस्तान्तरण गर्दा अन्य अंशियारको समेत मन्जुरी लिनुपर्नेमा त्यस्तो मन्जुरी नलिई हालैदेखिको बकसपत्रको लिखतबाट हक हस्तान्तरण गरिदिएको कानूनसम्मत नदेखिएकाले सुरू काठमाडौं जिल्ला अदालतबाट बदर भएको हदसम्म १ भाग वादी अमीना गोर्खालीको र २ भाग वादी प्रतिवादीको नाबालक छोराहरू अंकित गोर्खाली र आदिप गोर्खालीको भाग सम्पत्तिसमेत चार भागको तीन भाग लिखत बदर भई वादीहरूको नाममा दर्ता हुने र वादी प्रतिवादीको नाबालक छोराहरू अंकित गोर्खाली र आदिप गोर्खालीको दुई भाग सम्पत्ति बालकको सर्वोत्तम हितलाई ध्यानमा राखी निज छोराहरू वादी अमीना गोर्खालीको संरक्षकत्वमा रहेसम्म नास्न, मास्न, खर्च गर्न नपाउने गरी वादी अमीना गोर्खालीको जिम्मामा रहने ठहर्‍याई मिति २०६८/१२/८ मा भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०६९/१२/८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः उदविर नेपाली

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७३ साल असोज ११ गते रोज ३ शुभम् ।

- यसै लगाउको ०७०-WO-०८७७, उत्प्रेषण / परामादेश, *श्यामादेवी गोर्खाली श्रेष्ठ (जोशी) समेत वि. पुनरावेदन अदालत, पाटन, ललितपुरसमेत*

४

**मा.न्या.श्री दीपक कुमार कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७१-WO-०२३०, उत्प्रेषण / परमादेश, *कुमार प्रधानाङ्ग वि. दीपकराजा गोर्खाली श्रेष्ठसमेत*

अंश मुद्दामा वादी अमीनासमेतले अश पाउँ भनी मुद्दा परी अंश पाउने ठहर भएको अवस्थामा दीपकराजा गोर्खाली श्रेष्ठको सम्पत्ति के कति छ खोजतलास गर्ने र सोबाट भरी पाउनेतर्फ अग्रसर रहनु पर्नेमा अंश मुद्दाका वादीले दीपकराजा गोर्खालीबाट आफ्नो अंश पाएका पत्नी र नाबालक छोराहरूको अंश हकमा आघात पार्ने उद्देश्य लिई दुषित हातबाट प्रस्तुत रिट निवेदन परेको देखिन्छ । दण्ड सजायको २६ नं. मा दुनियाँको बिगोबापत जायजात गर्दा त्यो धन खाने बाह्र वर्षदेखि माथिका ऐनबमोजिम मानो नछुट्टी सँग

बसेका वा सो धन खाँदासँग बसेका पछि भिन्न हुनेको अंशसमेत जायजात गर्नुपर्ने भन्ने आधार रिट निवेदन जिकिरबाट देखिन्छ । सगोलमा रहनु नै धन खाने भनी अर्थ गर्न मिल्दैन र अंश मुद्दाबाट यस्तो अवस्था विद्यमान पनि देखिँदैन । यस्तो अवस्थामा अमीना र निजका छोराहरू अंकित र आदिपको हकमा सो नं. आकर्षित हुने देखिँदैन । बन्डा मुचुल्का मुल्तबीमा राख्न आफूले निवेदन दिने र दीपकराजाले बन्डा मुचुल्का बदरमा दाबी गरी तहतह हुँदै बन्डा मुचुल्का बदर नभएपछि सोही बन्डा मुचुल्का बदरमा यी रिट निवेदकले दाबी गरेको अवस्था देखिँदा दीपकराजा र यी रिट निवेदक अंश मुद्दाको फैसलाबमोजिमको बन्डा मुचुल्काको कार्यान्वयन रोक्न दाबी गरेकोलाई सफा हात लिई अदालतमा प्रवेश गरेको मान्न नमिल्ने ।

अतः उल्लिखित विवेचित आधार एवम् कारणबाट तहसिलदारबाट मिति २०७०/५/१६ भएको बन्डा मुचुल्का, २०७०/६/१७ को बन्डा मुचुल्का, बन्डा छुट्टाउने कार्य तथा सो सम्बन्धमा तहसिलदारले मिति २०७०।५।१८ र २०७०।६।१८ मा गरेको आदेश, मिति २०७०/६/४ को काठमाडौँ जिल्ला अदालतको आदेश, मिति २०७०।९।११ मा पुनरावेदन अदालत, पाटनबाट भएको आदेश मनासिब नै देखिँदा निवेदन जिकिरबमोजिम गर्नुपर्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: उदविर नेपाली

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७३ साल असोज ११ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री दीपक कुमार कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७१-CI-११२७, दुषित दृष्टिबन्धक लिखत बदर, *अमीना गोर्खालीसमेत वि. श्यामादेवी गोर्खाली श्रेष्ठसमेत*

वादी अमीना गोर्खाली श्रेष्ठले काठमाडौँ जिल्ला काठमाडौँ महानगरपालिका वडा नं. ३२ को कित्ता नं.२८४० को क्षेत्रफल ०-२-२-३, ऐ.ऐ.को कित्ता नं.२८९० को क्षेत्रफल ०-६-२-३ का जग्गाहरू वादीका पति तथा पिता दीपकराजा गोर्खालीले मिति २०६७/१/९ मा र.नं. ४२४१ ग बाट श्यामादेवी गोर्खालीलाई हालैदेखिको बकसपत्रको लिखतद्धारा हक हस्तान्तरण गरेकोमा सोमा हाम्रो पनि अंश हक लाग्ने हुँदा जम्मा ४ भागको ३ भाग लिखत बदर गरिपाउँ भनी दायर गरेको लगाउको २०७१-CI-११२९ को हालैदेखिको बकसपत्र बदर दाखेल खारेज दर्ता बदर मुद्दामा पुनरावेदन अदालत, पाटनबाट भएको फैसला उल्टी भई पुनरावेदक वादीहरूको ४ भागको ३ भाग लिखत बदर हुने ठहर्‍याई आजै यसै इजलासबाट फैसला भएको छ । वादी दाबीबमोजिमका उक्त कित्ता जग्गाहरू धितो सुरक्षणस्वरूप दृष्टिबन्धक लिखत पारित गरिदिई ऋण लिएको रकम मिति २०७०।९।२२ गते भुक्तानी गरी ऋण चुक्ता भइसकेको कुरा मिसिल संलग्न कागजातबाट देखिन आएको हुँदा पुनरावेदन अदालत, पाटनबाट भएको फैसलालाई बदर गरिरहनु पर्ने नदेखिएको हुँदा केही बोलिरहनु पर्ने नदेखिने ।

अतः दृष्टिबन्धको लिखत पारित भएका उक्त कित्ता जग्गाहरू फुकुवा भइसकेको र त्यसमा ४ भागको ३ भाग लिखत बदर भई वादीको नाममा दर्ता कायम हुने भएकोले पुनरावदेन अदालत, पाटनबाट मिति २०६९।१२।८ को फैसला बदर गरिरहनुपर्ने नदेखिँदा सदर हुने ठहर्छ । पुनरावेदक वादीको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृतः उदविर नेपाली

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७३ साल असोज ११ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री दीपक कुमार कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७३-RC-००२३, कर्तव्य ज्यान, *नेपाल सरकार वि. प्रेमबहादुर चौधरी*

मृतक चुलुराम चौधरीको मृत्युको कारण Cause of death is due to hemorrhage due to cut injury to carotidartery बाट भएको शव परीक्षण प्रतिवेदनबाट समेत देखियो । यसरी जाहेरवालाको किटानी जाहेरी, अदालतमा भएको निजको बकपत्र, मौकामा कागज गरिदिने मानिसहरूले लेखाइदिएको व्यहोरा र निजहरूले अदालतमा उपस्थित भई गरिदिएको बकपत्र, स्वयम् प्रतिवादी प्रेमबहादुर चौधरीले अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतसमक्ष गरेको बयान, शव परीक्षण प्रतिवेदनलगायत मिसिलसंलग्न प्रमाण कागजातहरूबाट यी प्रतिवादी प्रेमबहादुर चौधरीले मृतक चुलुराम चौधरीलाई मार्ने उद्देश्यले धारिलो हतियार बञ्चरो लिई मृतक आफ्नो घरको आँगनमा सुतिरहेको अवस्थामा घाँटीमा बञ्चरोले प्रहार गरी मारेको पुष्टि हुन आउने ।

प्रस्तुत वारदातमा मृतकलाई मार्ने मनसाय पनि लिएको, बञ्चरो जस्तो धारिलो हतियारले घाँटीमा प्रहार गरेपछि मृतक मर्छ भन्ने पूर्वानुमान तथा परिणामसमेतको अपेक्षा गरी वारदात घटाएको अवस्था देखियो । प्रतिवादीले लिएको जिकिर मुताबिक मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. ले व्यवस्था गरेका सर्त तथा पूर्वावस्थाहरूको गुन्जाइससम्म पनि प्रस्तुत मुद्दाको वारदातमा देखिँदैन । प्रतिवादीले मृतकलाई मार्ने मनसाय थिएन भनी वस्तुनिष्ठ प्रमाणहरूबाट पुष्टि गर्न सकेको देखिँदैन । यस्तो अवस्थामा यी प्रतिवादीले भवितव्यमा सजाय गरिपाउँ भनी लिएको जिकिर कानूनसम्मत नदेखिने ।

तसर्थः प्रतिवादी प्रेमबहादुर चौधरीलाई अभियोग दाबीबमोजिम सर्वश्वसहित जन्मकैद हुने ठहर्‍याई सुरू कैलाली जिल्ला अदालतबाट मिति २०६८।१२।१४ मा भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, दिपायल डोटीको मिति २०६८।८।११ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: उदवीर नेपाली

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७३ साल असोज १४ गते रोज ६ शुभम् ।

७

**मा.न्या.श्री दीपक कुमार कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७३-RC-००१८, कर्तव्य ज्यान, *नेपाल सरकार वि. ओजेन्द्रबहादुर खापुङ्ग*

मौकामा घटना विवरण कागज गरिदिने मानिसहरू रूपा कन्दङ्गवा, यादवबहादुर खापुङ, र वस्तुस्थिति मुचुल्काका लक्ष्मी लिम्बू, भिमकुमारी खापुङ र पुर्णबहादुर खापुङले समेत प्रतिवादी ओजेन्द्र बहादुर खापुङ मादकपदार्थ सेवन गरी प्राय: श्रीमतीसँग झगडा गरिरहने र लाठो मुंग्रो गरी लखेट्ने मानिस हुन् । वारदातको उक्त दिन पनि पतिपत्नी मादकपदार्थ सेवन गरी झगडा गर्दा प्रतिवादीले मृतक श्रीमतीलाई खुकुरी र बञ्चरोले प्रहार गरी मारेको विश्वास लाग्छ भनी आआफ्नो व्यहोरा लेखाइदिएको देखिन्छ भने अदालतमा समेत सो व्यहोरालाई समर्थन गरी बकपत्र परेको देखियो । मिसिल सम्लग्न लासजाँच प्रकृति मुचुल्कामा उल्लिखित मृतकको घाँटी, टाउको तथा चिउँडोलगायतका शरीरका विभिन्न भागमा धारिलो हतियारले काटेको र मृत्युको कारण massive cut injuries भन्ने शव परीक्षण प्रतिवेदनसमेतबाट देखिन्छ । घटनामा प्रयोग भएको बञ्चरो र खुकुरी बरामद भई आएको र उक्त हतियार प्रतिवादीले प्रयोग गरी श्रीमतीको हत्या गरेको भनी सनाखतसमेत गरेको

पाइन्छ । यसरी माथि विवेचित आधार कारण तथा प्रमाणहरूबाट प्रतिवादी ओजेन्द्रबहादुर खापुङले मृतक बिना कन्दङ्गवा खापुङलाई धारिलो हतियार प्रहार गरी मारेको पुष्टि गरी सुरू जिल्ला अदालतबाट भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालतको फैसला मिलेकै देखिन आएकोले अन्यथा भन्न नमिल्ने।

अतः प्रतिवादी ओजेन्द्रबहादुर खापुङलाई अभियोग दाबीअनुसार मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सर्वश्वसहित जन्मकैद हुने ठहर्‍याई सुरू तेह्रथुम जिल्ला अदालत अदालतबाट मिति २०७२।३।२७ मा भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, धनकुटाको मिति २०७२।९।१९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: उदविर नेपाली

कम्प्युटर: सबिना अधिकारी

इति संवत् २०७३ साल असोज १४ गते रोज ६ शुभम्।

## इजलास नं. ११

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७२-WO-०१३६, उत्प्रेषण, *देवमाया देशार वि. ताराबहादुर कार्कीसमेत*

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले मिति २०७०।६।२० मा उक्त निर्माण कार्य नक्सा पासअनुसार गराउनु भनी ललितपुर उपमहानगरपालिकालाई निर्देशन दिई पत्र लेखेको देखिन्छ । सो निर्देशन र प्राविधिक प्रतिवेदनलाई आधारमानेर ललितपुर उपमहानगरपालिकाबाट मिति २०७२।१।१० मा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६१ को उपदफा (४) र (५) बमोजिम घरको केही भाग भत्काइदिने भनी निर्णय गरेको देखिन आयो । ललितपुर उपमहानगरपालिकाबाट निर्णय गर्नु अगाडि दर्तावालामध्येका कृष्णबहादुर देशारको नाममा म्याद जारी गरी निजलाई बुझेको देखिन्छ । तर निवेदक संयुक्त दर्तावालामध्येकी देवमाया देशारको नाममा म्याद सूचना जारी गरेको देखिँदैन । स्थानीय स्वायत्त ऐन, २०५५ को दफा १६१ को उपदफा (६) बमोजिम "निर्माण गरिएको कुनै भाग वा भवन भत्काउने आदेश दिनुअघि त्यस्तो भवन निर्माण गर्ने व्यक्तिलाई आफ्नो सफाइ पेस गर्ने मनासिब मौका दिनु अनिवार्य देखिने । निवेदकलाई कुनै म्याद सूचना जारी नगरी सुनुवाइको मौका नै नदिई मिति २०७२।१।१० मा विपक्षी ललितपुर उपमहानगरपालिकाबाट निर्णय भएको देखिन आएको छ । यसरी निवेदक देवमाया देशारलाई कानून बमोजिमको सुनुवाइको मौका नदिई भएको निर्णय प्राकृतिक न्यायको सिद्धान्त तथा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १६१ को उपदफा (६) मा रहेको प्रावधान प्रतिकूल देखिन आयो । सुनुवाइको क्रममा प्रतिवादको मौका प्रदान नगर्नुका अतिरिक्त निर्माण गरिएको घरको केही भाग भत्काउने निर्णय गरेपछि रिट निवेदिका देवमाया देशारलाई पुनरावेदनको म्यादसमेत दिएको देखिन आएन । कारबाहीको सम्पूर्ण प्रक्रियामा रिट निवेदिकालाई सुनुवाई, प्रतिवाद तथा पुनरावेदन गर्नेसमेतका कुनै पनि अवसर प्रदान गरेको नदेखिएबाट मिति २०७२।१।१० को विवादित निर्णय त्रूटिपूर्ण देखिन आउने।

तसर्थः उपर्युक्त आधार र कारणसमेतबाट ललितपुर उपमहानगरपालिकाको मिति २०७२।१।१० को निर्णय त्रुटिपूर्ण देखिएकोले उत्प्रेषणको आदेशबाट बदर गरीएको छ । अब निवेदिका देवमाया देशारलाई समेत कानूनबमोजिम सुनुवाइको उचित अवसर प्रदान गरी मापदण्डविपरीत घर निर्माण भए, नभएको कुरा

यकिन गरी कानूनबमोजिम पुनः निर्णय गर्नु भनी विपक्षी ललितपुर उपमहानगरपालिकाको नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: मनकुमारी जि.एम.वि.क.

कम्प्युटर: सुदर्शनप्रसाद आचार्य

इति संवत् २०७३ साल भदौ १६ गते रोज ५ शुभम्।

## इजलास नं. १२

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६८-CI-०६९०, लेनदेन, *अच्छेलाल प्रसाद यादव वि. रामभजन राय यादव*

दृष्टिबन्धक लिखतमा भोग गर्ने भन्ने सम्बन्धमा कुनै सर्त नदेखिई भाखाभित्र रकम नुबुझाएमा सोही दृष्टिबन्धकसमेत सम्पत्तिबाट असुलउपर गर्न सर्त लेखिएको हुँदा दाबीबमोजिम साँवा ब्याज भराई दिने गरी पुनरावेदन अदालत, हेटौंडाबाट भएको मिति २०६८।२।२२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: विद्याराज पौडेल

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल फाल्गुण १७ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७०-CR-०३२४, कर्तव्य ज्यान, *नेपाल सरकार वि. कृष्णबहादुर चेपाङ*

रक्सी खाएको मानिसलाई उल्टै प्रतिवादीले पटकपटक टाउकोलगायत विभिन्न अङ्गमा पटकपटक प्रहार गर्ने कार्य आफैँमा स्वाभाविक र आत्मरक्षाको लागि गरिएको भन्न मिल्दैन। दुई पक्षबीच वादविवाद हुँदा लाठीले टाउको जस्तो संवेदनशील ठाउँमा चोट प्रहार गर्दा सो चोटको कारणले मृतकको मृत्यु हुनसक्छ भन्ने कुराको सामान्य ज्ञान प्रतिवादीलाई थिएन भन्न मिल्दैन। मृतकको मृत्यु वारदातस्थल मै भएको नभई घटना घटेको ७ दिन पछि सुक बहादुर मोत्तानको घरको पिंढीमा लास सडेगलेको अवस्थामा रहेको देखिएको र कुटपिटको वारदातपछि प्रतिवादीले मृतकलाई सोधखोज गरेको नदेखिएकोले प्रतिवादीले गरेको कार्य ज्यानसम्बन्धी महलको ६(४) नं.अन्तर्गत आकर्षित हुने अवस्था नदेखिने।

प्रतिवादीले सावधानी र सतर्कता साथ लाठी प्रहार गरेको थियो आपराधिक मनसाय र ज्ञानले गरिएको थिएन भन्ने कुराको प्रमाण प्रतिवादीले दिन सकेको पाइँदैन। मौकामा बुझिएका मानिसहरूको कागजबाट पनि मृतकले प्रतिवादीलाई चोट छोड्दा आत्मरक्षाको लागि हानेको भनी उल्लेख गरेको देखिएबाट वारदातमा सावधानी र सतर्कता थियो भन्ने कुरा प्रमाणित नभएको अवस्थामा प्रतिवादीलाई ज्यानसम्बन्धी महलको ५ नं.बमोजिमको कसुर कायम गरी ऐ. ६(४) नं.बमोजिम सजाय गर्ने गरेको सुरू र पुनरावेदनको फैसला मिलेको देखिन नआउने।

जाहेरी दरखास्त, प्रतिवादीले मौकामा र अदालतमा गरेको बयान, मौकामा कागज गर्ने व्यक्तिहरूले गरेको कागजसमेतका प्रमाणबाट यी प्रतिवादी र मृतकबीच पूर्व रिसइवी नभएको, मारौं भन्ने मनसायले लुकिचोरीकन हानेको पनि नदेखिएको, मृतकले रक्सी खाएर आएको कारणबाट भनाभन भई मृतकले प्रतिवादीलाई लाठी प्रहार गर्दा तत्काल रिस उठी मृतकको लाठी खोसी मृतकलाई हान्दा टाउकोलगायतका ठाउँमा लागि सोही चोटका कारणले मृतकको मृत्यु भएको देखिँदा प्रतिवादीलाई ज्यानसम्बन्धी महलको १४ नं.बमोजिम १० वर्ष कैद हुने।

उल्लिखित आधार र कारणबाट प्रतिवादी

कृष्णबहादुर चेपाङलाई सुरू र पुनरावेदन अदालत, हेटौंडाको फैसलाले ज्यानसम्बन्धी महलको ५ नं. को कसुरमा ऐ. ६(४) नं.बमोजिम २ वर्ष कैद गर्ने ठहर गरी मिति २०६८।११।२ मा भएको फैसला मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादी कृष्णबहादुर चेपाङलाई ज्यानसम्बन्धी महलको १४ नं.बमोजिम १०(दश) वर्ष कैद सजाय हुने।

इजलास अधिकृत: जीवनकुमार भण्डारी

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल फागुन २ गते रोज २ शुभम्।

३

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७२-CI-२०८३, जग्गा खिचोला मेटाई घर खाली गराई चलन चलाई पाऊँ, *हरिनारायण शर्मा बरही वि. नन्दी यादवसमेत*

मिति २०६७।१०।१० मा सप्तरी जिल्ला अदालतबाट भएको नक्सा मुचुल्का हेर्दा विवादित न.नं. ७ को जग्गामा काठको आठ थान खम्बा माथि छानो बार केही नभएको भन्ने नक्सामा जनिई आएको देखिँदा उक्त घर धेरै पहिलेदेखि मानिस बसोबास गर्न छाडिसकेको भन्ने देखिन आउँछ। विवादित घर जग्गामा मानिसको चिरभोगाधिकार प्राप्त गर्न बसोबास निरन्तररूपमा भएको हुनुपर्दछ। घरको अस्थिपञ्जर पनि नदेखिने अवस्थामा पुगिसकेको घरमा बसोबास रहेको छ भनी चिर भोगाधिकारको आधार हुन सक्दैन। जग्गाधनी पुर्जा पाउँ भनी नापी कार्यालय, सप्तरीमा पुनरावेदकले दाता भनी भनेका मदिनादेवीले दिएको निवेदनको सम्बन्धमा कानूनबमोजिम कारबाही हुने अवस्था रही रहेकोमा घरायसी लिखतलाई प्रमाणमा लिई दाबीबमोजिम खिचोला ठहर गर्न मिल्ने नदेखिने।

तसर्थ, सुरू सप्तरी जिल्ला अदालतको मिति २०६७।११।२ को फैसलाले वादी दाबी नपुग्ने ठहर गरी गरेको फैसला सदर गरेको पुनरावेदन अदालत, राजविराजको मिति २०६९।१।५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: जीवनकुमार भण्डारी

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल फाल्गुण २ गते रोज २ शुभम्।

- यसै लगाउको ०७२-CR-२१४४, जालसाजी, *हरिनारायण शर्मा बरही वि. नन्दी यादव* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

## इजलास नं. १३

**मा.न्या.श्री मिरा खड्का र मा.न्या.श्री हरिकृष्ण कार्की,** ०६८-CI-१०६६, दूषित दर्ता बदर हक कायम, *लोकेन्द्रबहादुर चन्दसमेत वि. लक्ष्मी देवी नाथ*

सरकारी कर्मचारी प्रतिवादी नभएको अवस्थामा काम गराउन निवेदन गर्ने व्यक्तिसँग जोडी काम कारबाही भएको सरकारी कार्यालय ५ नं. नापी गोश्वारासमेतलाई प्रतिवादी बनाएको कारणले मात्र तथ्यभित्र पसी निर्णय गर्न उक्त कानूनी व्यवस्थाले जिल्ला अदालतलाई रोकेको वा अधिकार नदिएको अवस्था छैन। अतः प्रस्तुत मुद्दा मुलुकी ऐन, अ.बं. २९ नं.अनुसार जिल्ला अदालतको क्षेत्राधिकार भित्र पर्ने हुँदा जिल्ला अदालतको क्षेत्राधिकार भित्र नपर्ने भन्ने पुनरावेदन जिकिर कानूनसम्मत नदेखिने।

वादीको नाममा दर्ता रहेको जग्गा प्रतिवादीहरूले दूषितरूपमा कित्ताकाट गरी दर्ता गराएको भन्ने एउटै विवादको विषयलाई लिएर प्रतिवादीहरू उपर फिराद दायर गरेको देखिएको हुँदा फिरादपत्र अ.बं. ७२ नं. प्रतिकुल रहेको भन्ने

प्रतिवादीको पुनरावेदन जिकिर पनि मनासिब नदेखिने।

तसर्थ, उल्लिखित कानूनी व्यवस्था एवम् आधार र कारणबाट सुरू कञ्चनपुर जिल्ला अदालतबाट वादीको फिराद खारेज गर्ने गरी मिति २०६७।४।३० मा भएको फैसला बदर गरी पुनः इन्साफका लागि मिसिलसमेत सुरू अदालतमा पठाउने गरी पुनरावेदन अदालत, महेन्द्रनगरबाट मिति २०६८।८।१२ मा भएको फैसला मिलेको हुँदा सदर हुने।

इजलास अधिकृत: कपिलमणी गौतम

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल पुस १८ गते रोज २ शुभम्।

## इजलास नं. १४

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री विश्वम्भर प्रसाद श्रेष्ठ,** ०६५-CR-०४४९, जालसाजी, *अंगुरबाबा पन्तसमेत वि. कान्छी भन्ने सानु तण्डुकारसमेत*

विवादित कि.नं. १५९ को फिल्डबुकको मोही महलमा पूर्णमाया तण्डुकार का.ई. पुतलीसडक बस्नेको नाम उल्लेख भएको र पूर्णमाया तण्डुकारले प्राप्त गरेको सोही जग्गाको जोताहा अस्थायी निस्सामासमेत फिल्डबुकमा लेखिएको जग्गावाला अटुकप्रसाद कुमाईकै नाम लेखिएको देखियो। तर वादी आदित्यनाथ पन्तले थापाडोल खेतको बाली बुझेको भनेको २०२१ साल माघ र २०२२ साल मङ्सिरको प्रमाण मिसिल संलग्न भरपाई रसिद हेर्दा मोही पूर्णलाल तण्डुकार पाटन कुम्भेश्वर बस्नेले बाली बुझेको देखिन्छ। जसबाट फिल्डबुकमा उल्लेख भएको मोही पूर्णमाया तण्डुकार र वादीले बाली बुझेको भनेको मोही पूर्णलाल तण्डुकार फरक फरक व्यक्ति भएको देखिन्छ। सो हुँदा वादीले कूत बुझेको २०२१ र २०२२ सालको भरपाई पूर्णमायाले गरेको नभई अर्कै व्यक्ति पूर्णलालले गरेको देखिन्छ। त्यसैगरी उक्त जग्गाको फिल्डबुकको कैफियत महलमा "यो जग्गा पूर्णलालले खिचोला गरे तापनि ०२२।४।२२ पञ्चायतमा निजहरूले गरेको मिलापत्रबमोजिम पूर्णमायाले जोतेको कुरा प्रमाणित गरिन्छ" भनी मिति ०२३।२।२० उल्लेख गरी फिल्डबुक तयार भएको अवस्था देखिन्छ। जसबाट कि.नं.१५९ को जग्गा पूर्णलालले जोतेको जग्गा नभई पूर्णमायाले जोतेको भन्ने तथ्य उक्त फिल्डबुकमा जनिएको व्यहोराबाट स्थापित भएको पाइयो। अतः प्रस्तुत मुद्दामा बाली बुझेको भनेको उक्त भरपाईलाई वादीको हकमा प्रमाणयोग्य मान्न नसकिने।

वादीहरूले २०२३ सालमा सर्भे नापी हुँदा लेखाएको फिल्डबुकको व्यहोरासमेतका आधारमा प्रतिवादी चन्द्रबहादुर तण्डुकारले मिति २०३६।१२।२० मा आफ्नो नाउँमा दर्ता गराएपछि पनि मिति २०३८।२।२१ मा वादीहरूले नक्कल सारी थाहा पाउँदापाउँदै पनि मुलुकी ऐन, जग्गा पजनीको १७ नं. तथा जग्गा मिच्नेको १८ नं. को हदम्याद ६ महिना भित्र दर्ता बदरतर्फ नगई हदम्याद नघाई मिति २०३८।१२।१५ मा जालसाजीमा मात्र फिराद गरेको कार्य कानूनसङ्गत नदेखिने।

तसर्थ वादीदाबीको विवादित कि.नं. १५९ को जग्गा हा.नं. ९१ कै जग्गा रहेछ भन्न मिल्ने ठोस आधार नदेखिएको र फिल्डबुकबाट देखिएको अटुकप्रसादको समेत मन्जुरी लिखतसमेतलाई आधार मानी मालपोत कार्यालयबाट भएको दर्तामा वादी दाबीबमोजिम जालसाजी कार्य भएको भन्ने नदेखिएको समेतको आधारमा उक्त दर्ता लिखतसमेतलाई जालसाजी ठहर्याई पाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहर्याएको सुरू काठमाडौं जिल्ला अदालतको मिति

२०६०।७।१८ को फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६२।६।१० को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७३ साल साउन २५ गते रोज ३ शुभम्।

यसै लगाउको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

- ०६५-CI-०४४८, नामसारी बदरसमेत, *अंगुरबाबा पन्तसमेत वि. सानु तण्डुकारसमेत*
- ०६५-CI-०४४९, लिखत बदरसमेत, *अंगुरबाबा पन्तसमेत वि. सानु तण्डुकारसमेत*

## इजलास नं. १५

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६८-WO-०५३७, उत्प्रेषण, *लिलाबहादुर कार्की वि. जिल्ला प्रशासन कार्यालय, दोलखासमेत*

मालपोत ऐन, २०३४ ले मालपोत कार्यालयलाई जिल्लाभित्रको जग्गा तोकिएबमोजिम दर्ता गर्ने अधिकार दिएको देखिँदा जग्गा दर्ता गर्न मिल्ने नमिल्ने सम्बन्धमा बुझ्नुपर्ने आवश्यक प्रमाण बुझी निर्णय गर्ने अधिकार प्रचलित कानूनले सम्बन्धित मालपोत कार्यालयको हो। तसर्थ प्रचलित कानूनले अधिकारप्राप्त निकाय मालपोत कार्यालयले निवेदन दाबीका जग्गाका सम्बन्धमा प्रमाण बुझी सोको मूल्याङ्कन गरी निर्णयमा पुग्नु पर्ने हुन्छ। विपक्षी मालपोत कार्यालयको लिखित जवाफबाट यी निवेदकको निवेदनका सम्बन्धमा कुनै निर्णय भए गरेको भन्ने देखिन आएन। प्रत्यर्थी मालपोत कार्यालयमा विचाराधीन रहेको विषय भएको हुँदा मालपोत कार्यालयको अधिकारक्षेत्रमा हस्तक्षेप गर्न मिल्ने नहुँदा प्रस्तुत रिट क्षेत्राधिकारबाट जग्गा दर्ता गर्ने नगर्ने सम्बन्धमा आदेश गर्न मिल्ने नदेखिने।

तसर्थ निवेदकले जग्गा दर्ता गरिपाउँ भनी दिएको निवेदनको सम्बन्धमा आवश्यक प्रमाण बुझ्नुपर्ने भए बुझी निवेदन दाबीको जग्गा दर्ता गर्न मिल्ने हो होइन कानूनबमोजिम निर्णय गरी सोको जानकारी निवेदकलाई समेत दिनु भनी प्रत्यर्थी मालपोत कार्यालयको नाउँमा परमादेश जारी हुने।

इजलास अधिकृतः आनन्दराज पन्त

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल माघ १० गते रोज २ शुभम्।

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-CR-०५६४, कर्तव्य ज्यान, *बसन्त श्रेष्ठ वि. नेपाल सरकार*

प्रतिवादीले मृतकउपर लठ्ठी तथा काठसमेतले टाउको जस्तो संवेदनशील अङ्गलगायतमा प्रहार गरी बाँधेर रातभर कोठामा एक्लै थुनेर राखेको उल्लिखित कार्यले मनसाय तत्त्वलाई समेत अप्रत्यक्षरूपमा प्रकट गरेको मान्नुपर्ने हुन्छ। तसर्थ यस प्रकृतिको वारदात ज्यानसम्बन्धीको महलको ५ नं. ले परिभाषित गरेको भवितव्य हत्या अन्तरगतको वारदात मान्न नमिल्ने देखिएकोले ज्यानसम्बन्धीको ६(२) नं.बमोजिम सजाय हुनुपर्ने भनी लिएको प्रतिवादी बसन्त श्रेष्ठको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

बाँसको लाठी, नरिवलको डोरी र काठ बरामद भएको छ। बाँसको लाठी भाँचिएको छ। निज प्रतिवादी बसन्त श्रेष्ठले पितालाई कुटपिट गर्दा सो लाठी भाँचिएको भनी अनुसन्धानको क्रमको बयानमा खुलाएको अवस्था छ। अर्का प्रतिवादी शैलेन्द्रकुमार

श्रेष्ठले अनुसन्धानको क्रममा बयान गर्दा प्रतिवादी बसन्त श्रेष्ठले बाँसको लाठी र काठले कुटपिट गरेको भनी उल्लेख गरेको देखिन्छ । यसप्रकार उल्लिखित आधार प्रमाणहरूबाट प्रतिवादी बसन्त श्रेष्ठले मृतक होमबहादुरलाई गरेको बाँधछाँद र कुटपिटबाट मृतक होमबहादुरको मृत्यु भएको पुष्टि भएकोले निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं.बमोजिमको कसुर ठहर गरेको पुनरावेदन अदालत, बुटबलको फैसला मिलेको देखिन आउने ।

प्रतिवादी शैलेन्द्रकुमार श्रेष्ठ वारदातको समयमा वारदातस्थलमा मौजुद रहेको देखिएको, मृतक ससुरालाई मार्नुपर्नेसम्मको कुनै रिसइवि नदेखिए तापनि प्रतिवादी बसन्त श्रेष्ठले मृतकलाई कुट्दा नकुटसम्म भने केही गरीन भनी उल्लेख गरी अनुसन्धानको क्रममा बयान गरेको देखिएको यस अवस्थामा निज प्रतिवादीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १७ नं. को देहाए दफा ३ बमोजिमको कसुर कायम गरी सजाय गर्ने गरेको पुनरावेदन अदालतको फैसला मनासिब देखिन आउने ।

अपराधीलाई सजाय गर्नुको उद्देश्य अपराधीबाट समाजको सुरक्षा गर्नु, भविष्यमा त्यसप्रकारका अपराध गर्न उन्मुख व्यक्तिलाई हतोत्साहित गराउनु, आफूले गरेको अपराधको प्रायश्चित गराई निजलाई सुधार गरी भोलि कानूनपरायण नागरिक बनाई समाजमा पुनर्स्थापित गर्नु र पीडित पक्षलाई सान्त्वना दिलाउनु हो । त्यसैले अपराधको प्रकृति, वारदात हुँदाको अवस्था र परिस्थिति पीडित पक्षले वारदातमा खेलेको भूमिका, पीडक अर्थात् कसुरदारले अपराध घटेपछि खेलेको भूमिका र घटनाप्रति आफूले गरेको प्रायश्चितसमेतलाई दृष्टिगत गरी अपराध र सजायमा सन्तुलन हुने गरी सजाय दिइनु र हुनुपर्ने ।

प्रतिवादी बसन्त श्रेष्ठले आफ्नै सहोदर पिता होमबहादुर श्रेष्ठको ज्यान लिने आपराधिक मनसाय नै राखी पूर्व तयारीका साथ योजनाबद्ध ढङ्गले वारदात घटाएको देखिँदैन । वारदातमा कुनै जोखिमी धारिलो हतियार प्रयोग भएको पनि देखिँदैन। वारदात हुदाको अवस्था प्रतिवादी वर्ष १९ का अविवाहित र कक्षा १२ मा पढ्ने विद्यार्थी रहेको भन्ने देखिन्छ । बाबु छोराबीच अंश वा सम्पत्तिसम्बन्धी कुनै विवाद रहेको भन्ने केही देखिँदैन । वारदातपूर्व मृतक पिताले घरपरिवारलाई मादक पदार्थ सेवन गरी अनेकौं गाली गलौज गरी लान्छना लगाएकोले रिसको झोकमा कुटपिट गरेको देखिन्छ । यस अर्थमा स्वयम पीडित पक्ष अर्थात् मृतक होमबहादुरको जरियाबाट नै विवाद उत्पन्न भई प्रस्तुत वारदात घटित हुन पुगेको देखिन्छ । यी प्रतिवादी यस पूर्व कुनै आपराधिक क्रियाकलापमा संलग्न रहेको कुनै अभिलेख रहेको नदेखिएको, निजको उमेर र वारदात हुदाको परिस्थिति अवस्थालाई मध्यनजर गरी हेर्दा भवितव्य हो की भन्ने आशङ्का देखिने हुँदा निजलाई ऐनबमोजिमको सजाय गर्दा चर्को पर्ने देखिन आउने ।

तसर्थ प्रतिवादी शैलेन्द्रकुमार श्रेष्ठलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १७(३) नं.बमोजिम २ वर्ष कैद सजाय हुने र प्रतिवादी बसन्त श्रेष्ठलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं.बमोजिम सजाय हुने ठहर्याई पुनरावेदन अदालत, बुटवलबाट भएको मिति २०७०।२।१२ को फैसला मिलेको देखिँदा सदर हुने र प्रस्तुत वारदात हुँदाको अवस्था र परिस्थितिलाई हेर्दा प्रतिवादीमध्येका बसन्त श्रेष्ठलाई हदैसम्मको सजाय गर्दा चर्को पर्ने भई न्यायोचितसमेत नहुने हुँदा पुनरावेदक प्रतिवादी बसन्त श्रेष्ठलाई मुलुकी ऐन, अ.बं.१८८ नं.बमोजिम कैद वर्ष १० (दश) हुने ।

इजलास अधिकृतः आनन्दराज पन्त

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल चैत ६ गते रोज १ शुभम् ।

## इजलास नं. १६

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. डा. आनन्दमोहन भट्टराई,** ०७२-WO-०५५०, उत्प्रेषण, *शिला मैनाली, वि. त्रिभुवन विश्वविद्यालय, किर्तिपुरसमेत*

नर्सिङ क्याम्पस पोखराको रिक्त रहेको पदमा विज्ञापन गरी सो पदमा प्रतियोगीतात्मक परीक्षाद्वारा छनौट भई आएका उम्मेदवारहरूलाई सोही विज्ञापित पदमा नियुक्ति दिइनु पर्दछ । त्रि.वि.को कुनै निर्णयबाट छनौट भएका व्यक्तिलाई अन्यत्र नियुक्ति दिइन्छ भने त्यस्तो कार्यबाट विज्ञापित पदमा पदपूर्ति भयो भनी मान्न सकिने हुँदैन अर्को शव्दमा कमला ढकालको महाराजगञ्ज क्याम्पसमा दिईएको नियुक्तिबाट नर्सिङ क्याम्पस पोखरामा रिक्त पदमा पदपूर्ति भयो भनी मान्न मिल्ने देखिँदैन। तसर्थ नर्सिङ क्याम्पस पोखरामा रिक्त पदमा छनौट भएकी कमला ढकाल उक्त पदमा नियुक्ति लिन नगई बसेको भन्ने देखिन आउने।

सिफारिस भएकी मुख्य उमेदवारले नियुक्ति लिन नगएपछि वैकल्पिक उमेदवारलाई नियुक्ति गर्ने सम्बन्धमा भएको कानूनी व्यवस्था हेर्दा त्रि.वि. सेवा आयोग उपप्राध्यापक पदको नियुक्तिका आधार एवम् सिफारिससम्बन्धी प्रक्रिया, २०६६ को नियम १३(ङ)(२)(क) मा भएको व्यवस्थाबमोजिम सिफारिस गरीएको उम्मेदवारले नियुक्तिको सूचना पाएको वा सूचना प्रकाशित भएका मितिले १५ दिनभित्र नियुक्ति नलिएमा वैकल्पिक उमेदवारलाई नियुक्तिका लागि सिफारिस गर्नुपर्ने भन्ने कानूनी व्यवस्था आकर्षित हुने।

सफल उम्मेदवारले दरबन्दीका लागि विज्ञापित पदमा नियुक्ति लिन नगई अन्यत्रै नियुक्ति लिइसकेपछि कानूनतः विज्ञापित पदको नियक्तिलाई त्यागेको मान्नु पर्दछ । यस्तो स्थितिमा वैकल्पिक सूचीमा परेको व्यक्तिको सो पदमा नियुक्तिको हक सृजित हुन पुग्दछ । सफल हुने उमेदवारलाई नियुक्ति दिने निर्णय नै नगरेको र नियुक्ति नै नलिएको भन्ने आधारमा वैकल्पिक उमेदवारले दाबी लिन पाउँदैन भन्ने विपक्षीको जिकिर कानूनसम्मत देखिँदैन । उक्त उप-प्राध्यापक रिक्त पदमा वैकल्पिक उमेदवारलाई नियुक्ति नदिई पुनः सोही पदसमेत समावेश गरी विज्ञापन नं. १५।२०७२।०७३ बाट मिति २०७२।१०।१ मा अर्को विज्ञापन गरेको समेत देखिँदा सो विज्ञापित पदको विज्ञापनसमेत त्रुटिपूर्ण देखिन आउने।

अतः उल्लिखित आधार कारणहरूबाट त्रि.वि.द्वारा विज्ञापित वि.नं. ४\०६९\७० को चिकित्साशास्त्र अध्ययन संस्थानअन्तर्गत नर्सिङ क्याम्पस पोखरामा नर्सिङ विषयको उप प्राध्यापक पदमा यी निवेदिका वैकल्पिक उम्मेदवारको रूपमा सिफारिस भएको भन्ने कुरामा विवाद नरहेको र विज्ञापित पदमा सिफारिस भएकी कमला ढकालले नियुक्ति नबुझेपछि नियुक्ति पाउँ भनी यी निवेदिकाको निवेदन परिरहेको अवस्था देखिँदा सो पदलाई रिक्त मानी पुनः वि.नं. १५।०७२।०७३ मा विज्ञापन गरीएको कार्य त्रुटिपुर्ण देखिँदा उत्प्रेषणको आदेशले बदर गरी दिएको छ। अब निवेदिकालाई पोखरा नर्सिङ क्याम्पसको पूर्व विज्ञापित उप-प्राध्यापक पदमा नियुक्ति दिनु भनी विपक्षीहरूका नाउँमा परमादेशको आदेशसमेत जारी हुने।

इजलास अधिकृत: जीवनकुमार भण्डारी

इति संवत् २०७३ साल चैत १ गते रोज ३ शुभम्।

- यसै लगाउको ०७२-MS-००१५, अदालतको अवहेलना, *शिला मैनाली वि. इश्वरचन्द्र दत्त* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७३-RC-००३४, कर्तव्य ज्यान र जबरजस्ती करणी, *नेपाल सरकार, वि. सन्तोष भन्ने टंक आचार्य*

मिसिल संलग्न किटानी जाहेरी, प्रतिवादी स्वयम्को अनुसन्धान अधिकारी र अदालतसमक्ष भएको साविती बयान, शव परीक्षण प्रतिवेदन, घटना विवरण एवम् वस्तुस्थिति मुचुल्काका व्यक्तिहरूको बकपत्रसमेतका कागज प्रमाणबाट यी प्रतिवादी टंक आचार्यलाई मृतकले हत्यारा भनी लगाएको आरोप र निजसँग भएको वादविवादका कारण रिसइवी साँध्ने मनसायले घरमा सुतिरहेकी अवस्थामामध्ये राति गई निज सकुन्तलाको घाँटी थिची हात मुक्काले निधारमा प्रहार गरी कर्तव्य गरी निजकोसँग साथमा रहेको मोबाइल, कानमा लगाएको सुनको झुम्का एवम् घाँटीमा लगाएको चाँदीको सिक्रीसमेत जबरजस्तीका तबरले चोरी गरी लगेको कुरा शङ्कारहित तवरबाट प्रमाणित हुन आउने।

प्रतिवादी टंक आचार्यले गरेको उक्त कार्य मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. विपरीतको कसुर देखिँदा निजलाई सोही महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने र चोरीतर्फसमेत अभियोग दाबीबमोजिम सजाय हुने भनी सुरू संखुवासभा जिल्ला अदालतले गरेको फैसला सदर हुने ठहर्‍याएको पुनरावेदन अदालत, धनकुटाको मिति २०७३।३।२९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: इन्द्र बहादुर कठायत

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७३ साल पुस २७ गते रोज ४ शुभम्।

## इजलास नं. १८

**मा.न्या.श्री अनिल कुमार सिन्हा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७१-CR-०१८१ र ०७१-CR-०२६७, मानव बेचबिखन तथा ओसारपसार, *अमृतादेवी बुढा वि. नेपाल सरकार र नेपाल सरकार वि. अमृतादेवी बुढा*

वारदात रातको समयमा भएको कसुर अपराध देखिँदा सोको लागि पीडित नै मुख्य साक्षीको रूपमा रहेको अवस्था देखिन्छ। पीडिताले घटनालाई क्रमवद्धरूपले सिलसिलाबद्ध तरिकाबाट चित्रण गरी प्रष्टरूपले वारदातलाई समर्थित हुने गरी बकपत्र गरिदिएको देखिन्छ । उक्त अपराधको सम्बन्धमा प्रत्यक्षरूपले पीडितले नै अवगत गरेको देखेको भोगेको कुरालाई प्रष्टरूपमा गरीदिएको बकपत्रसमेतबाट कसुर स्थापित हुन आएको कुरा प्रस्टरूपले प्रमाणित हुन आएको देखिँदा पीडिताले बिनाकारण बिनाआधार प्रतिवादीलाई झुट्ठा पोल गरी जाहेरी दिनुपर्ने तथा अदालतमा आई बकपत्र गरिदिनुपर्नेसम्मको अन्य कारण केही देखिँदैन । त्यसरी हुँदै नभएको आरोप लगाउनुपर्ने अवस्था कारणसमेत प्रतिवादीले भन्न खुलाउन सकेको अवस्था देखिँदैन । घटना हुँदाको अवस्था परिस्थितिसमेतका परिस्थितिजन्य प्रमाणहरूबाट तथा तथ्यगत आधारहरूबाट समेत प्रतिवादीको कसुर स्थापित हुन आएको देखिने।

पीडितले सुरूमा जाहेरी दिँदा वर्ष १४ भनी लेखाएको र अनुसन्धान अधिकारीसमक्ष कागज गर्दा पनि वर्ष १४ नै भनी लेखाएको पाइन्छ । तर निज पीडितको जिल्ला प्रशासन कार्यालय, कैलालीबाट लिएको नागरिकताको प्रमाण पत्रको प्रतिलिपिमा जन्म मिति २०४८/११/२२ उल्लेख भएको देखिएको

छ । प्रस्तुत वारदातको घटना मिति २०६८/३/५ मा भएको देखिएको छ । मिति २०४८।११।१२ बाट वारदात हुँदाको मितिसमेतलाई विचार गर्दा पीडिताको उमेर १९ वर्ष पुगिसकेको देखिन्छ । उमेरको एकिन गर्नका लागि नागरिकताको प्रमाण पत्रमा स्पष्टरूपले उमेर खुलेको देखिँदा लिखित आधारबाट उमेर प्रस्ट भएको अवस्थामा अन्यथा भन्न सकिने तथ्यगत आधारबेगर नागरिकताको प्रमाण पत्रलाई नै उमेर खुलेको आधार मान्नुपर्ने देखिन आउने ।

पीडितको जाहेरी दरखास्त एवम् मौकाको कागज उक्त कागजलाई पुष्टि हुनेगरी अदालतमा गरेको बकपत्र, मौकामा कागज गर्ने पीडितका आमा कृष्णा मल्ल, बाबु चित्रबहादुर मल्ल र डम्वर बहादुर विष्टसमेतको कागज, प्रतिवादी अमृता देवी बुढाको अधिकारप्राप्त अधिकारीसमक्षको बयान र पीडितकी आमाको बकपत्रसमेतका कागज प्रमाणहरूका आधारमा प्रतिवादी अमृता बुढाले पीडित पार्वती मल्ललाई ललाई फकाई घरबाट वन समितिको भवन केटाहरू कृष्ण साउदसमेत भएको स्थानमा लगि कोठामा पस्न लगाई उक्त कोठामा वाहिरबाट ढोकामा ताला लगाई कृष्ण साउदसमेतका चारजना केटाहरूद्वारा जबरजस्ती करणी गर्न लगाई पीडितलाई वेश्यागमनमा लगाएको देखिँदा यी प्रतिवादीले मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४(ख) अनुसारको कसुरमा ऐ को दफा १५(१)(ख) अनुसार १० वर्ष कैद सजाय र रू.५०,०००।– जरिवाना गरी ऐको दफा १७ बमोजिम रू.२५,०००।– पीडितले क्षतिपूर्ति पाउने र ऐ को दफा २२ बमोजिम निजको उक्त कसुर नैतिक पतन हुने ठहर गरेको सुरू अदालतको फैसला सदर गरेको पुनरावेदन अदालतको फैसला परिवर्तन गर्नुपर्ने अवस्था नदेखिने ।

तसर्थ सुरू कैलाली जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, दीपायलको मिति २०७१।१।१५ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: भोजराज रेग्मी

कम्प्युटर: यामप्रसाद रेग्मी

इति संवत् २०७३ साल चैत ९ गते रोज ४ शुभम् ।

## एकल इजलास

**मा.न्या श्री गोपाल पराजुली,** ०७३-WO-०८८९, उत्प्रेषण / परमादेश, *महबुब शेष वि. मोहम्मद अहमद शेषसमेत*

अंश मुद्दाको सुरू कारबाही र किनारा गर्ने अधिकार कानूनले जिल्ला अदालतलाई सुम्पेको छ । मुद्दा निर्णयमा पुग्नुअघि वादीले लिएको दाबीलाई खण्डन गर्दै प्रतिउत्तरमा लिएको जिकिरसमेतका तथ्य सम्बद्ध कानूनको रोहमा उपयुक्त छन् छैनन् परीक्षण गरी विवाद निरूपण गर्ने सम्पूर्ण अधिकार सुरू जिल्ला अदालतको हो । मुद्दामा विचाराधीन प्रश्नको रोहमा तथ्य सङ्कलन गर्न जिल्ला अदालत स्वतन्त्र हुन्छ । माथिल्लो अदालतले प्रमाण बुझ्ने सन्दर्भमा हस्तक्षेप गर्ने हो भने प्रमाण बुझी निर्णय गर्न पाउने सुरू अदालतको क्षेत्राधिकारमा अतिक्रमण हुन जाने । जिल्ला अदालतले निर्णय गर्दा तथ्य र कानूनको प्रयोग र पालनामा त्रुटि गरेमा पुनरावेदनको रोहमा जिल्ला अदालतको इन्साफ जाँची सदर बदर उल्टी गर्ने अधिकार माथिल्लो अदालतलाई हुन्छ । परन्तु साधारण अधिकारक्षेत्रअन्तर्गत मुद्दाको विषयवस्तुको रोहमा तल्लो अदालतबाट भएको आदेश सम्बन्धमा असाधारण अधिकार क्षेत्रबाट माथिल्लो अदालतले बोल्दा प्रमाण बुझी स्वतन्त्र र निष्पक्ष रूपमा निर्णय गर्न पाउने तल्लो अदालतको अधिकार कुण्ठित हुन जाने ।

DNA परीक्षण गर्नु भनी जिल्ला अदालतबाट भएको आदेशअनुसार सम्बन्धित संस्थाले जाँच गरी दिएको परीक्षण प्रतिवेदन मुद्दाको निर्णय गर्दा जिल्ला अदालतले सम्बद्ध प्रमाणको रूपमा लिनुपर्ने थियो थिएन भन्ने विषय पुनरावेदनकै रोहमा हेरिनु पर्ने।

तसर्थ, जिल्ला अदालतमा दर्ता भएको विचाराधीन मुद्दाका विषयमा देखिएको विवादको समाधान गर्न प्रमाण बुझ्ने कार्यमा जिल्ला अदालत स्वतन्त्र हुने, जिल्ला अदालतबाट बुझ्नु पर्ने प्रमाण बुझेको छ, छैन, बुझेका प्रमाण विवादको विषय वस्तुसँग सम्बद्ध छन्, छैनन् भन्ने सम्बन्धमा पुनरावेदनको रोहमा प्रमाण ऐन, २०३१ को दफा ५४ बमोजिम जाँच गर्न सकिने नै देखिएकोमा रिट निवेदन मागबमोजिम सुरू क्षेत्राधिकार रहेको जिल्ला अदालतमा विचाराधीन मुद्दालाई असर पर्ने गरी प्रमाण नबुझ्नु भनी असाधारण अधिकार क्षेत्रअन्तर्गत रिट क्षेत्रबाट आदेश गर्न न्यायसम्मत नहुने हुँदा प्रस्तुत निवेदनमा विपक्षी झिकाई रहनु परेन। निवेदन खारेज हुने।

इजलास अधिकृतः कपिलमणी गौतम

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७३ साल फागुन १८ गते रोज ४ शुभम्।

**"मेलमिलाप गरौं, विवाद नबढाऔं"**

**- सर्वोच्च अदालत, मेलमिलाप समिति**